






याक आनुवांशिक स्रोत केन्द्र स्वर्ण जयन्ती स्मारिका - २०८०

# स्वर्ण जयन्ती स्मारिका

## (२०८०)



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

**याक आनुवांशिक स्रोत केन्द्र**

स्याङ्गबोचे, सोलुखुम्बु


GOVERNMENT OF NEPAL
WELCOME TO
YAK FARM
Syangboche, Solukhumbu
Government of Nepal
Ministry of Agriculture
Department of Livestock Services
Directorate of Livestock Production
Yak Development Farm
Estd.: 2030
Syangbouche, Solukhumbu, Ph: 038-540124


नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
पशु सेवा विभाग
पशु उत्पादन निर्देशनालय
याक विकाश फार्म
स्याङ्बोचे ,सोलुखुम्बु
" २०३० "










01/08/2013 20:40














28/11/2014 01:21





# स्वर्ण जयन्ती स्मारिका
# (२०८०)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

**याक आनुवांशिक स्रोत केन्द्र**

स्याङ्गबोचे, सोलुखुम्बु

२०८०

**संकलन, लेखन तथा सम्पादन**

डा. किरण पाण्डे

पशु विकास अधिकृत

याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्गबोचे, सोलुखुम्बु

kiranpandey5@gmail.com

**संकलन सहयोग**

श्री राम ललन यादव

पशु सेवा प्राविधिक

याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्गबोचे, सोलुखुम्बु

**प्रकाशकः**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

याक आनुवांशिक स्रोत केन्द्र

स्याङ्गबोचे, सोलुखुम्बु ।

फोन नं. ०३८५४०१२४

Email: yakfarm2075@gmail.com

छपाई संख्याः २०० प्रति

मुद्रणः नेपाल सपोर्ट प्रेस, अनामनगर, काठमाण्डौ

(यस प्रकाशनमा व्यक्त विचार लेखकका निजी विचार हुन्)

प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना

हिमाली क्षेत्रका जनताको जीविकोपार्जनको प्रमुख स्रोत रहेको याकको संरक्षण र प्रवर्द्धन गर्न स्थापित याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्बोचेले आफ्नो स्थापनाको स्वर्ण जयन्ती मनाउन लागेको थाहा पाउँदा खुशी लागेको छ।

कृषि प्रधान देश नेपालमा पशुपालनमार्फत गरिबी निवारण, खाद्य तथा पोषण, रोजगारी सिर्जना, जैविक उत्पादनका क्षेत्रहरूमा उल्लेखनीय योगदान भइरहेको विदितै छ। भौगोलिक विकटता रहेको हिमाली क्षेत्रमा पशुपालन जीविकोपार्जनको प्रमुख स्रोत रहेको छ। याक हिमाली क्षेत्रका बासिन्दाको दैनिक जीविकोपार्जनको लागि अत्यावश्यक पशु रहँदै आएको छ। पोषण, मल, ढुवानीको प्रयोजनको लागि याक नाक चौंरी झोप्क्योको प्रयोग भइरहेको छ। हिमाली पर्यावरण तथा जैविक विविधतामा समेत याकले मुख्य योगदान गरिरहेको छ। याकको चीज अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित बनेको छ र यसको माग निरन्तर बढ्दो छ। भौगोलिक विकटता तथा कठिन पेशा, बसाईंसराई, युवाहरूमा वैकल्पिक पेशा प्रतिको आकर्षण, व्यवसायिक विकासको अभाव, खर्कहरूको घट्दो उत्पादकत्व लगायतका कारण याक पालन व्यवसाय प्रति नयाँ पुस्ताको रुचि घट्दो रहेको देखिन्छ। पछिल्लो तथ्याङ्क अनुसार नेपालका २९ जिल्लाहरूमा करिब पैसट्ठी हजार याक चौंरी रहेका छन् जुन २० वर्ष पहिलेको भन्दा करिब आधा कम हो।

याकको दीर्घकालीन महत्व बुझेर यसको संरक्षण, विकास तथा प्रवर्द्धनको उदेश्य राखी राज्यले विक्रम संवत् २०३० बैशाख ७ गते स्थापना गरेको याक आनुवांशिक स्रोत केन्द्रले उद्देश्य अनुरुप कार्यहरू गरिरहेको जानकारी पाउँदा खुशी लागेको छ। संघीय संरचना, जैविक विविधताको संरक्षण तथा वर्तमान आवश्यकता अनुसार केन्द्रले आफ्ना कार्ययोजनाहरू विकास गरी राष्ट्रिय रुपमा याक र चौंरीको दिगो विकासमा नेतृत्वदायी योगदान गर्नेछ भन्ने मेरो विश्वास छ। यसमा सबै सरोकारवालाहरूको सक्रिय सहभागिता र योगदानको आवश्यकता पनि छ।

अन्त्यमा, याक आनुवांशिक स्रोत केन्द्रलाई यस अवस्थामा आउन योगदान गर्नुहुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दै स्वर्ण जयन्तीको अवसरमा थप सफलताका लागि शुभकामना व्यक्त गर्दछु।

१० चैत्र, २०७९

पुष्प कमल दाहाल 'प्रचण्ड'

नेपाल सरकार

**मा. डा. बेदुराम भुसाल**
**मन्त्री**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**
**इमेल:** bdrmbhusal@gmail.com
**अफिस इमेल:** minister@moald.gov.np

## शुभकामना

अत्यन्तै विकट स्थान तथा प्रतिकूल मौसममा पनि बाँच्न सक्ने क्षमता बोकेका याक तथा चौंरीको संरक्षण र विकासको लागि नेपाल सरकारले सोलुखुम्बुको स्याङ्गबोचेमा स्थापना गरेको **याक आनुवांशिक स्रोत केन्द्र** ले आफ्नो स्थापनाको ५०औं वर्ष पुरा गरी स्वर्ण जयन्ती मनाउन र स्मारिका प्रकाशन गर्न लागेको खबरले मलाई अत्यन्तै हर्षित तुल्याएको छ । यस महत्वपूर्ण अवसरमा सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । भौगोलिक विकटताका बाबजुद स्थापनाको पचास वर्षमा केन्द्रले प्रशंसनीय कार्यहरू गरेको थाहा पाउँदा खुशी लागेको छ ।

हिमाली क्षेत्रको गहना, जनताको दैनिक जीवनयापनसँग प्रत्यक्ष सम्बन्धित रहेको याकपालन व्यवसाय हिमाली क्षेत्रको पर्यावरण तथा सुन्दरता, पर्यटन प्रबर्द्धन, खाद्य तथा पोषण उपलब्धता एवं सामान ढुवानीको माध्यमका रूपमा परिचित छ ।

देश संघीय संरचनामा गइसकेपछि याक तथा चौंरीको दिगो संरक्षण, प्रवर्द्धन र उपयोगका कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्न तीनै तहका सरकारहरूको सहकार्य र समन्वय अनिवार्य छ । मुल्य शृङ्खला विकास तथा सशक्तिकरणमार्फत याक तथा चौंरी व्यवसायमा युवाहरूलाई आकर्षित गर्ने तथा तुलनात्मक लाभका उत्पादनहरूमार्फत वैदेशिक बजारमा गर्विलो उपस्थिति गराउन सकिएमा याक तथा चौंरीको संरक्षण र प्रवर्द्धन उत्साहजनक हुन जान्छ । यसको लागि याक तथा चौंरी मुल्य शृङ्खलाका सबै सरोकारवालाहरूको संयुक्त प्रयास आवश्यक छ ।

स्मारिका प्रकाशन कार्यमा अग्रसर **याक आनुवांशिक स्रोत केन्द्र** का प्रमुख डा. किरण पाण्डे र सम्पूर्ण टीमलाई धन्यवाद दिन चाहन्छु ।

डा. बेदुराम भुसाल
मन्त्री
**कृषि तथा पशुपन्छी विकास मन्त्री**

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

## शुभकामना

हिमाली क्षेत्रको सामाजिक, सांस्कृतिक तथा आर्थिक जीवनको आधार रहेको याकनाकको विकास, संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले वि.स. २०३० सालमा स्थापित याक आनुवांशिक स्रोत केन्द्रले स्थापनाको ५० वर्ष पुरा गरेको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। हिमाली जनजीवनको आधार रहेको याकनाक तथा चौंरीपालन व्यवसायलाई प्रवर्द्धन गर्न स्थापना गरिएको यस केन्द्रले ५० वर्षको समयमा उल्लेखनीय प्रगति गरेको थाहा पाउँदा निकै खुशी लागेको छ। भौगोलिक विकटता, पुर्वाधारहरुको अभाव, अत्यन्तै चिसो मौसमका बावजुद केन्द्रलाई यस अवस्थासम्म ल्याउन योगदान गर्नुहुने राष्ट्रसेवक कर्मचारी, कृषक र सरोकारवालाहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

हिमाली क्षेत्रको पर्यावरणीय सन्तुलन, कृषि तथा जडिबुटी उत्पादन, चरन विकास, पर्यटन प्रवर्द्धन, पोषण तथा खाद्य सुरक्षा र मालसामान ढुवानीलगायतका क्षेत्रहरुमा दिगो विकासको लागि याकनाक र चौंरी व्यवसाय अपरिहार्य रहेको छ। यद्यपि केहि समय यता स्थानीयहरु वैकल्पिक व्यवसाय प्रति आकर्षित हुनु, बाटो निर्माणका कारण ढुवानीको लागि याक प्रयोग नहुनु, अत्यन्तै दुःखको पेशा हुनु, चरन तथा आहाराको कमी हुनु, चरनमा भौतिक पूर्वाधारको कमी हुनु र तुलनात्मक रुपमा न्यून आम्दानीका कारण याकनाकपालन व्यवसाय वर्षेनी घट्दो क्रममा रहेको तथ्याकंले देखाउँछ। यस्ता आनुवांशिक स्रोत हाम्रा राष्ट्रिय सम्पत्ति हुन् र यिनीहरुको संरक्षण एवं प्रवर्द्धन गर्नु हामी सबैको दायित्व हो। राज्यले आनुवांशिक स्रोतको महत्वलाई मनन गरी नीति तथा कार्यक्रममार्फत लगानी गरिरहेको हामी सबैलाई अवगत छ। याकनाक चौंरीको मूल्य श्रृखंला अभिवृद्धिमा सरोकारवालाहरुले सक्रिय सहभागिता तथा योगदान गर्नु अहिलेको आवश्यकता हो।

स्थापनाको पचासौं वर्षको उपलक्ष्यमा स्वर्ण जयन्ती स्मारिका प्रकाशन गरी अग्रजका अनुभव, कृषकका विचारका साथै इतिहासलाई समेट्ने महत्वपूर्ण प्रयास गर्नुभएकोमा केन्द्रका प्रमुख डा. किरण पाण्डे र सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

२०७९ चैत्र ८
सिंहदरबार, काठमाडौं

डा. दीपक कुमार खराल
सचिव

ईमेल: info@moald.gov.np, वेवसाईट: www.moald.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५५२२०५६, ५५४४७२७
फ्याक्सः ५५४२९१५
वेबसाइटः www.dls.gov.np
इमेलः dg@dls.gov.np (DG)
infodls@dls.gov.np

पत्र संख्या :-

चलानी नं. :-

## शुभकामना

याक उच्च हिमाली क्षेत्रको गहना एवं जीवनशैलीको एक महत्वपूर्ण अंग हो। हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालीहरुको जीविकोपार्जन, खाद्य तथा पोषण सुरक्षा, आयआर्जन, प्राङ्गारिक पदार्थ एवं वातावरणीय सन्तुलनमा याकनाकले महत्वपूर्ण योगदान गरिरहेका छन्। भौगोलिक विकट क्षेत्रमा मालसामान ढुवानीको लागि याक अत्यावश्यक साधन पनि हो। हिमाली क्षेत्रमा पशुपालनको उच्च महत्व रहेको यथार्थलाई बुझी याकनाकको संरक्षण, प्रवर्द्धन र विकासको लागि नेपाल सरकारले वि.स. २०३० बैशाख ७ गते याक आनुवांशिक स्रोत केन्द्र (तत्कालिन चौंरी फार्म, पशु विकास फार्म, याक विकास फार्म)को स्थापना गरेको थियो। तत्कालिन समयमा पूर्वी नेपालमा याकनाकको विकासको लागि स्थापना गरिएको यो केन्द्रले हाल देशका विभिन्न क्षेत्रमा याकनाक विकासको जिम्मेवारी बोकेको छ। विविध कारण याकनाकपालन व्यवसायबाट कृषकहरु पलायन भईरहेको अवस्थामा यस व्यवसायलाई व्यवसायिक र नाफामुलक बनाउन तथा कृषकका समस्याहरु समाधान गर्न केन्द्र र पशु सेवा विभाग परिवार निरन्तर प्रयासरत रहेका छन्। हिमालको पर्यावरण जोगाउन याक अनिवार्य तत्व रहेको मनन गरी यसको संरक्षण, विकास र प्रवर्द्धनमा सबै सरोकारवालाहरुको सक्रिय भूमिका आजको आवश्यकता हो।

याक आनुवांशिक स्रोत केन्द्रले आफ्नो स्थापनाको स्वर्ण जयन्ती मनाइरहेको अवसरमा केन्द्रको विकासमा विभिन्न समयमा योगदान गर्नुहुने अग्रजहरु तथा हाल कार्यरत सबै कर्मचारीहरलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। स्थापनाको पचासौं वर्षको उपलक्ष्यमा स्वर्ण जयन्ती स्मारिका प्रकाशन गरी अग्रजका अनुभव, कृषकका विचारका साथै इतिहासलाई समेट्ने महत्वपूर्ण प्रयास गर्नुभएकोमा केन्द्रका प्रमुख डा. किरण पाण्डे र सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यो स्मारिका याक विकास तथा प्रवर्द्धनमा कोशेढुंगा बन्नेमा म विश्वस्त छु।

याक आनुवांशिक श्रोत केन्द्र स्थापनाको स्वर्ण जयन्तीको अवसरमा अग्रजहरु, कृषकहरु, व्यवसायीहरु, कर्मचारीहरु तथा सबै सरोकारवालाहरुमा हार्दिक शुभकामना सहित थप सफलताको कामना गर्दछु।

धन्यवाद।

२०७९ चैत्र १५
हरिहरभवन, ललितपुर

डा. सम्झना कुमारी काफ्ले पाण्डे
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

पत्र संख्या :
चलानी नं. :

हरिहरभवन, ललितपुर

# शुभकामना !

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत सञ्चालित याक आनुवांशिक श्रोत केन्द्रको स्थापना सोलुखुम्बु जिल्लाको स्याङ्गबोचेमा वि.स. २०३० साल बैशाख ७ गतेका दिन भएको हो। मूलतः परम्परागत रुपले पालिंदै आएका याक, नाक तथा चौंरीको उत्पादन तथा उत्पादकत्व सुधारका लागि कृषकहरुलाई गुणस्तरीय याक र नाक उपलब्ध गराउने हेतुले स्थापित यो केन्द्र, नेपालमा सरकारी स्वामित्वमा रहेको एक मात्र श्रोत केन्द्र पनि हो। हिमाली भेगका बासिन्दाको जीविकोपार्जनसँग प्रत्यक्ष सम्बन्ध राख्ने याक, नाक तथा चौंरीपालन पेशालाई व्यवस्थित, मर्यादित एवं नाफामूलक बनाउँदै व्यावसायिक दिगोपना सुनिश्चित गर्ने दिशामा यस केन्द्रले आफ्नो स्थापना काल देखिनै उल्लेखनिय भूमिका निर्वाह गर्दै आएको छ।

याक आनुवांशिक श्रोत केन्द्रले आफ्नो स्थापनाको ५०औं वर्ष पुरा गरि स्वर्ण जयन्ती मनाउन लागेको खबरले मलाई अत्यन्तै हर्षित तुल्याएको छ। स्वर्ण जयन्तीको अवसर पारेर प्रकाशन गर्न लागिएको स्मारिकामा याक चौंरी पालनका विविध पक्षहरु समेटिने विश्वास मैले लिएको छु। खासगरी याक तथा चौंरीपालन व्यवसायसँग सम्बन्धित कृषक, प्राविधिक, विकास कार्यकर्ता र अनुसन्धाताहरुका निम्ति समेत यो स्मारिका एक सन्दर्भ सामग्री बन्न सकोस भन्ने सुभेच्क्षा व्यक्त गर्दछु।

स्वर्ण जयन्तीको यस अवसरमा विषम भौगोलिक र वातावरणीय परिवेशमा स्थापित यस केन्द्रमा रहेर केन्द्र तथा याकचौंरी पालन व्यवसायको समुन्नतिका लागि स्थापना कालदेखि हालसम्म सेवा पुर्याउने सम्पूर्ण व्यक्तित्वहरु प्रति धन्यवाद र आभार व्यक्त गर्दछु। साथै आगामी दिनमा यस केन्द्रका गतिविधिहरु थप उँचाइमा पुगुन भन्ने शुभकामना समेत व्यक्त गर्दछु। स्वर्ण जयन्ती स्मारिका प्रकाशन कार्यमा संलग्न केन्द्रका प्रमुख डा. किरण पाण्डे र सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

२०७९ चैत्र १५
हरिहरभवन, ललितपुर

डा माधव प्रसाद अर्याल
प्रमुख

फोन नं.: ०१-५५४३०९०, ०१-५५२२०३१, ०१-५५४२९१४, ०१-५५३०८४६, फ्याक्स: ०१-५५४२०१६
Website: www.nlrmpo.gov.np, E-mail: info@nlrmpo.gov.np
"स्वच्छ र सवल निजामती प्रशासन, समृद्धि र सुशासन"

# धन्यवाद तथा शुभकामना

हिमाली जीवनको आधार रहेको याकनाक तथा चौंरीको संरक्षण, प्रवर्द्धन, विकास र दिगो उपयोगका कार्यक्रमहरु सञ्चालन गरी कृषकहरुलाई सेवा पुऱ्याउने उद्देश्यले वि.सं. २०३० बैशाख ७ गते स्थापना भएको याक आनुवांशिक स्रोत केन्द्रले आफ्नो ५० वर्षे यात्रा पुरा गरेको छ। सोलुखुम्बुको स्याङ्गबोचेमा अवस्थित यस केन्द्रले विभिन्न कठिनाइहरुलाई क्रमशः समाधान गर्दै आजको अवस्थामा आइपुगेको छ। भौगोलिक कठिनाइ एवं यातायात, सञ्चार, बिजुली, पानी लगायत सुविधाहरु नभएको अवस्थाहरुसँग जुध्दै याक आनुवांशिक स्रोत केन्द्रलाई आजको अवस्थामा आउन योगदान गर्नुहुने सबै अग्रजज्यूहरु प्रति म हार्दिक नमन गर्दछु। स्वर्ण जयन्ती मनाइरहेको अवसरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय तथा यस केन्द्रका सबै अग्रज एवम् वर्तमान कर्मचारी, नेपाल सरकारको विभिन्न निकाय, राजनीतिक नेतृत्व, किसान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, छिमेकी मित्रराष्ट्र लगायत सबै सरोकारवालाहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

विक्रम संवत २०२८/२९ मा राजा विरेन्द्र वीर विक्रम शाहदेवको भ्रमणको क्रममा खुम्बु क्षेत्रमा याकनाक संरक्षण तथा विकास कार्यक्रम माग गर्नुहुने र वि.सं. २०३० मा केन्द्र स्थापना समयदेखि निरन्तर सहयोग गर्नुहुने खुम्बु क्षेत्रका स्थानीय बासिन्दाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। खुम्बु क्षेत्रमा किसानका उत्पादनहरु (हे घाँस, आलु, फुर्चा घाँसको बीउ इत्यादी) केन्द्रले खरिद गर्ने तथा केन्द्रमा उत्पादित याकनाक तथा तिनका उत्पादनहरु(दूध, रौं इत्यादी) किसानहरुलाई बिक्रि वितरण मार्फत स्थानीय बासिन्दा र केन्द्रबिच सहकार्य र सहयोग हुँदै आएको छ। कृषकहरुलाई सीपमुलक तालिम, पशु स्वास्थ्य शिविर सञ्चालन, पशुपन्छीको औषधि उपचार, घाँसको बीउ वितरण, जनचेतनामुलक कार्यक्रम सञ्चालन, जंगली जनावरका कारण भएको क्षतीपूर्तिको लागि सिफारिश लगायतका कार्यहरु केन्द्रबाट हुँदै आएका छन्। खुम्बु क्षेत्रको सामाजिक विकासमा पनि केन्द्रले उल्लेखनीय भूमिका खेलेको छ। अहिले भइरहेका कार्यहरुको निरन्तरता र बढोत्तरी, केन्द्रको उद्देश्य प्राप्ती र यस क्षेत्रमा पशुपालन तथा पशुपालन मार्फत विकास तथा पर्यटकीय सम्भावनाहरुको अन्वेषण तथा कार्यान्वयनको कार्यमा स्थानीय बासिन्दा र नेतृत्वसँग सहकार्य र समन्वय गर्न केन्द्र तत्पर रहेको छ।

स्थापनाको समयमा तिब्बतबाट ४८ याकनाक आयात गरी याक आनुवांशिक स्रोत केन्द्रको स्थापना गरिएको थियो। दोस्रो पटक वि.सं. २०७१ सालमा हिमाली आयोजनाको आ.व. २०७०/७१ को वार्षिक कार्यक्रम मार्फत तिब्बतबाट २५ नाक र ५ याक आयात गरि केन्द्रमा वंशानुगत सुधार गरिएको थियो। पचास वर्षको अवधिमा केन्द्रले पाचँसय भन्दा बढी याकनाक बिक्रिवितरण गरिसकेको छ भने हाल केन्द्रमा १५५ याकनाक रहेका छन्। उच्च उत्पादनशिल याकनाकको छनोट गर्न तथ्याकंको उचित संकलन तथा विश्लेषण गरी प्रजननमा (कृत्रिम र प्राकृतिक) प्रयोगको स्पष्ट कार्यदिशा निर्माण आवश्यक छ।

वर्तमान परिवेशमा याक आनुवांशिक स्रोत केन्द्रको भूमिका फेरिएको छ। संघीय संरचनामा संघ, प्रदेश र स्थानीय तहका आ-आफ्नै कार्यक्रमहरु रहेका छन्। संघ अन्तर्गतको केन्द्रले याक आनुवांशिक स्रोतको संरक्षण, प्रवर्द्धन तथा दिगो विकासको लागि राष्ट्रिय सम्पर्क कार्यालयको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ। केन्द्रमा रहेको आनुवांशिक स्रोतलाई याक चौंरी पालिने नेपालका सबै जिल्लाहरुमा उपलब्ध गराई याकको नश्लीय सुधार गरी उत्पादन र उत्पादकत्व बढाउने कार्यको नेतृत्व जिम्मेवारी यस केन्द्रको भएको छ। यसका लागि याकको वीर्य

संकलन, प्रशोधन तथा वितरणको सम्भाव्यता अध्ययन र योजना तर्जुमा गरी कृत्रिम गर्भाधानको कार्यक्रमलाई हिमाली जिल्लाहरुमा विस्तारित गर्नुपर्दछ। किसानको माग अनुसार चौंरी गाई उपलब्ध गराउन चौंरी स्रोत केन्द्र स्थापनामा प्राविधिक सहयोग गर्न यस केन्द्रले आवश्यक मापदण्डको निर्माण गर्नुपर्दछ। 'Center of Excellence' को रुपमा स्थापित हुन र याकनाक तथा चौंरीपालनमा असल अभ्यासको स्थापना गर्न केन्द्रले आफुलाई भौतिक तथा नीतिगत रुपमा तयार राख्नुपर्दछ। राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा उच्च माग रहेको 'याक चीज' को प्रवर्द्धन गर्न गुणस्तरीय उत्पादनतर्फ किसान र व्यवसायीलाई प्रेरित र नियमन गर्नु वर्तमान समयको माग हो। जंगली जनावरबाट याकनाकको सुरक्षा, चरन क्षेत्रको विकास, कृषकको क्षमता विकासका कार्यक्रमहरुमा केन्द्रले प्राथमिकता दिई कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ।

अग्रजहरुका अनुभवहरु सुन्दा पचास वर्षको अवधिमा केन्द्रमा भौतिक पूर्वाधारमा उल्लेखनीय सुधार भएको छ। सबैभन्दा माथिल्लो जोङ्ला खर्कमा गोठ तथा कर्मचारी आवास निर्माण भएको छ भने अन्य खर्कहरुमा पनि गोठ निर्माण भएका छन्। आ.व. २०७८/७९ मा होरसे र फुलुङ मा ११ रोपनी जमिन थप भएको छ। स्याङ्गबोचेमा भौतिक पूर्वाधारहरु सुविधायोग्य बनाइएका छन् भने बहुउपयोगी कार्यालय भवन निर्माण सम्बन्धी योजना अगाडी बढिरहेको छ। वि.सं. २०७२ सालमा गएको भुकम्पका कारण क्षती भएका पूर्वाधारहरुको निर्माण समयमै सकिएका छन् भने हिमाली आयोजना मार्फत पूर्वाधारहरु थप भएका छन्। जुनबेशिमा रहेको जमिनको उपयोगबारे योजना बनाउन जरुरी छ। याकनाकको आहारा(घाँस, आलु)मा आत्मनिर्भर बन्न थप जमिनको व्यवस्था गर्नु दीर्घकालिन रुपमा उचित हुन्छ। केन्द्रलाई पर्यटनसँग जोड्न 'याक म्युजियम तथा सूचना केन्द्र'को स्थापना आवश्यक छ।

हाम्रो अनुरोधलाई स्वीकार गरी स्वर्ण जयन्तीको अवसरमा प्रकाशन गर्न लागिएको 'स्वर्ण जयन्ती स्मारिका' मा लेख रचना तथा फोटोहरु प्रेषण गरिदिइ स्मारिका प्रकाशन कार्यलाई सफल बनाइदिनु भएकोमा सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। स्मारिकामा शुभकामना सन्देश प्रदान गर्नुभएकोमा सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड', माननीय मन्त्री डा. बेदुराम भुसाल, श्रीमान् सचिव डा. दीपक कुमार खराल, श्रीमान् महानिर्देशक डा. सम्झना कुमारी काफ्ले पाण्डेमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु। स्मारिका प्रकाशनको लागि शुभकामना सन्देश तथा लेख सहित हौसला बढाइदिनुभएकोमा राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयका प्रमुख डा. माधब प्रसाद अर्यालमा आभार व्यक्त गर्दछु। स्मारिका प्रकाशनमा सहयोग गर्नुहुने केन्द्रका पशु सेवा प्राविधिक श्री राम ललन यादव, विभिन्न फोटोहरु उपलब्ध गराईदिनु हुने डा.सुरज सुवेदी, बद्री प्रसाद पौडेल र अन्य सहयोगी मनहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। नेपालमा याकनाक तथा चौंरी विकासको लागि यो स्मारिका महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु।

स्रोत केन्द्रको स्थापनादेखि हालसम्म प्रत्यक्ष र अप्रत्यक्ष योगदान पुऱ्याउनु हुने सम्पूर्ण व्यक्तित्वहरुमा धन्यवाद र आभार व्यक्त गर्दै केन्द्रको थप सफलताको कामना गर्दछु।

धन्यवाद।

**डा. किरण पाण्डे**
पशु विकास अधिकृत
याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्गबोचे, सोलुखुम्बु।
२०७९/१२/२१

# विषय सूची


| क्र.स. | विषय | पेज नम्बर |
|---|---|---|
| १ | याक आनुवांशिक स्रोत केन्द्रको परिचय | १ |
| २ | स्रोत केन्द्रका सफल कार्यहरु | ४ |
| ३ | स्रोत केन्द्रका समस्या तथा भावी योजनाहरु | ७ |
| ४ | केन्द्रको जग्गा सम्बन्धी विवरण | ११ |
| ५ | घुम्ती गोठको व्यवस्थापन | १३ |
| ६ | कर्मचारी संगठन तालिका | १४ |
| ७ | तथ्यांकमा याकनाक तथा चौंरी | १५ |
| ८ | याक आनुवांशिक स्रोत केन्द्रमा काम गर्दाको अनुभव र स्थानीय स्तरमा याकको महत्व | १६ |
| ९ | याक विकास फार्म स्याङ्गबोचेमा कार्यरत रहँदाको मेरो अनुभूति | २१ |
| १० | परिवर्तित सन्दर्भ र याक तथा चौंरीपालनः सगरमाथा पदमार्ग केन्द्रित एक अनुभव | २४ |
| ११ | तिब्बतबाट याक र नाक आयातः एक सहभागीको अनुभव | २९ |
| १२ | याक फार्मः भोगाइ र अनुभव | ३७ |
| १३ | याक फार्ममा कार्यगर्दाको केही अनुभव | ४१ |
| १४ | नेपालमा याक तथा चौंरीको संरक्षण र प्रवर्द्धनमा याक तथा चौंरी कृषक महासंघको भूमिका | ४४ |
| १५ | ICIMODs efforts towards conservation and development of high-altitude rangelands and yak farming in Nepal and other parts of the Southern Himalayas | ४९ |
| १६ | याकपालन व्यवसाय जोखिममा रहेको छ | ५१ |
| १७ | याक फार्मसँग जीवनभर नमेटिने यादहरु रहेका छन् | ५३ |
| १८ | मेरो जीवन याकनाकको सेवामा बित्यो | ५५ |
| १९ | स्याङ्गबोचेसँगको साइनो र केही अनुभव | ५७ |
| २० | निरिक्षण र अनुगमनको इतिहास | ५९ |
| २१ | विभिन्न तस्विरहरु | ६३ |

# स्थापनादेखि हालसम्म स्रोत केन्द्रका प्रमुखहरु



डा. प्रवेशमान सिंह प्रधान
२०३०/०१/०७–२०३५/१०/३०

श्री सरल गौचन थकाली
२०३५/११/०१–२०३९/०८/२२

श्री पञ्च कृष्ण श्रेष्ठ
२०३९/०८/२३–२०४०/०६/०८
२०४१/०५/१३–२०४४/०४/३०
२०४५/०८/१३–२०४६/०२/३२

श्री प्रकाश विष्ट
२०४०/०९/०६–२०४१/०४/२२



श्री राममणि पौडेल
२०४४/०८/१३–२०४५/०६/३०



श्री कृष्ण प्रसाद शर्मा
२०४६/०२/१२–२०४९/०४/०९



श्री दामोदर न्यौपाने
२०४९/११/०६–२०५२/०५/२१



श्री क्षेत्र बहादुर के.सी.
२०५२/०५/२१–२०५४/०७/२०



श्री श्याम प्रसाद पौडेल
२०५४/०७/२१–२०५४/१०/१४



श्री रामचन्द्र देवकोटा
२०५४/११/१२–२०६०/१०/२९
२०६३/११/०१–२०६४/०३/३२



डा. पुष्कर बहादुर भट्टराई
२०६०/१०/१३–२०६१/१०/१२



श्री दीर्घराज थापा
२०६१/१०/१३–२०६३/०९/३०
२०६४/०४/०६–२०७०/०९/३०



श्री मटुकलाल चौधरी
२०७०/११/०१–२०७४/०६/०१



श्री राम ललन यादव
२०७४/०६/०२–२०७४/११/२१



श्री रामनन्दन चौधरी
२०७४/११/२२–२०७६/०२/२५



श्री जीवलाल लम्साल
२०७६/०२/२६–२०७७/०६/०२



श्री रामचन्द्र पुडासैनी
२०७७/०६/२५–२०७९/०४/१४



डा. किरण पाण्डे
२०७९/०४/१५ देखि हालसम्म


केन्द्र परिसर

# याक आनुवांशिक स्रोत केन्द्रको परिचय




सोलुखुम्बु जिल्लाको नक्शामा याक आनुवांशिक स्रोत केन्द्र

याक आनुवांशिक स्रोत केन्द्र कोशी प्रदेशको दुर्गम हिमाली जिल्ला सोलुखुम्बुको खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं. ४ स्याङ्गबोचेमा अवस्थित रहेको छ । समुन्द्री सतहबाट करिब ३,८३० मिटरको उचाइमा अवस्थित यस फार्मको स्थापना विक्रम संवत २०३० साल बैशाख ७ गते भएको थियो । स्वर्गीय राज विरेन्द्र यस क्षेत्रको भ्रमणमा आएको अवसरमा यहाँका कृषकहरुले याक प्रवर्द्धनको लागि सरकारी पहलको माग गरे अनुसार यो केन्द्र स्थापना भएको थियो ।

स्थापना कालमा यस फार्मको नाम चौंरी फार्म रहेको भएतापनि आर्थिक वर्ष २०३६/३७ मा नाम परिवर्तन भई पशु विकास फार्म रह्यो । यस्तै, विक्रम संवत २०६१ साल बैशाख १ गतेदेखि याक विकास फार्मको नामले चिनिन थालेको यस फार्मलाई नेपाल संघीय संरचनामा गईसकेपछि मिति २०७५ साल श्रावण १ गते देखि याक आनुवांशिक स्रोत केन्द्रको रुपमा चिनिएको छ ।

याकनाकको संरक्षण, प्रवर्द्धन तथा विकासको लागि स्थापित यो नेपालको एकमात्र सरकारी संस्था हो । नेपालका २९ जिल्लाहरुमा याकनाक तथा चौंरी पालन गर्ने गरिएको छ र नेपालभरीकै स्रोतकेन्द्रको रुपमा यो केन्द्र रहेको छ ।

स्थापनाको पहिलो वर्ष तिब्बतबाट ४८ याकनाक खरिद गरी ल्याइएको थियो भने २०७१ सालमा हिमाली आयोजनाको सहयोगमा २५ नाक र ५ याक खरीद गरि ल्याइएको थियो । फार्मका पशुहरुमा हाडनाता प्रजनन हुन नदिन समयसमयमा कृषकहरुबाट याक खरिद गर्ने पनि गरिएको छ । हाल फार्ममा शुद्धनश्लका सबै उमेर समूहका गरी जम्मा १५५ याकनाक रहेका छन् । हालसम्म केन्द्रबाट ५०० भन्दा बढी याकनाक कृषकहरुलाई विक्रि वितरण गरिएको छ । केन्द्रबाट दूध, पु र चिर्पा (रौं), फुर्चा घाँसको बीउ उत्पादन गरी बिक्रि गर्ने गरिएको छ ।

### फार्मको क्षेत्रफल तथा भू-उपयोग विवरण

केन्द्रसँग हाल करिब ३४२ रोपनी जमिन रहेको छ ।

| क्र.स. | विवरण | क्षेत्रफल (रोपनी) |
|---|---|---|
| १ | भवनहरु रहेको जग्गा | ६ |
| २ | ढुङ्ग्यान वाहुल्य भएको चरन | ५० |
| ३ | बुट्यान | ५० |
| ४ | घास उत्पादन तथा चरन | १९२ |
| ५ | सार्वजनिक बाटोमा प्रयोग भएको | ६ |
| ६ | जुनवेशी | १८ |
| ७ | जोङ्लामा घुम्ती गोठ र घर (भोग चलन मात्र, निकुञ्जको जग्गा) | २० |

### हाल संचालनमा रहेका खर्कहरु र तिनको व्यवस्थापन

यस फार्मले प्रयोग गर्ने ८ वटा खर्कहरु रहेका छन् । सबै खर्कहरु सगरमाथा राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्दछन् ।

| क्र.सं. | खर्कको नाम | स्याङ्गबोचेबाट दुरी (कोष) | समुद्री सतहबाट उचाइ (मिटर) | भाडामा लिइएको क्षेत्रफल | चरनको क्षेत्रफल | चरनको समय |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्गबोचे | ० | ३८३० | १५ हेक्टर (आफ्नै जमिन) | ८० हेक्टर | पौष देखि फाल्गुण अन्तिमसम्म |
| २ | होरसे | १२ | ४२०० | १ हेक्टर | ४० हेक्टर | चैत्रको पहिलो हप्ता देखि दोस्रो हप्ता सम्म |
| ३ | चुरा | १२ | ४३५० | १.५ हेक्टर | ५० हेक्टर | चैत्रको तेस्रो हप्ता देखि बैशाखको पहिलो हप्ता सम्म |
| ४ | फाम्टाङ | १३ | ४३५० | १ हेक्टर | ५० हेक्टर | बैशाखको दोस्रो हप्ता देखि तेस्रो हप्ता सम्म |
| ५ | फिरुचे | १३ | ४५०० | १.५ हेक्टर | २५० हेक्टर | बैशाखको चौथो हप्ता देखि जेष्ठको पहिलो हप्ता सम्म |
| ६ | नावाङ | १३ | ४५०० | ३.५ हेक्टर | २५० हेक्टर | जेष्ठको दोस्रो हप्ता देखि जेष्ठको चौथो हप्तासम्म |
| ७ | फुलुङ | १४ | ४६०० | १ हेक्टर | २५० हेक्टर | असारको पहिलो हप्ता देखि असार दोस्रो हप्ता सम्म |
| ८ | जोङ्ला | १६ | ४९८० | | ३०० हेक्टर | असार तेस्रो हप्ता देखि भदौको अन्तिम सम्म |

मौसम अनुसार समयतालिकामा केही हेरफेर हुन सक्दछ । जोङ्लाबाट गएकै बाटोबाट स्याङ्गबोचे फर्किन्छन् ।

### स्रोत केन्द्रका मुख्य उद्देश्य

याकनाक तथा चौंरी नेपालको हिमाली क्षेत्रमा पाइने अत्यन्त महत्वपूर्ण जनावर हो । जैविक विविधताले धनी राष्ट्र नेपालमा २६ जातका पशुपन्छी स्थानीय जातका रहेका छन् र यी मध्ये याकनाक एक रहेको छ । याकनाकलाई 'हिमालको मणि' भनेर पनि चिनिन्छ । हिमाली जनताको जीविकोपार्जनको प्रमुख स्रोत रहेको याकनाकको सामाजिक र सांस्कृतिक महत्व पनि उत्तिकै रहेको हुँदा याकनाकको संरक्षण र विकास गर्न नेपाल सरकारले याक आनुवांशिक स्रोत केन्द्रको स्थापना गरेको हो । केन्द्रका मुख्य उद्देश्य निम्न रहेका छन् ।

१. राष्ट्रियस्तरमा याक र नाकको न्युक्लियस हर्डको विकास, विस्तार र व्यवस्थापन गर्ने ।
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका नविनतम प्रविधिहरुको अध्ययन गरी उपयुत्त प्रविधि कृषकमाझ विस्तार गर्ने ।
३. याक आनुवांशिक स्रोतको संरक्षण संवर्द्धधन र सदुपयोग गर्ने ।
४. लेकाली घाँस तथा चरन विकास सम्बन्धी प्रविधिको विकास र विस्तार गर्ने ।
५. याकपालन व्यवसायलाई कृषि पर्यटनको अवधारणा अनुरुप विकास, विस्तार तथा संरक्षण गर्ने ।

### स्रोत केन्द्रको कार्य विस्तृतिकरण

१. याकको जातीय शुद्धता कायम गर्ने ।
२. राष्ट्रियस्तरमा याकनाक तथा चौंरीहरुको न्युक्लियस र मल्टीप्लायर हर्डहरुको स्थापना तथा व्यस्थापन गर्ने ।
३. याकनाक तथा चौंरीको उत्पादकत्व बढाउन प्रविधिहरुको विकास र विस्तार गर्ने ।
४. याक विकासका नविनतम प्रविधिहरुको उपयोग गरी याकको बाह्य स्रोत विकासका कार्यक्रमहरु संचालन गर्ने ।
५. याकनाक तथा चौंरीको *in situ* तथा *ex situ* संरक्षण, संवर्द्धधन, प्रवर्द्धन र सदुपयोग गर्दै राष्ट्रियस्तरमा याकनाक तथा चौंरी आनुवांशिक जैविक विविधताको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
६. राष्ट्रियस्तरमा पशु आहारा सम्बन्धी नविनतम प्रविधिहरुको अनुसरण र विस्तार गर्ने ।
७. नेपाल कृषि अनुसन्धान परिषद्, विश्वविद्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँगको सहकार्यमा याक, नाक र चौंरी विकाससँग सम्बन्धित विभिन्न अध्ययन, अनुसन्धान तथा प्रविधिको विस्तार गर्ने ।
८. याकनाक तथा चौंरी विकाससँग सम्बन्धित विषयहरुमा राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयको समन्वयमा स्थानीय र प्रादेशिक तहसँग सहकार्य गर्ने ।
९. राष्ट्रियस्तरमा याकनाक तथा चौंरीको विविध पक्षहरुमा क्षमता अभिवृद्धिका लागि स्थलगत तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।
१०. शितोष्ण घाँसका प्रजातीहरुको विकास र विस्तार गर्ने ।
११. केन्द्र तथा बाह्य स्रोत विकास कार्यक्रम अन्तर्गत रहेका याकनाक तथा चौंरीको अभिलेखिकरण, तथ्यांक विश्लेषण तथा प्रकाशनका कार्यहरु गर्ने ।

### मुख्य मुख्य कार्यक्रमहरु

१. याकनाकपालन र उत्पादन ।
२. याकनाक तथा चौंरी सम्बन्धी राष्ट्रिय फोकल अफिसको रुपमा कार्य गर्ने ।
३. याकनाक आनुवांशिक स्रोतहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने ।
४. याकनाकपालन सम्बन्धी उपयुक्त प्रविधिहरुको प्रचार प्रसार गर्ने ।
५. याकनाक सम्बन्धी राष्ट्रियस्तरको योजना तर्जुमा र नीति नियम बनाउन सहयोग पुऱ्याउने ।
६. सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य ।

# स्रोत केन्द्रका सफल कार्यहरु

## १. याकनाकपालन, न्यूक्लियस हर्ड व्यवस्थापन तथा आनुवांशिक संरक्षण

भौगोलिक कठिनाईको बाबजुद पनि स्रोत केन्द्रले याक न्यूक्लियस हर्डको व्यवस्थापन गर्दै आएको छ। हाल यस केन्द्रमा १५५ स्टक रहेकोमा आगामी ५ वर्ष भित्र २०० पुऱ्याउने लक्ष्य रहेको छ। पशु आहारा, पशु स्वास्थ्य तथा अन्य प्राविधिक एवं व्यवस्थापकीय पक्षको उचित प्रबन्ध गर्दै शुद्ध नश्लका याकनाकपालन गरिएको छ। नश्ल सुधारको लागि तिब्बतबाट याकनाकहरु ल्याई प्रजननको कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउदै लगिएको छ।

उच्च पहाडी क्षेत्रको सम्पत्तिको रुपमा रहेको याकनाक दिनानुदिन घट्दै गईरहेको परिप्रेक्ष्यमा यस्ता स्रोतहरुलाई भविष्यका सन्ततिहरुले समेत उपभोग गर्न सक्ने उपयुक्त वातावरण सृजना गरी हिमाली क्षेत्रमा उपलब्ध चरन खर्कको सदुपयोग गर्दै याकनाकपालन व्यवसायलाई प्रवर्द्धन गर्ने कार्य केन्द्रले गरिरहेको छ।

## २. याकनाकजन्य उत्पादन

दूध, बाच्छाबाच्छी, मल र रौं याकनाकजन्य उत्पादन अन्तर्गत पर्दछन्। यस स्रोत केन्द्रमा हाल नाकको दूध उत्पादन अवधि ७५ दिन रहेकोमा आगामी ५ वर्ष भित्र १०० दिन पुऱ्याउने लक्ष्य लिइएको छ। वार्षिक ९०० देखि ११०० ली दूध उत्पादन भइरहेकोमा आगामी ५ वर्ष भित्र वार्षिक १६०० लिटर पुऱ्याउने लक्ष्य लिइएको छ। यस्तै, वार्षिक ३० देखि ४० बाच्छाबाच्छी उत्पादन हुने गरेकोमा आगामी ५ वर्ष भित्र वार्षिक ६० देखि ७० पुऱ्याउने लक्ष्य रहेको छ। यसरी यस स्रोतकेन्द्रबाट हाल वार्षिक ३ देखि ५ लाख राजश्व संकलन हुँदै आएकोमा आगामी ५ वर्ष भित्र वार्षिक १० लाख पुऱ्याउने लक्ष्य रहेको छ।

## ३. कृषकहरुलाई बाच्छाबाच्छी वितरण

यस केन्द्रको प्रमुख कार्य केन्द्रमा उत्पादन हुने गरेका प्रजनन् योग्य र उत्पादनशील बाच्छाबाच्छी कृषकहरुलाई वितरण गरि याकनाकजन्य वस्तुको उत्पादनमा महत्वपूर्ण टेवा पुऱ्याउनु हो। हाल वार्षिक २० देखि ३० गोटा बाच्छाबाच्छी कृषकहरुलाई वितरण गर्ने गरिएकोमा आगामी ५ वर्षमा वार्षिक ५० बाच्छाबाच्छी कृषकहरुलाई वितरण गर्ने लक्ष्य केन्द्रले लिएको छ।

## ४. स्थानीय कृषकहरुका पशुपंछीको उपचार

स्याङ्गबोचे र आसपासका गाउँहरूमा पशु चिकित्सा सेवाको अभाव रहेको हुँदा यस स्रोत केन्द्रले बिरामी घाइते पशुपन्छीको उपचार तथा औषधि, मिनरल मिक्सर उपलब्ध गराउने गरेको छ। सिमित स्रोतसाधनको बाबजुद केन्द्रले प्रत्येक वर्ष करिब ५०० पशुपंछीहरुको उपचार गरी एक सय भन्दा बढी कृषकलाई सेवा प्रदान गर्ने गरेको छ।

## ५. जंगली जनावरबाट भएको हानी नोक्सानीको क्षतीपूर्तिको लागि सहजिकरण

यो क्षेत्रमा सगरमाथा राष्ट्रिय निकुञ्ज रहेको हुँदा जंगली जनावरको आक्रमणबाट घरपालुवा जनावरहरुको मृत्युहुने गरेको छ। विगत केही वर्षको तथ्यांक अध्ययन गर्दा वार्षिक करिब ३०० पशुहरुलाई जंगली जनावरले आक्रमण गरी क्षती पुऱ्याउने गरेको छ। सगरमाथा राष्ट्रिय निकुञ्जले जंगली जनावरका कारण भएको क्षतीको पूर्ति गर्ने गरेको छ। कृषहकरुलाई क्षतीपुर्ति पाउन आवश्यक पर्ने सिफारिस केन्द्रले गर्ने गरेको छ।

## ६. चरनखर्क व्यवस्थापन

हिमाली भेगमा चरनखर्क पशु आहाराको प्रमुख स्रोत हो। सगरमाथा राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने खर्कहरुको जलवायु अनुकुलन पद्धति अनुसरण गर्दै व्यवस्थापन, संरक्षण र उपयोग गरिदै आएको छ। राष्ट्रिय निकुञ्जसँग समन्वय गरी प्रत्येक वर्ष २००० देखि ३००० हेक्टर खर्कमा झाडी बुट्यान पन्छाउने, अस्थायी बारबन्देज गर्ने, स्थानीय घाँसहरुको संरक्षण र प्रवर्द्धन गर्ने, उन्नत घाँसहरु छर्ने, बाटो बनाउने, पानीको व्यवस्थापन गर्ने लगायतका कार्यहरु गरिदै आएको छ।

## ७. हे उत्पादन तथा पशु आहारा व्यवस्थापन

विशेषगरी हिउँदको समय (कार्तिक देखि चैत्रसम्म) यस भेगका पशुहरुको महत्वपूर्ण आहाराको रुपमा हे र आलु हुने गर्दछ। वर्षायाममा उपयुक्त अवस्थाको घाँस काटी सुकाएर हे बनाईन्छ र त्यसलाई उपयुक्त स्थानमा भण्डारण गरिन्छ। वार्षिक रुपमा यस केन्द्रमा ३० देखि ३५ मेट्रिक टन हे उत्पादन हुन्छ भने अपुग रहेको करिब ३५ देखि ४० मेट्रिक टन हे स्थानीय कृषकहरुबाट किन्ने गरिएको छ। साथै, वार्षिक ५० मेट्रिक टन आलु पनि स्थानीय कृषकसँग किन्ने गरिएको छ। स्थानीय कृषकहरुलाई घाँस तथा हे उत्पादन सम्बन्धमा तालिम तथा अन्य जानकारी गराउने गरिएको छ। त्यसैगरी याकनाकको शारीरिक तथा उत्पादन अवस्था अनुसार मिनरल मिक्चर, अण्डा, तेल, पिठो, भिटामिन तथा अन्य फिड एडिटीभहरु खुवाउने गरिएको छ।

## ८. कृषकहरुलाई पशुपालन सम्बन्धी प्राविधिक ज्ञान तथा जनचेतना

केन्द्रले समय समयमा याकनाक तथा चौंरीपालनको प्रजनन, आहारा, स्वास्थ्य, व्यवस्थापन तथा उत्पादन विविधिकरण सम्बन्धी तालिम सञ्चालन गर्ने गरेको छ। यस्ता तालिम कार्यक्रमहरुबाट प्रत्येक वर्ष १०० भन्दा बढी स्थानीय कृषकहरु लाभान्वित हुने गरेका छन् र तालिमबाट कृषकहरुमा चेतना र ज्ञानको अभिवृद्धि भई पशुपालनमा ठूलो सहयोग पुगेको छ।

## ९. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा

खुम्बु क्षेत्रको प्रमुख आकर्षण यहाँको भूगोल, हिमाल र रितीरिवाज हुन्। हिजोआज याक पनि एउटा आकर्षणको केन्द्र रहँदै आएको छ। याक हिन्दुकुश हिमालय क्षेत्रमा मात्र पाइने भएकोले पर्यटकहरुमा विशेष आकर्षण रहेको छ। पर्यटकहरू याक हेर्न आउने, याकसँग फोटो खिचाउने र नाकको दुध खान रुचाउने जस्ता कारणहरुले गर्दा यस क्षेत्रको पर्यटन व्यवसायमा यस स्रोत केन्द्रले महत्वपूर्ण टेवा पुर्‍याएको छ।

## १०. जंगली जनावरहरुबाट याकनाकको संरक्षण

विगत ५/६ वर्ष देखि जंगली कुकुर, ब्वाँसो, हिउँ चितुवा जस्ता जंगली जनावरले यहाँका स्थानीय कृषकका पशु तथा यस केन्द्रको याकनाकमा समेत आक्रमण गरि क्षती पुर्‍याईरहेको छ। १५-२० वर्ष पहिला पनि यो समस्या रहेको पाइन्छ तर बीचमा देखिएको थिएन। यस सन्दर्भमा यहाँका स्थानीय निकाय, कृषक तथा राष्ट्रिय निकुञ्जसँग समन्वय गरी पशुधन क्षतीको न्यूनिकरणको लागि आवश्यक पहल गरिएको छ। त्यसैगरी यस केन्द्रले जंगली जनावरको क्षतीलाई न्यूनिकरण गर्न अस्थायी बारबन्देज गर्ने, राती पालोपहरा गर्ने, जंगली जनावर चरन खर्क आसपास देखिए टाढासम्म भगाउने, राती याकनाक छाडा नछाडी एकत्रीत गरी पहरा गर्ने, उज्यालोमा जंगली जनावरले आक्रमण कम गर्ने हुँदा बत्तीको व्यवस्था गर्ने लगायतका कार्यहरु गरेको छ।

## ११. भौतिक पूर्वाधारको विकास तथा सुधार

फार्म तथा चरन क्षेत्रमा विभिन्न पूर्वाधारहरुको निर्माण गरिएको छ। स्याङ्गबोचेमा कार्यालय भवन, गोठालो घर, हे स्टोर तथा खर्कमा गोठको निर्माण भएको छ। त्यसैगरी कार्यालयमा डिजिटल डिस्प्ले बोर्ड राख्ने, कर्मचारी आवास गृह र कार्यालयमा हिटिंग सिस्टम जडान, गिजर जडानगरि कर्मचारीहरुलाई काम गर्ने वातावरणको सृजना गरिएको छ। २०७२ सालको भूकम्पले क्षतीग्रस्त भवनहरुको मर्मत तथा पुनः निर्माण गरी रंगरोगन गर्ने लगायतका कार्यहरु सम्पन्न भएका छन्। यस क्षेत्रमा खानेपानी व्यवस्थापनमा पनि स्रोतकेन्द्रको भूमिका महत्वपूर्ण रहेको छ। करिब ६/७ वर्ष अघि १/२ घण्टाको दुरीबाट याकनाकलाई पानी बोकेर ल्याइ खुवाउनु पर्ने जटिल परिस्थितिलाई चिर्दै स्याङ्गबोचे क्षेत्रमा खानेपानीको व्यवस्थापन गरिएको छ।

## १२. घुम्ती खर्कहरुमा जग्गा व्यवस्थापन

यस स्रोत केन्द्रले प्रयोग गरिरहेका ७ वटा खर्कहरु मध्ये जोङ्ला खर्कमा भोग चलनको जग्गा रहेको र अन्य खर्कहरुमा जग्गा नभएको हुँदा याकनाक व्यवस्थापनमा निकै कठिनाई भईरहेको परिप्रेक्षमा पशु सेवा विभागको विशेष पहलमा घुम्ती गोठमा जग्गा खरिद कार्यक्रममा बजेट विनियोजन भई आ.व. २०७८।०७९ सालमा याक आनुवांशिक स्रोत केन्द्रले होरसे खर्क र फुलुङ खर्कमा करिब ११ रोपनी जग्गा खरिद गरेको छ।

## १३. सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य

स्रोतकेन्द्रले याकनाक र चौंरीको दिगो विकासको लागि सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्दै आइरहेको छ।







याकको रौं बाट डोरी बुन्दै केन्द्रमा ४३ वर्ष करार सेवामा कार्य गरेका स्व.ङुरु शेर्पा



# स्रोत केन्द्रका समस्या तथा भावी योजनाहरु

कार्यहरु गर्दै जाँदा समस्या तथा चुनौतीहरु आउनु स्वाभाविक हो । चुनौतीहरुले हाम्रो विकासमा सकारात्मक सहयोग गर्दछन् । नेपालमा याकनाक तथा चौंरीपालन व्यवसायले पनि चुनौतीहरुको सामना गरिरहेका छन् । व्यापक सम्भावनाका बाबजुद यस व्यवसायप्रति कृषकहरुको रुचि र सहभागिता निरन्तर ओरालो लागिरहेको छ । यहाँ याक आनुवांशिक स्रोत केन्द्र र समग्र याकनाक तथा चौंरीपालन व्यवसायका समस्याहरुलाई समेट्ने प्रयास गरिएको छ ।

### १. पशु आहाराको समस्या

फार्मलाई आवश्यक पर्ने घाँस उत्पादनको लागि जमिनको अभाव रहेको छ । फार्मले हाल पशुहरुलाई अपुग हुने करिब ३५ देखि ४० मेट्रिक टन हे  र करिब ५० मेट्रिक टन आलु वार्षिक रुपमा स्थानीय कृषकहरुबाट खरिद गर्दै आएको छ । घाँस र आलुको मुल्य हरेक वर्ष महँगिने गरेको छ । आफ्नै जग्गामा घाँस र आलु उत्पादन गर्न सके आत्मनिर्भर हुन सकिन्छ ।

### २. चरनखर्कको खस्कँदो उत्पादन क्षमता

हरेक वर्ष एउटै चरन क्षेत्र प्रयोग भईरहँदा खर्कहरुमा रहेका घाँसले बीउ उत्पादन गर्ने अवस्थामा पुग्न नपाएका कारण ती घाँसहरुको घनत्व क्रमशः घटिरहेको छ र यसै कारण विषालु तथा झार घाँसहरुले चरन क्षेत्र ढाकिरहेका छन् । एक चरन क्षेत्र २-३ वर्षमा एकपटक प्रयोग गर्ने विकल्पहरुको व्यवस्था मिलाउनु पर्दछ । चरनको संरक्षण र विकासमा सरोकारवालाहरुको सक्रिय भूमिकाको आवश्यकता रहेको छ । माटोको नियमित परिक्षण गर्नु आवश्यक छ । स्थानीय घाँस फुर्चाको संरक्षण र विकास गर्नु आवश्यक छ । चरनको क्षेत्रफल घटिरहेको गुनासो कृषकहरुबाट सुन्ने गरिन्छ । वास्तविक चरन क्षेत्रको अवस्था पत्ता लगाउन चरन क्षेत्रको नक्सांकन गर्नु आवश्यक छ ।

### ३. युवाहरु वैकल्पिक व्यवसायमा (पर्यटन र वैदेशिक रोजगार) आकर्षित हुनु

याकपालन व्यवसाय कष्टकर भएको र कम प्रतिफल आउने भएको हुँदा युवाहरु पर्यटन र वैदेशिक रोजगार लगायतका व्यवसायमा आकर्षित हुने गरेका छन् । यसले गर्दा याकनाकपालन संकट उन्मुख हुँदै गएको छ । याकनाकपालन व्यवसायलाई पर्यटनसँग जोड्न सकिएमा यसको दिगो विकास सम्भव छ ।

### ४. वंशानुगत छनौट

नेपाललाई याक आनुवांशिकमा आत्मनिर्भर बनाउन उपलब्ध भएका जनावरहरुमध्ये उत्कृष्ट पशु छनौट तथा सुधारका कार्यक्रमहरु अविलम्ब सुरुवात गर्नुपर्दछ । विभिन्न कारण स्रोतकेन्द्रले यस तर्फ कार्यक्रमहरु सञ्चालन गर्न नसकिरहेको परिवेशमा आवश्यक भौतिक, मानवीय तथा आर्थिक स्रोतहरुको जोहो सरकारले गरिदिनु पर्दछ । नेपालमा पाइने याकनाकहरुको वंशानुगत अध्ययन (Genetic analysis, Karyotyping) गरी पहिचान गर्नु आवश्यक छ र यसको लागि नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय आवश्यक छ ।

### ५. हाडनाता प्रजनन

बथानमा प्राय बलियो याकले नाकसँग प्रजनन गर्ने हुँदा हाडनातामा सम्पर्क भएका कारण नाकको उत्पादन र उत्पादकत्वमा प्रभाव परेको छ । भौगोलिक परिवेशका कारण विभिन्न भुगोलका याकहरु आदानप्रदान गर्न कठिनाइका कारण एक स्थानको आनुवंश अर्को स्थानमा लैजान सकिएको छैन । विगतमा तिब्बतबाट चरनको

लागि आउने याकका कारण यो समस्या त्यती जटिल बनेको थिएन तर हाल तिब्बतको सिमाना बन्द रहेको कारण अवस्था सोचनीय बनेको छ। कृत्रिम गर्भाधानको सुरुवात गरी यो समस्यालाई हल गर्न सकिन्छ तर यसको लागि संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि आवश्यक छ।

### ६. याकको विर्य संकलन, प्रशोधन तथा वितरण

वर्तमान समयमा स्रोत केन्द्रले सोलुखुम्बु वरिपरिका क्षेत्रहरुमा उन्नत नश्लका याकनाक वितरण गर्दै आइरहेको छ। भौगोलिक स्थितिका कारण नेपालको पूर्वपश्चिमका क्षेत्रहरुमा उन्नत नश्ल वितरण गर्न सकिएको छैन्। यसको समाधानको लागि याकको विर्य संकलन तथा प्रशोधन गरी राष्ट्रिय रुपमा कृत्रिम गर्भाधानको कार्यक्रम सञ्चालन गर्दा याकनाक तथा चौंरीको दिगो विकासको आधार तय गर्न सकिन्छ। यसको लागि सम्भाव्यता अध्ययन तथा दीर्घकालीन योजना तर्जुमा आवश्यक छ।

### ७. जंगली जनावरको आक्रमण

जंगली जनावरहरुको आक्रमणका कारण ठूलो क्षती हुने गरेको छ र यसले केन्द्र र कृषकलाई ठूलो समस्यामा पारेको छ।

### ८. प्राविधिक जनशक्ति

भौगोलिक विकटताका कारण कर्मचारीहरु आउन इच्छा नगर्ने हुँदा केन्द्रमा कर्मचारिको अभाव हुने गरेको छ। याक तथा चरनको विकासलाई साथसाथै लैजान थप कर्मचारीको आवश्यकता समेत रहेको छ। कर्मचारीलाई आन्तरिक तथा वैदेशिक भ्रमण, तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरुको कमि रहेको छ। यस्तै, हिमाली क्षेत्रमा प्राविधिक सेवाको अभाव रहेको परिवेशमा राज्य, विशेषत स्थानीय तहले प्राविधिकहरुको व्यवस्थापन गर्नुपर्दछ।

### ९. भौगोलिक विकटता

भौगोलिक विकटताका कारण प्रवर्द्धन र अनुसन्धानका कार्यहरु सहज रुपमा गर्न नसक्दा नतिजामुखी कार्य गर्न समस्या पर्ने गरेको छ।

### १०. कर्मचारीलाई सुविधा

१५ देखी माइनस २५ डिग्रि सेल्सियसमा काम गर्नुपर्ने, घुम्ती गोठमा याकनाकसँगै हिड्नुपर्ने, ३६५ दिन र चौबिस घण्टा काममा खटिनुपर्ने, शनिबार/पर्व/सार्वजनिक बिदा भन्न नपाइने, भौगोलिक कठिनाइ तथा महँगी लगायतका कारण कर्मचारीलाई काम गर्न अत्यन्त कठिन अवस्था रहेको छ। सरकारले यस्तो विकट स्थानमा काम गर्ने कर्मचारीलाई विशेष व्यवस्था गर्नु आवश्यक छ। यही भूगोलमा कार्यरत अन्य सरकारी कार्यालयमा कार्यरत कर्मचारीले पाए सरहका सुविधाहरु यस केन्द्रमा कार्यरत स्थायी, अस्थायी एवं ज्यालादारी कर्मचारीले पाउने व्यवस्था भए कर्मचारीको मनोबल उच्च हुने थियो। साथै, विकट क्षेत्रमा कार्यरत ज्यालादारी कर्मचारीको सुविधामा वृद्धि गर्नु आवश्यक छ।

### ११. भौतिक पूर्वाधारको निर्माण तथा सुधार

कर्मचारी आवास, गोठ तथा हे स्टोर, खर्कहरुमा पूर्वाधारको निर्माण तथा सुधारका कार्यहरु नियमित रुपमा गरिरहनु पर्ने (हिउँ, हावा, पानी लगायतका कारण) हुँदा आवश्यक बजेटको व्यवस्था हुनु जरुरी छ। उचित व्यवस्थापनले पशुको उत्पादनमा वृद्धि ल्याउने निश्चित छ।

## १२. प्रादेशिक तथा स्थानीय तहसँग सहकार्य

संविधानले संघ, प्रदेश तथा स्थानीय तहका एकल तथा साझा अधिकारहरु तोकिदिएको छ। पशुपालन विशेषत स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्दछ भने जैविक विविधता संरक्षण तीनै तहको साझा अधिकार भित्र पर्दछ। तीनै तहले याकनाक तथा चौंरी विकास र प्रवर्द्धनको लागि योजनाबद्ध रुपमा कार्य गर्नु जरुरी छ। संघीय संरचनामा स्रोत केन्द्रले आफ्नो भूमिकालाई फराकिलो बनाउनु पर्दछ।

## १३. पशुपन्छीको स्वास्थ्य उपचार

खुम्बु क्षेत्र विकट रहेकोले प्राविधिक सेवा उपलब्ध हुन कठिन रहेको अवस्थामा स्रोत केन्द्रले स्थानीय कृषकहरुलाई प्राविधिक सेवा प्रदान गर्ने गरेको छ। स्रोत केन्द्रमा न्युनतम बजेट रहने हुँदा सबै सुविधा दिन सकिएको छैन्। स्रोतकेन्द्रमा पशुपन्छी उपचारको क्षमता वृद्धि गर्न खुम्बु पासाङ गाउँपालिकाबाट समन्वय र सहयोगको आवश्यकता रहेको छ। घुम्ती शिविरको सञ्चालन आवश्यक छ।

## १४. याक म्युजियम र पर्यटन सूचना केन्द्रको स्थापना

स्रोत केन्द्र एभरेष्ट बेस क्याम्प जाने ट्रेकिङ्ग रुटमा पर्ने हुँदा पर्यटकहरुलाई याक सम्बन्धी जानकारी प्रदान गर्न केन्द्र परिसरमा याक म्युजियम र पर्यटन सूचना केन्द्रको स्थापना गर्नु अति आवश्यक देखिन्छ। यसले एकातिर याकको प्रवर्द्धन तथा संरक्षणमा सहयोग गर्दछ भने कृषकहरुलाई व्यवसायिक बन्न सहयोग पुऱ्याउँछ। साथै, स्रोत केन्द्रको अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार भई अनुसन्धानात्मक कार्य सञ्चालन हुन सक्दछन्।

## १५. याकनाक तथा चौंरीको तथ्यांक व्यवस्थापन

राष्ट्रिय रुपमा याकनाक तथा चौंरीको तथ्यांक संकलन तथा व्यवस्थापन गर्न केन्द्रले पहलकदमी लिनु पर्दछ र नीति निर्माण तहलाई सूचनाको स्रोत बन्नुपर्दछ। कृषक, वार्ड, पालिका, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरको तथ्यांक संकलन तथा व्यवस्थापन गर्न स्रोत केन्द्र सक्षम बन्नु पर्दछ। यसको लागि राष्ट्रियस्तरको तथ्यांक प्रणालीको स्थापना गर्नु पर्दछ।

## १६. अनुसन्धानात्मक कार्यहरु सञ्चालन

विगतमा केन्द्रमा केही अनुसन्धानात्मक कार्यहरु भएको इतिहास रहेपनि हालैका वर्षहरुमा यस्ताकार्यहरु हुने गरेका छैनन्। केन्द्रले नेपाल कृषि अनुसन्धान परिषद्, विश्वविद्यालय तथा अन्य संस्थाहरुसँग सहकार्य गरी अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्नु अति आवश्यक रहेको छ। नेपाली परिवेशमा याकनाक तथा चौंरीको विकास गर्न अनुसन्धानको महत्व हामी सबैले बुझेको कुरा हो। याक आनुवांशिक स्रोत केन्द्रलाई अनुसन्धान केन्द्रको रुपमा विकास विस्तार गर्नु पर्दछ। याकनाक तथा चौंरी व्यवसायसँग सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय अनुसन्धान तथा प्रविधिहरुको परिक्षण, प्रयोग तथा किसानलाई हस्तान्तरणको कार्य केन्द्रले गर्नु पर्नेछ।

## १७. व्यवसायिक याकनाक तथा चौंरीपालन

व्यवसायिक याकनाक तथा चौंरीपालनको लागि व्यवसाययिक योजनाको अभाव रहेको छ। कृषकहरु निर्वाहमुखी अवस्थामा याकनाक तथा चौंरी पालिरहेका छन् र यसले नयाँ कृषकहरुलाई आकर्षण गर्न सकेको छैन्। पूर्व देखि पश्चिमका कृषकहरुलाई उपयुक्त हुने व्यवसायिक योजनाहरु निर्माण गरी व्यवसायलाई नाफामुलक बनाउन केन्द्रले पहलकदमी लिनु पर्दछ।

### १८. चौंरी स्रोत केन्द्रहरुको स्थापना

केन्द्रले देशका विभिन्न क्षेत्रहरुमा चौंरी स्रोत केन्द्रको स्थापना गर्न त्यस्ता स्रोत केन्द्रको मापदण्ड, असल अभ्यासको मापदण्ड लगायतका नीतिगत तथा प्राविधिक पक्षहरुको विकास गरी कृषकहरुलाई उपलब्ध गराउनु पर्दछ।

### १९. याक विकास रणनीतिको निर्माण

राष्ट्रिय पशु प्रजनन नीति २०७८ जारी भइसकेको छ। याक विकासको लागि हालसम्म कुनै छुट्टै योजना वा रणनीति नभएको अवस्थामा तीनै तहका सरकार तथा सरोकारवालाहरुको संलग्नता र सहकार्यमा याक विकास रणनीतिको तर्जुमा गरी तत्काल, मध्यमकाल तथा दीर्घकालमा गरिने कार्यहरुको प्राथमिकिकरण गर्नु आवश्यक छ।

### २०. कृषक तथा प्राविधिकहरुको क्षमता अभिवृद्धि

याकनाक तथा चौंरीजन्य उत्पादनहरुको विविधिकरण तथा गुणस्तरीय उत्पादनको लागि कृषक तथा प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अवलोकन भ्रमणको आवश्यकता रहेको छ।

### २१. नीजि सरकारी सहकार्य, प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन र बजारीकरण

उत्पादनको बजार सुनिश्चित गर्न, कृषकहरुलाई उत्पादनतर्फ प्रेरित गर्न तथा लगानीको वृद्धि गर्न याकनाक तथा चौंरीपालन व्यवसायमा नीजि सरकारी क्षेत्रको सहकार्य आवश्यक रहेको छ। विभिन्न खालका प्रवर्द्धनात्मक कार्यक्रमहरु जस्तै याक मेला, याक डे इत्यादीको सञ्चालन देशका विभिन्न क्षेत्रहरुमा गर्नु जरुरी छ।

### २२. जलवायु परिवर्तन तथा वातावरण

उच्च दरमा परिवर्तन भइरहेको जलवायुका कारण याकनाक व्यवसायलाई प्रत्यक्ष असर गर्दछ। चिसो हावापानीमा जिउँने याकनाक त्यसको अभावमा संकटग्रस्त हुने पक्का छ। यस अवस्थाको न्यूनीकरण गर्न सबै सरोकारवालाहरुले समयमै उचित कदमहरु चाल्नुपर्ने देखिन्छ।

### २३. गोठालाहरुको सुरक्षा

निकै विकट ठाउँमा गएर कार्य गर्नुपर्ने भएकोले गोठालाहरुको जीवन असुरक्षित हुने गरेको छ। घरपरिवार सँग टाढा हुनुपर्ने र कमाइ पनि राम्रो गर्न नसक्दा गोठालाहरुको अभाव हुने गरेको छ। यसर्थ सरकारले उनीहरुको निःशुल्क वीमा, गोठालो भत्ताको व्यवस्था एवं सामाजिक सुरक्षाका सुविधाहरु उपलब्ध गराउनु पर्दछ। केही पालिकाहरुले यसको सुरुवात पनि गरेका छन् र यो उत्तम कार्यलाई सबैले अनुसरण गर्दा हिमाली क्षेत्रमा पशुपालन व्यवसायलाई उर्जा मिल्ने थियो।

### २४. परम्परागत ज्ञानको संरक्षण र पुस्तान्तरण

याकनाक तथा चौंरीपालन सम्बन्धी परम्परागत ज्ञानको संकलन तथा प्रकाशन गरी यसको संरक्षण तथा पुस्तान्तरणको नेतृत्व केन्द्रले लिनु पर्दछ।

# केन्द्रको जग्गा सम्बन्धी विवरण

स्रोतकेन्द्रको जग्गाको विवरण र लालपुर्जाहरु संलग्न गरिएको छ।

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय मालपोत कार्यालय सोलुखुम्बु

जग्गाधनी संकेत नम्बर : OG000012936

DR०००११९१

**जग्गाधनी दर्ता प्रमाण पुर्जा**

संस्थाको नाम: याक आनुवांशिक स्रोत केन्द्र स्याङ्गवोचे, सोलुखुम्बु
ठेगाना: जिल्ला: सोलुखुम्बु गा.पा. / न.पा. / गा. वि. स.: खुम्बु पासाङल्हामु गाउँपालिका वार्ड नं.: ४
दर्ता न.: ००००
जारी गर्ने कार्यालय: नखुलेको, नखुलेको
वेबसाइटः ईमेल:
दर्ता मिति (वि.स): २०३०/०१/०४

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आबादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७२४ | २०७९/०१/०४ | RL०००१२१० | सोलुखुम्बु | ७ | ७२४ | बांझो पर्ति | एकलौटी | | भिट/पाखो/बारी | ०-०-०-० | | |
| | राजिनामा | | खुम्जुङ | ७ | | रैकर निजी | | | पाँचौ | १७५५.०० | | |
| | लिखत पारित | | | | | | | | | | | |

मालपोत

---

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय मालपोत कार्यालय सोलुखुम्बु

जग्गाधनी संकेत नम्बर : OG000012936

DR०००११९१

**जग्गाधनी दर्ता प्रमाण पुर्जा**

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आबादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७२५ | २०७९/०१/०४ | RL०००१२१० | सोलुखुम्बु | ७ | ७२५ | आवादी | एकलौटी | | भिट/पाखो/बारी | ०-०-०-० | | |
| | राजिनामा | | खुम्जुङ | ७ | | रैकर निजी | | | पाँचौ | ७३५.०० | | |
| | लिखत पारित | | | | | | | | | | | |
| | | | | | | | | | जम्मा क्षेत्रफल | २४९०.०० | वर्ग मिटर | |

याक आनुवांशिक स्रोत केन्द्र स्याङ्गवोचे, सोलुखुम्बु
प्रिन्ट गर्नेको दस्तखत ..........
प्रिन्ट गर्नेको नाम : सरोज राई

प्रिन्ट मिति : २०७९/०१/०४

रुजु गर्नेको दस्तखत ..........

---

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय मालपोत कार्यालय सोलुखुम्बु

जग्गाधनी संकेत नम्बर : OG000012937

DR०००११९०

**जग्गाधनी दर्ता प्रमाण पुर्जा**

संस्थाको नाम: याक आनुवांशिक स्रोत केन्द्र स्याङ्गवोचे, सोलुखुम्बु
ठेगाना: जिल्ला: सोलुखुम्बु गा.पा. / न.पा. / गा. वि. स.: खुम्बु पासाङल्हामु गाउँपालिका वार्ड नं.: ४
दर्ता न.: ०००
जारी गर्ने कार्यालय: नखुलेको, नखुलेको
वेबसाइटः ईमेल:
दर्ता मिति (वि.स): २०३०/०१/०७

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आबादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३६३ | २०७९/०१/०४ | RL०००१२११ | सोलुखुम्बु | ७ | ३६३ | बांझो पर्ति | एकलौटी | | भिट/पाखो/बारी | ०-०-०-० | | |
| | राजिनामा | | खुम्जुङ | ७ | ० | रैकर निजी | | | पाँचौ | १५८५.०० | | |
| | लिखत पारित | | | | | | | | | | | |

मालपोत


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय सोलुखुम्बु

जग्गाधनी संकेत नम्बर : OG000012937

DR०००११९०

जग्गाधनी दर्ता प्रमाण पुर्जा

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आबादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३६५ | २०७९/०१/०४ | RL०००१२११ | सोलुखुम्बु | ७ | ३६५ | पर्ति | एकलौटी | | भिट/पाखो/बारी | ०-०-०-० | | |
| | राजिनामा | | खुम्जुङ | ७ | ० | रैकर निजी | | | पाँचौ | १४४५.०० | | |
| | लिखत पारित | | | | | | | | | | | |
| | | | | | | | | | जम्मा क्षेत्रफल | ३०३०.०० | वर्ग मिटर | |

याक आनुवांशिक स्रोत केन्द्र स्याङबोचे, सोलुखुम्बु
प्रिन्ट गर्नेको दस्तखत ...............
प्रिन्ट गर्नेको नाम : सरोज राई

प्रिन्ट मिति : २०७९/०१/०४

रुजु गर्नेको दस्तखत ...............


37434

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनीको नाम...............

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा नं. | सिट नं. | कित्ता नं. | विवरण घर आबादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन |
|---|---|---|---|---|---|---|---|---|

| किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|

२ ३

## जग्गा सम्बन्धि विवरण

| सि.न. | जिल्ला | साविक गा.वि.स. | हालको गा.पा./न.पा. | साविक वडा नं. | हालको वडा नं. | कित्ता नं. | क्षेत्रफल | अधिग्रहणको उदेश्य | अधिग्रहण गरेको बर्ष | हाल उपयोगको अवस्था: उदेश्य अनुरुप पुरै उपयोग भएको | हाल उपयोगको अवस्था: उदेश्य अनुरुप आंशिक उपयोग भएको | हाल उपयोगको अवस्था: उपयोग भएको छैन | हाल उपयोगको अवस्था: हिनामिना भएको छ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | १ | ४ | २३७ | ६२७८५ | | | छ | | | छैन | अफिस घर |
| २ | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | १ | ४ | २३८ | ३५५८५ | | | छ | | | छैन | घासबारी |
| ३ | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | १ | ४ | २९१ | ४९७२० | | | छैन | छ | | छैन | एयरपोंट माथिको घासबारी |
| ४ | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | १ | ४ | ३०४ | ३५६५ | | | छ | | | छैन | घासबारी |
| ५ | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | ५ | ४ | १४९ | ५७२५ | | | छैन | छ | | छैन | माथिल्लो घर |
| ६ | सोलुखुम्बु | वेनि | सोलुदुधकुण्ड न.पा. २ | ५ | २ | ४२ | ५६६० | | | छैन | | छैन | छैन | जुनबेसी |
| ७ | सोलुखुम्बु | वेनि | सोलुदुधकुण्ड न.पा. २ | ५ | २ | ४१ | १९२० | | | छैन | | छैन | छैन | जुनबेसी |
| ८ | सोलुखुम्बु | वेनि | सोलुदुधकुण्ड न.पा. २ | ५ | २ | ३९ | १६७५ | | | छैन | | छैन | छैन | जुनबेसी |
| ९ | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | ७ | ४ | ७२४ | १७५५ | | खरीद साल २०७९ | छ | | | छैन | घुम्ती गोठ होरसो खर्क |
| १० | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | ७ | ४ | ७२५ | ७३५ | | खरीद साल २०७९ | छ | | | छैन | घुम्ती गोठ होरसो खर्क |
| ११ | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | ७ | ४ | ३६३ | १५८५ | | खरीद साल २०७९ | छ | | | छैन | घुम्ती गोठ फुलुङ खर्क |
| १२ | सोलुखुम्बु | खुम्जुङ | खुम्बु पासाङ ल्हमु गाउंपालिका | ७ | ४ | ३६५ | १४४५ | | खरीद साल २०७९ | छ | | | छैन | घुम्ती गोठ फुलुङ खर्क |

तयार गर्नेः

प्रमाणित गर्नेः

# घुम्ती गोठको व्यवस्थापन

यस स्रोतकेन्द्रले प्रयोग गर्ने चरन खर्कहरु समुन्द्र सतहबाट ३८३० मिटर देखि ५२०० मिटरसम्मको उचाईमा पर्दछन्। होरसे, फुलुङ र जोङ्लामा स्रोत केन्द्रको आफ्नै गोठहरु रहेका छन् भने अन्य खर्कमा स्थानीय व्यक्तिहरुसँग भाडामा लिई घुम्ती गोठ सञ्चालन गरिएको छ। चरन गर्ने सबै क्षेत्रहरु सगरमाथा राष्ट्रिय निकुञ्जको क्षेत्रहरु हुन्।

**२०४५ सालमा**

| क्र.स. | खर्कको नाम | चरनको समय |
|---|---|---|
| १ | स्याङ्गबोचे | पौष देखि फाल्गुण सम्म |
| २ | ओमाका | चैत्र १ देखि १५ गते सम्म |
| ३ | ताउचे | चैत्र १५ देखि बैशाख १५ सम्म |
| ४ | जिङनाम | बैशाख १६ देखि ३० सम्म |
| ५ | नौलो | जेष्ठ महिनाभरी |
| ६ | दूसो | असार १ देखि १५ गते सम्म |
| ७ | जोङ्ला | असार दोस्रो हप्तादेखि भदौको अन्तिम सम्म |
| ८ | ओम्लासा | असोज १ देखि १५ सम्म |
| ९ | जाम्टाङ | असोज १६ देखि ३० सम्म |
| १० | ताउचे | कार्तिक महिना भरी |
| ११ | दूसो | मंसिर १ देखि १५ सम्म |
| १२ | ताउचे | मंसिर १६ देखि मसान्तसम्म |

**स्रोतः वार्षिक पुस्तिका २०४५**

**वर्तमान समयमा**

| क्र.स. | खर्कको नाम | चरनको समय |
|---|---|---|
| १ | स्याङ्गबोचे | पौषदेखि फाल्गुणसम्म |
| २ | होरसे | चैत्रको पहिलो हप्तादेखि तेस्रो हप्तासम्म |
| ३ | चुरा | चैत्रको तेस्रो हप्तादेखि बैशाखको पहिलो हप्तासम्म |
| ४ | फाम्टाङ | बैशाखको दोस्रो हप्तादेखि तेस्रो हप्तासम्म |
| ५ | फिरुचे | बैशाखको चौथो हप्तादेखि जेष्ठको पहिलो हप्तासम्म |
| ६ | नावाङ | जेष्ठको दोस्रो हप्तादेखि जेष्ठको चौथो हप्तासम्म |
| ७ | फुलुङ | जेष्ठको चौथो हप्तादेखि असार दोस्रो हप्तासम्म |
| ८ | जोङ्ला | असार दोस्रो हप्तादेखि भदौको अन्तिमसम्म |

*जोङ्लाबाट फर्किदा माथि गएको बाटो र गोठहुँदै पशुहरु फर्कन्छन्।*



तारबार नगर्दाको अवस्थामा जोङ्ला खर्कको गोठ। हाल पर्खाल तारबार निर्माण गरिएको।

# कर्मचारी संगठन तालिका

- **वरिष्ठ पशु विकास अधिकृत**
  - **पशु विकास अधिकृत**
    - याक नाक चौरी स्रोत व्यवस्थापन फाँट
      - पशु सेवा प्राविधिक -१
      - नायब पशु सेवा प्राविधिक-१
    - चरन तथा खर्क व्यवस्थापन फाँट
      - पशु सेवा प्राविधिक - १
      - नायब पशु सेवा प्राविधिक- १
    - आर्थिक प्रशासन फाँट
      - सह लेखापाल - १
      - कार्यालय सहयोगी - २



कृषक र सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम

# तथ्यांकमा याकनाक तथा चौंरी

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले वार्षिक प्रकाशन गर्ने Statistical Information on Nepalese Agriculture मा प्रकाशित तथ्यांक

| प्रदेश | जिल्ला | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| कोशी | भोजपुर | ९३६ | ८८७ | ८९० | ८९० | १०८१ | ५०० |
| | इलाम | १८६ | १६५ | १६४ | १६५ | ६० | ४० |
| | खोटाङ | २३७ | ३५० | ३४७ | ३४४ | १८१ | १९० |
| | ओखलढुंगा | ३७५ | ६७५ | ७५७ | ७२७ | ४२१ | ६७६ |
| | पाँचथर | १०८९ | १०७५ | १०८४ | १०९५ | ११९६ | १११५ |
| | संखुवासभा | ४०५० | ३९४५ | २५१४ | २५१५ | २५२१ | २९१६ |
| | सोलुखुम्बु | १२२२५ | १२२३५ | १२५८७ | ११८३२ | ११९२४ | ८५३८ |
| | ताप्लेजुङ्ग | ३१५० | ३४६५ | ३६४२ | ३८०९ | ३९०९ | ३८१२ |
| बागमती | धादिङ | ७० | १९० | १८६ | १७७ | १७८ | ३०३ |
| | दोलखा | ४२८३ | ५०५३ | ५१५१ | ५०५० | ४१८७ | ५११६ |
| | नुवाकोट | ९३० | ९२० | ९२२ | ९०० | ५० | ३१ |
| | रामेछाप | २०५० | १६५३ | ५२३ | ५२१ | २०८७ | ११९५ |
| | रसुवा | ३२५० | १२८ | २२९ | २२८ | ३२५० | ३७५० |
| | सिन्धुपाल्चोक | ११९१ | ४५४० | ४६४२ | ४६५१ | २१८३ | ४०९८ |
| गण्डकी | गोरखा | २६५० | ४६३६ | ४६५९ | ४६५९ | २८३५ | ३२२४ |
| | कास्की | १३९ | ४३९ | ५२५ | ५५० | २२५ | ३४४ |
| | लमजुङ्ग | | २५ | ५६ | ५५ | ५६ | १२० |
| | मनाङ | ४३४५ | ३२७२ | ३४८४ | ३३७९ | ४६७१ | ४३१९ |
| | म्याग्दी | १८१ | ३९२ | ३४२ | ३३२ | ७१३ | ३०१ |
| | मुस्ताङ्ग | ३३६३ | ६०५९ | ६४०६ | ६७९० | ५४९७ | ३८७३ |
| लुम्बिनी | रुकुम पूर्व | ११ | ६२ | १४ | १५ | १६ | २० |
| कर्णाली | रुकुम पश्चिम | | | ३१ | ३२ | | |
| | डोल्पा | ९४५२ | ६८५० | ६५०१ | ६६३१ | ९५१५ | ७६०५ |
| | हुम्ला | १२९२० | ७६९८ | ९००५ | ९००२ | ९०३१ | ८३०० |
| | जुम्ला | ६०४ | ५४५ | १४७३ | १४०३ | ७७० | १०१५ |
| | कालिकोट | ६२ | ६०४ | ५१२ | ५०२ | १०२ | ९२ |
| | मुगु | २२६० | २०७६ | २१४८ | २१०८ | २३४३ | २८३४ |
| सुदूर पश्चिम | बाजुरा | ९१ | ८९ | ८९ | १०२ | ९७ | १०७ |
| | बझाङ | १६८ | ३८१ | ३९२ | ४२३ | २१४ | २३४ |
| | दार्चुला | ७१० | ४२२ | ७०३ | ७०० | ६९२ | ७३८ |
| | **जम्मा** | ७०९७८ | ६८८३१ | ६९९७८ | ६९५८८ | ७०००५ | ६५४०६ |

# याक आनुवांशिक स्रोत केन्द्रमा काम गर्दाको अनुभव र स्थानीय स्तरमा याकको महत्व



**दामोदर न्यौपाने**
पूर्व फार्म प्रबन्धक
याक विकास फार्म, सोलुखुम्ब

विक्रम संवत २०४७ मा सहायक पशु विकास अधिकृतको रुपमा सरकारी सेवा प्रवेश गरेको हुँ । सेवा अवधिमध्ये उत्तरी भेग चरन विकास कार्यक्रम अन्तर्गत दोलखाको लामाबगरमा लगभग ३ वर्ष र याक आनुवांशिक स्रोत केन्द्र (तत्कालिन याक विकास फार्म) स्याङ्गबोचे, सोलुखुम्बुमा लगभग ३ वर्ष गरी जम्मा ६ वर्ष याकनाक तथा चौंरिपालनसँग सम्बन्धित रहेर काम गरे। यसै क्रममा चीनको स्वशासित क्षेत्र तिब्बतमा याकपालनको अध्ययन अवलोकन गर्ने अवसर पाए । दोलखाको याकनाक उत्पादन गर्ने क्षेत्र लामाबगरको लप्चि तथा गौरीशंकरको बेदिङ र सोलुखुम्बुको थामे, नाम्चे, खुम्जुङ, खुन्दे जस्ता क्षेत्रहरुको नजिक रहेर अध्ययन गर्ने अवसर पाए। फार्म प्रबन्धकको रुपमा २०४९/११/०६ देखि २०५२/०५/२१ (करिब ३ वर्ष) स्याङ्गबोचे फार्ममा काम गर्दाका केही अनुभवहरु तपसील अनुसार रहेका छन् ।

- तत्कालिन समयमा स्याङ्गबोचेमा पानीको निकै अभाव हुने गरेको थियो। वर्षभरि नै करिब २ कि.मि. टाढावाट ३-४ घण्टा लाइन लागेर पानी ल्याउन पर्ने हुँदा पानीको व्यवस्थामा मात्र फार्मको ठुलो धनराशि खर्च हुने गरेको थियो । यसले फार्मको उत्पादकत्वमा ठूलो असर गर्ने गरेको थियो । हालका दिनमा पानीको समस्या समाधान भएको भन्ने सुन्दा निकै खुशी लागेको छ।
- स्याङ्गबोचे स्थित फार्ममा लगभग ३ हेक्टर मात्र घाँस उत्पादन गर्ने क्षेत्र रहेको थियो भने अन्य क्षेत्र चट्टान तथा झाडी वुट्यानले ढाकेको हुँदा हे उत्पादन कम हुने गरेको थियो । कम हे उत्पादनहुँदा याकनाकलाई प्रशस्त रुपमा आहाराको जोहो गर्न मुस्किल हुने गरेको थियो । याक फार्ममा रहने अवधि र आवश्यक पर्ने हे को अनुमानगरी चिसा (घाँस खेती गरिने ठाउँ) करारमा लिइ घाँस खेती गरेर हे उत्पादन गर्नु विकल्प हुन सक्दछ। हे खरिद गरेर खुवाउनु भन्दा चिसा भाडामा लिएर हे बनाउदा सस्तो पर्दछ। याकहरु फार्ममा रहने अवधि साधारणतया ३ महिनामात्र हुने र यो समय धेरै हिउँ पर्ने, स्थानीय कृषकका याक तथा नाक र घोडाहरुसँग चरन क्षेत्रको लागि प्रतिस्पर्धा गर्नुपर्ने तथा चरन क्षेत्र पनि नहुने हुँदा हेको धेरै आवश्यक पर्दछ। यो समयमा घाम नलाग्ने स्थान तथा सम्म क्षेत्रमा लामो समयसम्म हिउँ नपग्लने हुँदा केवल भीर तथा स्लोप भएका घाम लाग्ने स्थानमात्र चरनको लागि उपलब्ध हुन्छ।

- स्थानीय चलनअनुसार प्रायजसो चैत्र महिनादेखि सम्पूर्ण पशुहरु अनिवार्य रुपमा चरन क्षेत्रमा लैजानु पर्दछ र असोजको अन्त्यतिर गाउँ फर्काउन पाइन्छ। यसलाई नावा प्रथा भनिने गरिन्छ र यसको तिथिमिति स्थानीय समुदायले निर्धारण गर्दछन्। यो समयमा स्याङ्गबोचे क्षेत्रमा घाँस काट्न वा पशुलाई चराउन पाइदैन्।
- हिउँ परेपछि हिउँले थिचेर घाँस जमिनसँग सुतेको हुन्छ। याकसँग एक प्रकारको चाट्ने (Licking ability) खुबिका कारण याकको जिब्रोले घाँसलाई माथि ल्याउंछ र खान्छ।
- हिउँ परेको समयमा याकनाकहरुलाई आलु, गान्टे मुला, पाक (मकैको पिठो) खुवाउने गरिन्छ भने बाच्छा बाच्छीलाई आलुको चिप्स जस्तो टुक्रा वनाएर खुवाउने गरिन्छ। मिल्क रिप्लेसर खुवाउने चलन छैन्। मिल्क रिप्लेसर खुवाउँदा बाच्छा बाच्छीको मृत्युदर घटाउन सकिन्छ कि भन्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।
- याकहरु तापक्रमसँग संवेदनशील हुनेहुँदा तापक्रम घट्दै जाँदा तल/कम उचाइतिर र तापक्रम बढ्दै गएपछि आफैं माथि / उच्च उचाइतीर जाने गर्दछन्। यिनिहरुले माइनस २० डिग्री सेन्टीग्रेड सम्मको तापक्रम पनि सजिलै सहन सक्दछन्। हाम्रो देशमा याकलाई जतिसुकै हिउँ परे पनि गोठ भित्र राख्ने चलन छैन् तर कुनै कुनै कृषकले घरभित्र पनि राख्ने गरेको पाइन्छ। चीनको स्वशाशित क्षेत्र तिब्बतमा धेरै हिउँ पर्ने समयमा व्यवस्थित गोठ भित्र राख्ने गरिएको पाइएको छ। धेरै चिसोमा शरिरको शक्ति धेरै खर्च हुने हुँदा याकहरुले संचय गरिराखेको शक्ति बढि खर्च हुन्छ जसले गर्दा शरिरको अवस्था कमजोर हुन्छ र चैत्र बैशाखमा याकनाकको बढी मृत्यु हुन्छ। मेरो विचारमा धेरै हिउँ परेको समयमा याक राख्ने गोठ निर्माण गर्न आवश्यक देखिन्छ।
- स्याङ्गबोचे फार्ममा हेको जहिले सुकै अभाव हुनेहुँदा यसको निराकरणको लागि जै घाँसको हे बनाउने परिक्षण गरिएको थियो। पशु विकास फार्म जिरीमा उत्पादित १०० के.जि. जै घाँसको बीउ वैशाख महिनामा फार्मको कम्पाउण्ड भित्र लगाइएकोमा जैको वृद्धि विकास राम्रो भई जै घाँस लगभग ६ फिट सम्म अग्लो भएको थियो। फूल लागेको थियो तर दाना लाग्न सकेन। दानालाग्ने बेलामा धेरै चिसो भएको कारणले यस्तो भएको हुन सक्दछ। हे बनाउँदा घाँसमा धेरै चिस्यान भएकोले सुकाउन धेरै दिन लागेको र हे घाँस हरियो हुनु पर्नेमा पहेंलो पराल जस्तो भएकोले हेको गुणस्तर कायम राख्न सकिएन्। जै घाँसको डाँठ मोटो हुने हुँदा स्थानीय मसिनो घाँसको दाँजोमा ढिलो सुक्ने देखिएको छ। यसको लागि जै घाँसलाई सुकाउन कुनै प्रविधि भएमा त्यसको खोजि गर्नु आवश्यक देखिन्छ। म फार्ममा कार्यरत रहेको समयमा विद्युत नभएको हुँदा विकल्प खोजि गर्न सकिएन। हाल फार्ममा विद्युतको सुविधा भएको हुँदा हे बनाउने विकल्प खोज्नु आवश्यक छ। हाम्रो हिमाली भेगमा हे बनाउनको लागि सानो पोर्टेवल हे बनाउने मेसिन बनाउन राष्ट्रिय आविष्कार केन्द्रमा पनि उपयुक्त प्रविधि विकासको लागि अनुरोध गर्न सकिन्छ। जै घाँसको गुणस्तर युक्त हे बनाउन सकेमा हेमा हुने लगानी धेरै कम हुन सक्दछ।
- स्याङ्गबोचेमा उन्नत घाँसको हे बनाउनको लागि उन्नत बहुवर्षीय राइग्रास र कक्सफुटको परिक्षण गरिएको थियो। यी दुवै घाँसको वृद्धि विकास पनि राम्रो भएको थियो र घाँसको वृद्धि २ फिट सम्म अग्लो भएको थियो जसवाट राम्रो गुणस्तरको हे पनि तयार भयो तर दोश्रो वर्ष यो घाँस लगाएको स्थानमा यी दुवै घाँसको वृद्धि विकास भएन्। यसवाट यो जानकारी भयो कि उच्च हिमाली क्षेत्रमा यी घाँस एक सिजनको लागि मात्र हुने रहेछ। विभिन्न परियोजनावाट उन्नत जातका घाँसहरुको बेलाबेलामा परिक्षण गरे पनि सफलता पाउन सकिएको छैन्। यो स्थानको लागि स्थानीय फुर्चा मात्र उपयुक्त घाँस मानिन्छ। हाम्रो देशका अन्य हिमाली क्षेत्रमा पाइने स्थानीय घाँसहरु जस्तै मुस्ताङ र मनाङमा पाइने कोते तथा ढिम्ची जातको घाँसको बीउ परिक्षण गर्नु उपयुक्त देखिन्छ।

- याकहरु एकै स्थानमा नबस्ने हुँदा याकसँगै गोठालाहरु पनि ठाउँ सरिरहन पर्ने हुन्छ । फार्मको घुम्ती चरनमा आफ्नो गोठ नभएको हुँदा स्थानीय कृषकहरुले छोडेका गोठमा त्रिपाल लगाएर बस्ने गरिएको थियो । हालको अवस्था केही सुधार भएको पक्कै होला । हरेक घुम्ति खर्कहरुमा चिसा (घेरेको बारी) खरिद गरेर साना घर बनाउन सकेमा हे स्टोर गर्न र गोठालाहरुलाई बस्न सहज हुन्छ ।
- स्थानीय कृषकहरु पशुपालन व्यवसाय छोडी पर्यटन व्यवसायप्रति आकर्षित हुँदै गएको हुँदा धेरै चरन क्षेत्रहरु खालि हुँदै गएका छन् । तथापि यो स्थान सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने हुँदा जंगली जनावरहरु नाउर, झारल, मृग आदीको संख्या धेरै वृद्धि भएकोले चरन क्षेत्रमा प्रतिस्पर्धा कायम रहेको छ ।
- यो फार्ममा काम गर्ने निजामती कर्मचारीहरु सायद नेपालकै सबैभन्दा बढी उचाइमा काम गर्ने निजामती कर्मचारीमा पर्दछन । फार्म लगभग १२,८०० फिटको उचाइमा रहेको र घुम्ती गोठ १८,००० फिट सम्मको उचाइमा पर्ने हुँदा बाह्रै महिना जाडो हुन्छ । जाडोसँग बच्नको लागि न्यानो लुगा लगाउनु पर्ने हुन्छ । याकको लागि दाना तथा गोठमा बस्ने कर्मचारीको लागि खाद्यान्न ढुवानी गरेर खर्क सम्म पुऱ्याउनु पर्ने हुन्छ । वास्तवमा यहाँको दिनचर्या nomadic type को हुने हुँदा अन्य स्थानका निजामती कर्मचारीको दाँजोमा यहाँ कर्मचारी लामो समय बस्न रुचाउंदैनन् । यहाँ बस्ने निजामती कर्मचारीहरुलाई लुगाभत्ता अन्य क्षेत्रको दाँजोमा फरक हुन पर्ने देखिन्छ । त्यस्तै यहाँ रहेको सगरमाथा राष्ट्रिय निकुञ्जका कर्मचारीले पाए सरह रासन भत्ता पाएमा विषम परिस्थितिमा काम गर्ने कर्मचारीलाई थप प्रोत्साहन मिल्ने थियो ।

### नेपालमा याकनाकपालनको महत्व

हिमाल, याक र शेर्पा नेपालको हिमाली क्षेत्रका अमुल्य गहना हुन जस्को एक अर्कोसँग अन्योन्याश्रित सम्बन्ध रहि आएको छ । शेर्पा जातीको जीविकोपार्जनमा याक र हिमालको विशेष महत्व छ । याक हिमाली क्षेत्रको एक बहुउपयोगी घरपालुवा जनावर हो । अति चिसो भु-भागमा थोरै आहारामा पनि बाँच्न सक्ने यो जनावर यस क्षेत्रमा प्रोटिनको स्रोत मात्र नभई सामान ढुवानीमा समेत प्रयोग हुँदै आएको छ । याकनाक बाहेक यो क्षेत्रमा भेडा बाख्रापालन गर्ने प्रचलन रहेकोमा बाख्रालाई जंगल नोक्सान गर्ने प्रमुख कारण भन्ने मान्यताका साथ सगरमाथा राष्ट्रिय निकुञ्जले यहाँ रहेका सम्पुर्ण बाख्राहरु हटाएको भन्ने पाइन्छ । भैंडाहरु नगन्य मात्रामा रहेका थिए जसको जीविकोपार्जनमा खासै योगदान रहेको पाइदैन । स्थानीय बासिन्दा शेर्पाहरु बौद्धमार्गी भएको हुँदा काटमार नगर्ने भएकोले कुखुरा पनि पाल्ने चलन छैन् । याकनाक र यिनीहरुका वर्णशंकर चौंरी झोप्क्योहरु तथा केही संख्यामा घोडा खच्चड पालन गर्ने गरेको पाइन्छ ।

क) मालसामान ढुवानी

नेपालको हिमाली क्षेत्रमा सडक यातायातको सुविधा नभएको हुँदा याक, झोप्क्यो र खच्चडले मालसामान ढुवानी गर्ने गर्दछन । झोप्क्यो तथा खच्चड धेरै माथिको उचाइमा जान नसक्ने हुँदा यो क्षेत्रमा सामान ढुवानीको लागि याकको प्रयोग गरिन्छ । उच्च हिमाल चढ्न आउने पर्वतारोही, हिमाली क्षेत्र अवलोकन गर्न आउने पर्यटक तथा उच्च हिमाली क्षेत्रमा रहेका होटलहरुका लागि आवश्यक खाद्य सामग्री तथा विभिन्न निर्माण सामग्रीहरुको ओसारपसारमा याकको प्रयोग हुन्छ । एउटा वयस्क याकले ६० देखि ८० के.जि. सामान बोकेर प्रतिदिन १५ देखि २० कि.मि. यात्रा गर्न सक्दछ । याकले हिमाली क्षेत्रको हिमनदीमा आवतजावत गर्ने बाटो पनि पत्ता लगाउने हुँदा याकलाई अगाडी लगाएर मानिस पछाडी हिंडने गरिन्छ । यसकारण याकलाई Himalayan Path Finder पनि भन्ने गरिन्छ ।

ख) दूध उत्पादन

नाकहरु वैशाख - जेष्ठ महिनामा ब्याउने गर्दछन । यो समयमा चरन क्षेत्रमा भरखर घाँसको पिपिरा पलाउन लागेको हुन्छ भने संरक्षण गरेर राखेको घाँसपनि सकिने समय हुन्छ जसले गर्दा नाकलाई आहारा कमहुने हुँदा बच्चा जन्माउने बित्तिकै दूध दुहुने चलन छैन् । प्रायजसो नाकहरुलाई श्रावण महिनादेखि दुहुने गरिन्छ । नाकपालनको खास उदेश्य वर्णशंकर चौंरी उत्पादन गर्ने भएको हुँदा नाकले थोरै मात्र दूध उत्पादन गर्दछ। नाकको दूध मौसमको आधारमा असोज महिनासम्म मात्र दुहुने गरिन्छ। एउटा नाकले एक दिनमा औषत ७०० मिलि लिटर दूध दिन्छ भने नाकलाई दैनिक एकपटक मात्र दुहुने गरिन्छ। नाकको दूध उत्पादन थोरै हुने भएकोले यसवाट खासै चीज वा अन्य उत्पादन बनाइदैंन। वर्णशंकर चौंरीले धेरै दूधदिने (लगभग २-३ लि. प्रतिदिन) हुँदा चौंरीको दूधबाट बनाइने चीजलाइ नै याक चीज भन्ने ब्रान्ड बनाइएको छ।

ग) ऊन उत्पादन

याकको शरिरमा दुई प्रकारका रौंहरु हुन्छन्। बाहिर पट्टी भएको रौंलाई स्थानीय भाषामा चिर्पा (coarse hair) भनिन्छ भने भित्रपट्टी हुने मसिनो रौंलाई पु (soft hair) भनिन्छ। चिर्पा पेटको वरीपरी लामालामा हुन्छन् भने पु भित्र पट्टी रहेको हुन्छ। चैत्र - वैशाख महिनामा चिर्पालाइ काट्ने गरिन्छ भने पुलाई हातले तान्ने गरिन्छ। चिर्पावाट डोरी, लिउ (चकटी), छेरा (कम्बल) बनाइन्छ भने पुबाट टोपी, डोरी बनाउने गरिन्छ । एउटा वयस्क याकबाट वार्षिक रुपमा ३०० देखि ४०० ग्राम चिर्पा र ४०० देखि ५०० ग्राम पु उत्पादन हुने गर्दछ।

घ) याकको मासु

याकहरु प्रायजसो भीर पहरामा चर्नेहुँदा भीरबाट लडेर मृत्यु हुने गर्दछ। यसरी मरेका याकको मासु खाने चलन स्थानीयस्तरमा रहेको छ। याकको मासु पर्यटकको मेनुमा पनि राख्ने चलन छ जसलाई याक स्टीक भनिन्छ र यसको मुल्य निकै महंगो पर्दछ।

ङ) याकको रगत

नेपालको मुस्ताङ तथा म्याग्दी जिल्लामा याकको आलो रगत पिउने चलन छ। याकले हिमाली भेगमा पाइने विभिन्न प्रकारका जडीबुटी खानेहुँदा यसको रगतमा औषधिजन्य पदार्थ पाइने र त्यसबाट विभिन्न प्रकारका रोग निको हुने जनविश्वास रहि आएको पाइन्छ। तथापि पशु कल्याणको हनन भएको विषयमा जनमानसबाट यसको विरोध हुँदै आएको छ।

च) याकको छाला, सिँग र चमर

याकको छाला ओछ्याएर बस्न प्रयोग गरिन्छ भने याकको सिँग निकै लामो हुनेहुँदा यसलाई घरको भित्ताहरुमा सजावटको रुपमा समेत राखिन्छ। याकको पुच्छरलाई चमर भनिन्छ। हिन्दु तथा बौद्धमार्गीहरुले यसलाई आफ्नो पुजापाठ गर्ने कोठामा राख्दछन् । यसलाई धार्मिक तथा सांस्कृतिक चाडपर्वमा प्रयोग गरिन्छ । चमरको रौंको रंग अनुसार यसको मुल्य कायम गरिन्छ। प्रायजसो चमर तीन किसिमका हुन्छन् - सेतो, सेतो कालो मिसिएको (गंगाजमुना) र कालो। सेतो चमरको मुल्य सबैभन्दा महंगो हुन्छ।

छ) मल उत्पादन

याकको मललाई सोत्तरसँग मिसाएर कम्पोष्ट खाडलमा राख्ने गरिन्छ र आलु तथा घाँस खेतीमा प्रयोग गरिन्छ।

उच्च हिमाली क्षेत्रमा धेरै चिसो हुनाले मल कुहिंदैन् । खुल्ला रुपमा खाल्टोमा राखिएको मल एकदम कडा ढुंगा जस्तो हुन्छ यसलाई कोदो चुटे जसरी लौराले चुटेर मसिनो धुलो बनाइ घाँसबारी (चिसा) मा टप ड्रेसिङ गरिन्छ। चरन क्षेत्रमा याकनाकले गोब्राएको ठाउँमा घाँस अग्लो हुने र अन्य स्थानमा घाँस नसप्रने हुँदा चरन क्षेत्रको मललाई समेत सबैतिर छरि दिएमा समान किसिमको घाँसको वृद्धि हुन् सक्छ।

स्थानीय कृषकहरुलाई शुद्ध याकनाक उत्पादन गर्नुभन्दा यसका वर्णशंकर उत्पादन गर्दा बढी आर्थिक लाभहुने गर्दछ । त्यसैले स्थानीय कृषकहरु नाकमा किर्को (लाङ) वाट प्रजनन गराएर डिम्जो चौंरी वा डिम्जो झोप्क्यो उत्पादन गर्दछन् । किर्को एउटा तिब्बतीयन जातको गाई हो जसको जुरो हुँदैन अर्थात यो *Bos taurus* जातको गाई हो ।

अन्त्यमा,

याक आनुवांशिक स्रोत केन्द्रले शुद्ध याकनाकमात्र उत्पादन गर्ने र याकनाकको बाच्छाबाच्छी कृषकलाई उपलब्ध गराउँदै आएकोहुँदा याकनाकको संख्या घट्नबाट रोकिने देखिन्छ । याकनाकको संरक्षणबाट राज्यलाई आर्थिक रुपमा खासै फाइदा नभएता पनि याकनाकको संरक्षण गर्नु भविष्यको लागि अति आवश्यक देखिन्छ । हिमाली जीवनको आधार याकनाक रहेको हुँदा यसको संरक्षण र प्रवर्द्धन गर्नु राष्ट्रको अनिवार्य दायित्व हो । संरक्षणको अभावमा याकनाक लोप हुने उच्च सम्भावना रहेको र आगामी पुस्ताले याक कुनै एउटा हिमाली जनावर थियो भनेर किताबमामात्र पढ्न पर्ने अवस्था आउन सक्दछ । यसको संरक्षण, प्रवर्द्धन र विकासमा राज्यले प्रशस्त लगानी गर्नुपर्दछ । याक आनुवांशिक स्रोत केन्द्रले स्थापनाको ५० वर्ष पुरा भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै केन्द्रले याकनाकको प्रवर्द्धनमा राष्ट्रिय नेतृत्व लिन सकोस भन्ने कामना पनि गर्दछु ।









# याक विकास फार्म स्याङ्गबोचेमा कार्यरत रहँदाको मेरो अनुभूति



**श्याम प्रसाद पौडेल**
पूर्व फार्म प्रबन्धक
याक विकास फार्म, सोलुखुम्बु

हालको याक आनुवांशिक स्रोत केन्द्रको नाम त्यस बखतको समयमा अर्थात २०५५ सालमा याक विकास फार्म थियो । म नेपाल सरकारको सेवामा कार्यरत रहेको १५ वर्ष पछि पहिलो पटक हिमाली जिल्लामा फार्म प्रबन्धकको जिम्मेवारीमा गएको थिए । राजपत्रांकित द्वितीय श्रेणीको कन्फर्म व्यक्ति नै फार्म म्यानेजरको रुपमा हाजिर भई कामकाज गरेको सम्भवतः त्यो एउटा रेकर्ड नै हुनु पर्दछ स्याङ्गबोचे फार्मको इतिहासमा । म जानुभन्दा पहिला पनि राजपत्रांकित द्वितीय श्रेणीको दरबन्दी थियो तर कायम मुकायम दिएर पठाउने चलन थियो । पछि पुनःसंरचना हुदा दरबन्दीनै हटाइएको थियो तर हाल फेरी रा. प. द्वितीय श्रेणीको दरबन्दी रहेको छ । मेरो द्वितीय श्रेणीमा बढुवा २०५३ साल जेष्ठ महिनामा भएको थियो र म २०५१ चैत्रदेखि अध्ययन बिदामा थिए । म पढन जाँदा मेरो दरबन्दी कृषि विकास कार्यालय सोलुखुम्बुमा थियो (त्यस बखत एकिकृत विभागको संरचना थियो मन्त्रालय अन्तर्गतका सबै विभाग एउटै छानाको अवधारणामा एकिकृत गरिएको थियो) । त्यसैले हुनु पर्दछ मेरो बढुवा पदस्थापना स्याङ्गबोचे गरिएको रहेछ । मेरो अनुपस्थितिमा का.मु म्यानेजरको रुपमा क्षेत्र बहादुर के.सी.जीले कामकाज गर्दै आउनु भएको थियो र म कार्यरत रहुन्जेल वहाँले सहयोगीको रुपमा कामकाज गर्नु भयो ।

म अध्ययन बिदाबाट फर्केपछि एक हप्ता विभागमा हाजिर गरे । त्यसपछि २०५५ कार्तिक २२ गते (मलाई याद भएसम्म) म स्याङ्गबोचमा हाजिर हुन काठमाण्डौंबाट लुक्ला हुँदै यात्रा तय गरे । त्यतिबेला लुम्बिनी एअरलाइन्सको ट्विनअटर जहाज चल्थ्यो । हुनत मलाई रमाना मगाए पनि हुन्छ भन्ने सल्लाह दिइएको थियो विभागमा तर भेटघाटका क्रममा एक जना अग्रज सर श्री दलराम प्रधानज्यूले एक पटक पुग्नु पर्ने रमणीय ठाँउ छ जानुस हाजिर भएर केही महिनामा फर्केपनि हुन्छ भन्ने सुझाव मलाई पनि चित्त बुझ्यो । यसरी लुक्ला जाने जहाज चढियो तर काठमाण्डौंमा हुस्सु लाग्ने मौसम सुरु भईसकेकोले लुक्लामा जहाज अवतरण गरे पछि खाना खाएर बाटो लाग्दा ११ बजिसकेको थियो । मलाई भर्खर थाइल्याण्डबाट पढाई सकेर फर्किएकोले हाई अल्टिच्युडले असहज हुन्छ कि भन्ने लागेको थियो । मैले क्षेत्र बहादुर के.सी.जीलाई पनि सँगै जान र एकै दिनमा माथी फार्ममा नपुग्ने गरी बाटोमा बास बस्ने र भोली पल्ट पुग्ने गरी यात्रा मिलाउन भनेको थिए । त्यसै अनुसार लुक्लाबाट हिडेर जोरसल्ले नजिक (मञ्जु) बास बसे । भोली पल्ट बिहान नाम्चेको उकालो उक्लियो अनि स्याङ्गबोचे पुगे ।

म फार्ममा पुगेको समय फार्ममा याकनाक थिएनन, खर्कमा थिए । साना बाच्छाबाच्छी (याक्पे) भने फार्ममै थिए । नाक र ब्राउनस्वीस सँग क्रस गरिएका २ वटा गाईहरु थिए । कार्तिकको पहिलो हप्ता त अनुकुलनमा चिनजान

गर्दैमा बित्यो । त्यसपछि मंसिरको अन्ततिरबाट ठुलो हिउँ पर्न थाल्यो त्यस क्रमसँगै चिसो पनि बढ्दै गयो । ठुलो हिउँ परेको भोलिपल्ट एक दिन बिहानै क्वार्टर बाहिर हेर्दा त फार्म भरी याकनाक देखिए । न कसैले ढोका खोल्नु पर्ने पर्खाल नाघेर फार्ममा दाखिल भै सकेछन् । त्यस बखत फार्ममा खानेपानीको दुःख थियो । २ जना ज्यामी पानी बोक्नलाई मात्र राखिएको थियो । ठूलो हिउँ परेको समयमा हिउँ पगालेर साना बाच्छाबाच्छीलाई पानी खुवाउने गरिन्थ्यो । ठूला माउहरुलाई खोलामा लगेर पानी खुवाउनु पर्थ्यो । ठूलो हिउँ परेपछि बाटोनै पुरिने हुँदा पानी ल्याउन मुस्किल पर्थ्यो । नाम्चेमा लाग्ने साप्ताहिक हाटमा पनि पुग्न सकिदैन थियो । खानेपानीको स्रोत एउटै थियो खुन्दे नजिकै (फार्मबाट झण्डै आधा घण्टा जति टाढा थियो) । टेलिफोनको सुविधा थिएन । फोन गर्न गा.वि.सं.को पि.सि.ओ.मा जानु पर्थ्यो पालो कुरेर । सुरुमा मलाई हिमाली हावापानीमा अक्लेमेटाइज हुन समय लागेको थियो । राती निन्द्रामा झसङ्ग भएर ब्युँझने र त्यस समयमा मुटुको चाल एकदम बढेको हुन्थ्यो । यस्तो पटक पटक हुन थाले पछि म खुन्देको अस्पतालमा गएर एकजना न्यूजिल्याण्डका चिकित्सकसँग आफ्नो समस्या राखे । उनले सुरुमा तलबाट आएको मानिसलाई यस्तो हुन सक्छ, आत्तिनु पर्दैन र करिब २ हप्तामा ठिक हुन्छ भन्ने सुझाव दिए यसले केही सान्त्वना मिल्यो ।

छोटो समय बसेकोले मैले धेरै काम त गर्न सकिन तर एकाध काम चाहिँ अझै याद छ । पहिलो महत्वपूर्ण काम ना.प्रा.स, क्षेत्र सहायक, क्षेत्र चर र गोठालाहरुको स्थाई पदपूर्ति थियो । अर्को काम पनि मलाई महत्वपूर्ण नै लाग्छ त्यो हो किसानसँग घाँसको बीउ (स्थानीय घाँसहरु फुर्चा, ढिम्ची आदि) खरिद गरी किसानहरुलाई परल मुल्यमा नै बिक्रि गर्ने । यो प्रचलन फार्ममा पहिले देखिनै रहेछ मलाई पनि निरन्तरता दिँदा राम्रै हुन्छ भनेर सुचारु गरियो । फुर्चा घाँस किसानले हे बनाउन मन पराउँदा रहेछन् कारण यो चाँडो सुक्दो रहेछ । वर्षा याममा हे बनाइने हुँदा बढी सुख्खा पदार्थ भएकोले चाँडो सुक्दा हे बिग्रिने डर कम भयो । त्यसैले बीउ किन्न कहिले पाउँछ भनेर किसानहरुले सोध्ने गर्दथे । मुल्यमा अनुदान दिनु पर्दैनथ्यो बीउ पाए पुग्थ्यो । यसले एकातर्फ जैविक विविधता संरक्षण गर्न मद्दत पुग्ने भयो अर्कोतर्फ केही किसानलाई आम्दानीको राम्रो माध्यम । खुम्बु क्षेत्रमा हे बनाउने परम्परागत चलन हो । वि.सं.२०५५ सालमा नै जाडो याममा हे किन्दा प्रति के.जी. रु.४० पर्थ्यो । त्यो पनि भने जति नपाउने । त्यसैले हिउँद याम आउनु अगाडि नै हे को जो हो गर्ने चलन थियो । खर्कहरुमा पनि कतै स्थानीयसँग किनेर कतै आफ्नै जग्गाको घाँसबाट हे बनाएर हिउँ परेको समयको लागि राखिन्थ्यो । मैले कुनै पाठ्यपुस्तकमा पनि नपढेको र नदेखेको चलन पनि याक फार्ममा देखेको याद छ । त्यो भनेको जाडो याम अथवा हिउँ पर्नु भन्दा पहिले फार्ममा पालिएका सबै उमेर समुहका याकनाक, बाच्छाबाच्छीहरुलाई तोरीको काँचो तेल र अण्डा मिलाएर खुवाउने । यसबाट चिसोबाट बचाउँछ भन्ने धारणा रहेछ । म भएको समयमा एक पटक खुवाएको देखेको छु । साना बाच्छामा चिसोले पेट फुलेको चाँहि भोलिपल्ट नै घटेको देखियो । परम्परागत ज्ञान सीप पनि त वर्षौंको अनुभवबाट आर्जित हुने हो । नेपालमा पहिलो पटक २०३२ साल तिर तिब्बतबाट याकनाक ल्याउदासँगै आएका एक जना डुरु नाम गरेका गोठाला थिए । उनी ठूला याकहरुलाई पनि नियन्त्रणमा लिन सिपालु थिए ।

यो फार्मले गरेको अर्को मलाई मन परेको काम चाहि स्थानीय कृषकहरुलाई प्राविधिक सेवा दिने (सायद अहिले पनि निरन्तर नै छ होला) हो । विगतमा जि.प.से.का. सोलुखुम्बु र त्यसको सेवा केन्द्र टाढा पर्ने र सामान्य सेवाको लागि पनि खुम्बु क्षेत्रका किसानलाई असुविधा थियो । त्यसैले होला पहिलेदेखि नै फार्मले प्राथमिक उपचार लगायतका सेवा दिने गरेको रहेछ । जसको कारण स्थानीय समुदायसँग फार्मको ज्यादै न्यानो सम्बन्ध थियो । फार्मलाई खासै कुनै आर्थिक भार नपर्ने किनकि चाहिने औषधि लेखिदिएपछि काठमाण्डौबाट छिटै मगाउन सक्ने अवस्था थियो । स्याङ्गबोचेमा नियमित जस्तो चार्टड फ्लाइट हुन्थ्यो खास गरी हेलिकप्टरको त्यसैले सामान मगाउन

गाह्रो थिएन १/२ दिनमा आई पुग्ने। सेवा त प्राविधिक कर्मचारीहरु हुने भएकोले सहजै दिन सकिन्थ्यो। सिजनमा पशुहरु स्वस्थ रहनु व्यवसायिका लागि ज्यादै महत्वपूर्ण हुन्थ्यो । १ घण्टा घोडामा खुम्जुङ्ग क्षेत्रमा पर्यटकलाई घुमाएको १०० यु.स. डलर लिने गर्दथे त्यो समयमा त्यसैले खुट्टामा सानो चोटले घोडाले खोच्याउने अवस्था हुँदा पनि व्यवसायिलाई ठूलै घाटा लाग्थ्यो। त्यस्तै भारी बोक्ने झोप्क्यो (जोप्के पनि भन्दछन बोलीचालीको भाषामा) पनि अर्को महत्वपूर्ण जनावर हो पर्यटक आउने सिजनमा।

समग्रमा अहिले मेरो स्मृतीमा मेरो जीवन कै अविस्मरणीय समय लाग्छ मलाई स्याङ्गबोचेको बसाई । मैले पहिलेका म्यानेजर साबहरु वर्षमा कति समय फार्ममा वास्तविक हाजिर गर्दा रहेछन भनेर पनि हेरेको थिए। ८/१० वर्षको रेकर्ड हेर्दा सरदर १०० दिन जति हुँदो रहेछ। बाँकी समय बिदा, काज, तालिम, गोष्ठिमा क्षेत्रमा वा केन्द्रमा जाँदा नै बित्ने रहेछ। सबैभन्दा फार्ममा बस्न कष्टकर समय भने पुष माघ भन्ने सुनेको थिए। म चाहि माघको पहिलो साता नै सरुवा भएकोले रमाना लिएर हिडे झण्डै एक वर्ष कोटा पुऱ्याएर।

फार्म स्थापनाको ५० वर्ष पुगेको अवसरमा फार्मले आफ्नो स्वर्ण जयन्ती मनाउन गइरहेको छ भन्ने जान्न पाउँदा ज्यादै खुसी लागेको छ। यस फार्मले पनि आफ्नो जीवनकालमा धेरै उतार चढाव भोगेको छ। देशको एकमात्र याक फार्म भएको र धेरै जस्तो ठाँउमा याकनाक वा चौंरी पालन पेशामा आकर्षण वा प्राथमिकता कम भएको वर्तमान अवस्थामा प्रकृतिले मानिसलाई दिएको अनुपम उपहारको आनुवांशिक संरक्षण र विकासमा फार्मलाई सफलता मिलोस भन्ने कामना गर्दछु। साथै कठिन भुगोलमा फार्मको लक्ष्य परिपूर्ति गर्न खटिनुभएका फार्म प्रबन्धक लगायत सबै कर्मचारीहरुको पनि उत्तरोत्तर प्रगतिको कामना गर्दछु।








# परिवर्तित सन्दर्भ र याक तथा चौंरीपालनः सगरमाथा पदमार्ग केन्द्रित एक अनुभव



**डा. माधब प्रसाद अर्याल**
प्रमुख, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय,
हरिहरभवन

## पृष्ठभूमी

हिमाली भेगको विकट भौगोलिक परिवेश, मौसमी प्रतिकुलता र अक्सिजन एवम् आहाराको न्यूनता जस्ता विषम परिस्थित सहेर पनि उत्पादन दिन सक्ने एकमात्र घरपालुवा जनावरको रुपमा याक तथा चौंरीले आफ्नै किसिमको ख्याती आर्जन गरेको छ। नाक र चौंरीको दूध र दूधबाट बन्ने उत्पादनहरु जस्तैः दही, नौनी, घिऊ, चीज, छुर्पी, छेना, सेर्कम तथा याक, नाक र चौंरीको छालाबाट बन्ने म्याट, ज्याकेट, जुत्ता, पेटी, दोक्चा एवम् रौंबाट बन्ने चमर, डोरी, टेण्ट, त्रिपाल, स्विटर, मोजा जस्ता उत्पादनहरु हिमाली क्षेत्रका बासिन्दाको जीवन पद्धतिसँग जोडिएका छन्। त्यसैगरी याकको मासु र सुकुटी त्यस भेगका बासिन्दाको रोजाइमा पर्ने तथा याक र झोप्क्योहरु खेतबारी जोत्ने काममा समेत प्रयोग गरिन्छ। हिमाच्छादित सेताम्य भूभागमा भारी बोकेर हिंड्दै गरेको याकलाई देखेर "हिमजहाज" (Ship of the Snow) को उपमा दिएको पनि पाइन्छ। जे होस, हिमाली रहनसहन, चाडपर्व, भेषभूषा, खानपिन र आयआर्जनसँग प्रत्यक्ष जोडिएको याक तथा चौंरीपालन व्यवसाय त्यस भेगका बासिन्दाको जीविकोपार्जनको प्रमुख आधार हो भन्न सकिन्छ ।

हिमाली भेगको जीवन पद्धतिसँग जोडिएको याक तथा चौंरीपालन व्यवसायको वस्तुस्थिति अध्ययनका सिलसिलामा वि.सं. २०६२/०६३ सालमा सगरमाथा जिल्लाको लुक्ला देखि जोङ्ला सम्मको सगरमाथा पदमार्ग आसपासका क्षेत्रहरुमा भ्रमण गर्ने अवसर प्राप्त भएको थियो । झण्डै १७ वर्षको अन्तराल पश्चात वि.सं. २०७९/०८० सालमा सोही क्षेत्रको भ्रमण गर्दाका बखत विगत र वर्तमान प्रिप्रेक्षका अनुभवहरु समेट्दै सगरमाथा पदमार्ग आसपासमा देखिएको याक तथा चौंरीपालन व्यवसायको परिवर्तित स्वरुपलाई यस लेखमा समेटन् खोजिएको छ ।

## सङ्कटापन्न याक तथा चौंरीपालन

विगतमा अचल पैत्रिक सम्पत्तिको रुपमा छोराहरु माझ भागबण्डा र पुस्तान्तरण हुने गरेको याक तथा चौंरीहरु पछिल्ला दिनमा कस्ले पालिदिने भन्ने अवस्थाबाट गुज्रिरहेको छ। हिमाली क्षेत्रको भौगोलिक एवम् वातावरणीय परिवेशमा सन्चालन गरिने व्यवसाय भएकाले याक तथा चौंरीपालन पेशा प्रति युवा पुस्ताको झुकाव कमै देखिन्छ।

त्यसमाथि बढ्दो शिक्षा, स्वास्थ्य र रोजगारीको खोजीमा हुने गरेको बसाँइसराईका कारण हिमाल र पहाडको जनसंख्या घटिरहेको छ भने तराई र शहर केन्द्रित बसोबासमा वृद्धि भैरहेको पाइन्छ । यसले एकातर्फ याक तथा चौंरीपालनका लागि आवश्यक गोठाला वा कामदारहरु नपाइने समस्या थपिएको छ भने अर्कोतर्फ बढी आम्दानीका लागि अन्य पेशाहरु जस्तैः होटल, गेष्टहाउस, ट्रेकिङ्ग र अन्य नाफामूलक व्यवसाय अवलम्बन गर्ने प्रवृत्तिका कारण याक तथा चौंरीपालन पेशाबाट पलायन हुनेको संख्या बढ्दो छ । विगतमा हिमाली आयोजना लगायत याक तथा चौंरीपालन प्रवर्द्धनका लागि भएका प्रयासहरुले केही सुधारात्मक अवस्था देखिन थालेकोमा व्यावसायिक दिगोपना सुनिश्चित हुन नसक्दा याक र चौंरीहरुको संख्यामा बढोत्तरी हुन सकेको पाइँदैन् । नेपाल सरकारको आधिकारिक तथ्याङ्कलाई मनन् गर्ने हो भने आ.व. २०७७/०७८ मा नेपालका २९ जिल्लामा करिब ६५ हजार ४ सयको संख्यामा याक तथा चौंरीहरु रहेको देखिन्छ र यो संख्या वर्षेनी घट्दो क्रममा रहेको छ (DLS, 2022) ।

याक तथा चौंरीपालन पेशा प्रतिको अनिच्छाका पछाडी केही अन्य कारणहरु पनि जिम्मेवार देखिन्छन् । उदाहरणका लागि अधिकांश याक तथा चौंरीपालन गरिने क्षेत्रहरु वन्यजन्तु निकुन्ज, आरक्ष र संरक्षण क्षेत्र आसपास रहेकाले चरिचरन र वन्यजन्तुको आक्रमण जस्ता समस्या भोग्नु परिरहेको छ । विगतमा विना रोकटोक चरिचरनका लागि प्रयोग हुँदै आएका जमिन र जङ्गल क्षेत्रहरु सामुदायिक वन वा व्यक्तिगत स्वामित्वमा पुगेकाले निर्वाध चरिचरनमा समस्या देखिएको छ । त्यसैगरी वन्यजन्तुको आक्रमणबाट वर्षेनी ठूलो क्षती हुने तर क्षतीपूर्ति वापत पाइने रकम साह्रै न्यून मात्रै पाइने वा कतिपय अवस्थामा क्षतीपूर्ति नै नपाइने वा झण्झटिलो कागजी प्रकृया पुरागर्नु पर्ने भएकाले पनि याक तथा चौंरी पालक कृषकहरु हतोत्साहित हुने गरेका छन् । एकातर्फ पशु वीमा प्रदायकहरुको सेवा प्रवाह दुर्गम भेगमा अपेक्षित रुपले नबढेका कारण याक तथा चौंरीपालन व्यवसाय पशु वीमाको सुरक्षा घेरा भित्र पर्न सकिरहेको छैन भने वीमा गरिएका पशुलाई वन्यजन्तुले आक्रमण गर्दा वीमा दाबीका लागि आवश्यक सबुत प्रमाणहरु जुटाउन नसकिने अवस्थाले जोखिम न्यूनिकरण वा दाबी भुक्तानी असहज देखिन्छ ।

असंगठित रुपले दुर्गम भेगमा याक तथा चौंरीपालन व्यवसायमा संलग्न कृषकहरुको आवाज नीति निर्माता वा सरकारसम्म पुग्न नसकिरहेको वा प्रयाप्त महत्व पाउन नसकेको यथार्थता यस क्षेत्रको विकासका लागि संघ, प्रदेश वा स्थानीय सरकारबाट खासै बजेट विनियोजन नभइरहेको अवस्थाले पनि प्रष्ट्याउँछ । याक तथा चौंरीपालन व्यवसायको हित वृद्धिका लागि नेपाल याक तथा चौंरी कृषक महासंघ मार्फत कृषकहरुलाई संगठित गरि अघि बढाउन गरिएको प्रयासले पनि मूर्तरुप पाइसकेको छैन् । केही जिल्लामा याकपालक कृषक संघहरु गठन भैसकेका छन् भने बाँकी जिल्लामा यो प्रयास जारी छ । यसर्थः आगामी दिनमा नेपाल याक तथा चौंरी कृषक महासंघ गठन गरी भारत, चीन, भुटान, मङ्गोलिया आदी देशका महासंघहरुसँग आबद्ध गर्दै हिन्दुकुश क्षेत्रमा याक तथा चौंरीपालन प्रवर्द्धनका लागि समन्वयात्मक कृयाकलापहरु सञ्चालन गरि व्यावसायिक सम्बृद्धि र दिगोपना सुनिश्चित गर्न सकिने सम्भावना रहेको छ ।

### बदलिंदो परिवेश र याक तथा चौंरीपालन

सगरमाथा पदमार्ग क्षेत्रकै कुरो गर्दा विगत १७ वर्षको अवधिमा याक तथा चौंरीपालन र सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले जोडिएका उपक्षेत्रहरुमा देखिएका परिवर्तनहरुले याक तथा चौंरीपालन व्यवसायको दिगोपनमा चुनौतिहरु थपिएको अनुभूत गरियो । वर्षेनी लाखौंको संख्यामा सगरमाथा पदमार्ग हुँदै बेस क्याम्पसम्म पुग्ने

पर्यटकहरु वा हिमाल आरोहण गर्न जाने आरोहीहरुका निम्ति आवश्यक सरसामान बोक्नका लागि प्रयोग हुने याक र झोप्क्योहरु क्रमशः विस्थापित हुन थालेको देखियो । खासगरी काठमाण्डौबाट लुक्लासम्म प्लेनमा गएका पर्यटकहरु लुक्लाबाट ३ देखि ४ दिनको पैदल यात्रा गरि बेस क्याम्प सम्म पुग्ने गर्दथे । यसले पदमार्ग आसपासका क्षेत्रमा होटल, लज र रेष्टुरेन्टको व्यापार विस्तार, रोजगारी श्रृजना र स्थानीय उत्पादन प्रवर्द्धनमा सकारात्मक प्रभाव पारेको थियो । तिनै पर्यटकका अत्यावश्यक सामग्री बोकेर उकालो लाग्दै गरेका वा सामान पुर्याएर फर्किरहेका याक र झोप्क्योहरुको बथान सगरमाथा पदमार्गको एक अविस्मरणीय अनुभूति हुने गर्दथ्यो ।



चित्र १ः विगतमा ढुवानी साधनको रुपमा प्रयोग भएका याक र झोप्क्योहरु

तर पछिल्लो समय काठमाण्डौ वा लुक्लाबाट हेलिकप्टर चार्टर गरेर बेस क्याम्पसम्म पर्यटक र मालसामान ओसापसार गर्ने प्रचलनले व्यापकता पाउँदा पर्यटन व्यवसायसँग जोडिएर याक तथा चौंरीपालन व्यवसायले गर्दै आएको आयआर्जन स्रोत सुकेको छ । साथै, पर्यटकको बसाई छोट्टिएको, होटल र रेष्टुरेन्टको व्यापार घटेको तथा भरिया र गाइडले समेत काम पाउन छाडेको जस्ता नकारात्मक असरहरु उजागर हुन थालेको प्रत्यक्ष अनुभूत गरियो । यो परिवर्तनले पैसा हुनेहरुका लागि सुगमता वा सहजता थपिएको भए पनि याक तथा चौंरीपालन र पर्यटकीय पेशा व्यवसायमा संलग्न ठूलो जनसमुदाय मर्माहत भएको छ । त्यसमाथि आगामी २ वर्षभित्र लुक्लासम्म मोटरबाटो पुऱ्याउने लक्ष्य राखिएको सुन्दा सगरमाथा पदमार्गको आकर्षण र सुन्दरता जोगाउन मात्र नभै अन्य पेशा व्यवसायको भविष्यका लागि पनि नयाँ तरिकाले सोच्नुपर्ने अवस्था श्रृजना भएको अनुभूत गरियो ।

याक तथा चौंरीपालन व्यवसायको सन्दर्भमा सगरमाथा पदमार्ग आसपासका क्षेत्रमा देखिएको अर्को परिवर्तन भनेको खाना पकाउनका लागि एल पि ग्याँसको बढ्दो प्रयोग पनि हो । विगतमा याक तथा चौंरीपालनबाट प्राप्तहुने गोबरलाई सुकाएर इन्धनको रुपमा खाना बनाउन वा घर तताउने चिम्निमा प्रयोग गर्ने गरिएको प्रशस्तै उदाहरण देखिन्थ्यो तर अचेल त्यसको स्थान एल पि ग्याँसले लिन थालेछ । खासगरी खाना पकाउनका लागि ग्याँसको प्रयोग गर्ने प्रचलनमा व्यापकता आएको छ भने तिनको ढुवानीका लागि घोंडा र खच्चरहरु प्रयोग हुने गरेको देखियो । स्थान हेरी एक सिलिण्डर ग्याँस किन्दा ८ देखि १५ हजार सम्म खर्च गर्नुपर्ने अवस्थामा पनि एल पि ग्याँस प्रतिको बढ्दो झुकाव वास्तवमै विचारणीय छ । ग्याँसका सिलिण्डर बोक्नका लागि याक र झोप्क्योहरु प्रयोग नै गरिंदैनन् भन्न खोजेको त होइन् तर यस पटकको पदयात्राका क्रममा कतै पनि याक र झोप्क्योहरुले सिलिण्डर बोकेको देखिएन् । अझ भनौं यात्रा अवधि भर नगन्य मात्र याक र झोप्क्योहरु भारी बोक्ने काममा प्रयोग भएको पाइयो । यसो हुनुमा पर्यटक आउने मुख्य सिजन नहुनु वा याक तथा चौंरीपालन व्यवसायबाट भएको पलायनता आदिी जिम्मेवार हुन सक्दछन् ।



चित्र २: विगतमा वैकल्पिक इन्धनस्वरुप प्रयोग गरिने गोबरको गुइँठा

परम्परागत रुपले पशुपालन र कृषि कर्म एकअर्कासँग अन्तर सम्बन्धित रहँदै आएका छन् र यो यथार्थता सगरमाथा पदमार्ग आसपासका क्षेत्रमा पनि स्पष्ट अनुभूत गर्न सकिन्थ्यो । खासगरी याक तथा चौंरीहरु दिनभरी चरनमा छोडिए पनि साँझ खेतबारीमा राखेर जग्गा मलिलो बनाउनका लागि उपयोग गर्ने गरिएका उदाहरण अघिल्लो पटकको यात्राका क्रममा प्रशस्तै भेटिएको थियो तर यस पटक भने खै किन हो त्यस्तो अवसर जुरेन् । त्यसैगरी विगतमा खेतिपाती गरिएका कतिपय जग्गाहरु हाल बाँझिएको पनि देखियो । कतै यस्ले कृषकहरु याक तथा चौंरीपालन पेशाबाट पलाएन हुन थालेका र बसाँइसराईको यथार्थतालाई चित्रण त गर्दैन ? जे होस याक तथा चौंरीपालन व्यवसायको हितमा नरहेका थुप्रै परिवर्तनहरु सगरमाथा पदमार्ग आसपासमा प्रष्टै देखिन्छन् ।



चित्र ३: विगतमा खेतबारी मल्याउदै याक तथा चौंरीहरु

सगरमाथा पदमार्ग आसपासका बासिन्दाहरु मूलतः बौद्ध धर्मावलम्बी भएकाले प्रशस्त गुम्बाहरु रहेको र ति गुम्बाहरुमा गरिने पुजाआजाका लागि त्यही भेगमा उत्पादन भएको नौनी र घिउको प्रयोग हुने गर्दथ्यो । अझ हिमाल चढ्न जाने पर्वतारोही दलले हिमाल चढ्नु अघि र सफल आरोहण पश्चात फर्केर आउँदा निश्चित गुम्बाहरुमा बृहद पूजा गर्ने र यस्ता सामाजिक, धार्मिक कार्यका लागि चाहिने दूध र दुग्धजन्य पदार्थहरुका लागि याक तथा चौंरीपालनको अपरिहार्यता हुन आउँथ्यो ।



चित्र ४: सामाजिक र धार्मिक पक्षसँग जोडिएको याक तथा चौंरीपालन

तर समयक्रमसँगै सम्भवतः स्थानीय उत्पादनले नपुगेर वा याक तथा चौंरीपालन व्यवसायबाट विस्थापन हुने क्रम बढेकाले अन्यत्रबाट आयातित घिउ र नौनीको प्रयोग हुने गरेको पाइयो । नाम्चे बजारमा प्रति लिटर दूधको मूल्य २५० रुपैयाँ पर्ने भएपनि स्थानीयस्तरमा उपलब्ध नभएकाले आयातित पाउडर दूध वा कन्डेन्स्ड मिल्क प्रयोग गर्ने गरेको भेटियो । प्रयाप्त सम्भावना बोकेको तथा स्थानीय जीवन पद्धतिको अभिन्न हिस्साको रुपमा रहेको याक तथा चौंरीपालन व्यवसायमा देखिएको यस्ता परिवर्तनहरु वास्तवमै चिन्ताजनक छन् ।

**सारांश**

समय क्रममा देखापर्ने परिवर्तनहरुबाट कुनै पनि पेशा र व्यवसाय अछुतो रहन सक्दैन । सडक सन्जालको विस्तार, ढुवानीका साधन र स्वरुपमा आएको परिवर्तन, परिवर्तित सामाजिक परिवेश आदीका कारण याक तथा चौंरीपालन व्यवसायको दिगोपनमा देखिएका चुनौतीहरुको सामना गर्दै अगाडि बढ्नुको विकल्प देखिंदैन । याक चीजको नामले आफ्नो अलग्गै पहिचान कायम गर्न सफल नेपालको याक तथा चौंरीपालन व्यवसायलाई नाफामुखी पेशाको रुपमा अगाडी बढाउन सामूहिक प्रयत्नको खाँचो देखिन्छ । यस व्यवसायको उत्थान तथा विकासका लागि परिवर्तित राज्य संरचना अनुसारका तीनै तहका सरकारहरुको साझा प्रयत्न र तत्परता आवश्यक देखिन्छ । कतिपय स्थानीय तह र प्रदेश सरकारहरुले आ-आफ्नो कार्यक्षेत्र भित्र याक तथा चौंरीपालन प्रवर्द्धनको प्रयास थालेको पनि पाइन्छ । तथापी अझ बढी लगानी र नतिजामूखी कार्यक्रमहरुका साथ यस क्षेत्रको विकासका लागि पहल गरिएन भने ओरालो लाग्दै गरेको याक तथा चौंरीपालन साँच्चिकै लोप भएर नजाला भन्न सकिन्न ।

तिब्बती चरन क्षेत्र उपयोग गर्नमा भएको रोकावटसँगै नेपालको याक तथा चौंरीपालनमा हाडनाता प्रजनन बढेकाले उत्पादन र उत्पादकत्व वृद्धिमा उल्लेख्य सुधार हुन सकेको देखिंदैन । त्यसमाथी नेपालकै एक क्षेत्रबाट अन्यत्र याकनाक साटासाट गर्ने कुरो पनि भौगोलिक विकटताका कारण त्यति सहज देखिंदैन् । विगतमा विदेशबाट याकनाक आयात गरी उत्पादकत्व सुधारका लागि भएका प्रयासहरुलाई बजेट अभावमा निरन्तरता दिन सकिएको छैन् । यसर्थः कृत्रिम गर्भाधान जस्ता प्रविधिहरुको प्रयोगबाट नाक र चौंरीको उत्पादकत्व सुधार गर्ने तर्फ प्राविधिक दक्षता र सक्षमता विकासको खाँचो देखिन्छ । नेपालमा सरकारी स्वामित्वको एक मात्र याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्गबोचेलाई सुदृढ गरि गुणस्तरीय याक र नाकको उपलब्धता बढाउनु आवश्यक छ । त्यसैगरी प्रवर्द्धनात्मक कार्यक्रमहरु मार्फत यस पेशामा आबद्ध कृषकहरुको पलायनता रोक्ने पहल तत्काल थालिनु पर्दछ ।

याक तथा चौंरीपालन व्यवसाय प्रवर्द्धनका सन्दर्भमा छिमेकी राष्ट्रहरुले गरेका पहल र प्रयासहरुबाट सिक्दै र अनुसरण गर्दै व्यावसायिक दिगोपना सुनिश्चित गर्नु आजको आवश्यकता हो । नेपालमा याक तथा चौंरी विकासको स्पष्ट रणनीति तथा कार्ययोजना सहित अन्तराष्ट्रिय संघसंस्था र दातृ निकाय समेतको सहयोगमा याक तथा चौंरी विकास कार्यक्रम लागु गर्नु पर्दछ । ICIMOD मार्फत अगाडी सारिएको याक फेडरेशनहरुको सन्जालमा सामेलीले पनि यस क्षेत्रको विकासका लागि थप अवसरहरु श्रृजना हुन सक्दछ । मूलतः विकास कार्यक्रम तर्जुमाका चरनमा ओझेलमा पर्ने गरेको याक तथा चौंरीपालन व्यवसायको मुखरताका लागि कृषकहरुको संगठित संरचना र आपसी हातेमालो बढाउनु पर्दछ । त्यसैगरी निजी क्षेत्र समेतको समन्वय र सहकार्यमा याक चीज उत्पादन, बजारिकरण र निर्यात प्रवर्द्धन गर्न सके सम्भवतः व्यवसायिक मुनाफा बृद्धि गरी पेशा प्रतिको आकर्षण बढाउन सकिन्छ ।

याक तथा चौंरीपालनलाई पर्यापर्यटनसँग आबद्ध गर्ने, कामदार र गोठालाहरुको सुरक्षा र सुविधा वृद्धि, पशु वीमाको सहज पहुँच, प्राविधिक सेवाटेवाको विस्तार, राहत र क्षतीपूर्तिको सुनिश्चितता, उन्नत प्रविधिहरुको प्रयोग, क्षेत्रगत अध्ययन अनुसन्धानमा बढोत्तरी, याक तथा चौंरीपालन गरे वापत पालिएका पशुको संख्याको आधारमा अनुदान, व्यवसायमा निरन्तरताको आधारमा नगद प्रोत्साहन र अन्य प्रवर्द्धनात्मक उपायहरु अपनाइ यस व्यवसायमा आकर्षण थपिनु पर्दछ । समग्रमा याक तथा चौंरीको महत्वलाई आत्मसात गरी व्यावसायिक उत्थानका लागि सामूहिक पहल हुन सके यस क्षेत्रको दिगोपन र विकास सुनिश्चित हुन सक्दछ ।

# तिब्बतबाट याक र नाक आयातः एक सहभागीको अनुभव



डा. अमर शाह
सेवा निवृत्त प्रमुख पशु विकास अधिकृत तथा पूर्व आयोजना निर्देशक, हिमाली आयोजना
shahamar10@gmail.com

## पृष्ठभूमि र तयारी

जेष्ठ २०७१ को दोस्रो सातातिर कुनै काम विशेषले म तत्कालीन कृषि मन्त्री हरिप्रसाद पराजुलीज्यूको कार्यकक्षमा थिए। मन्त्रीज्यूलाई भन्नुपर्ने कुरा सकेपछि बिदा मागेर म निक्लन खोज्दा मन्त्रीज्यूले चीनको राजदूतसँग आजै भेट्ने कार्यक्रम भएकोले सो भेटमा उठाउनु पर्ने कुनै विषय छ कि भनेर सोध्नु भयो। म त्यस बेला एशियाली विकास बैंकको २० मिलिअन अमेरिकी डलर अनुदान सहयोगमा कृषि मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले हुम्ला, जुम्ला, डोल्पा, मुगु, मुस्ताङ्ग, मनाङ, रसुवा, दोलखा, सोलुखुम्बु र संखुवासभा गरि दश जिल्लामा सञ्चालन गरिरहेको उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजनाको निर्देशकको रुपमा काम गरिरहेको थिए। आ.व. २०६८/६९ मा सुरु भएदेखि नै आयोजनाले याक विकास फार्म, स्याङ्गबोचे, सोलुखुम्बुको सुदृढीकरणका अन्य काम गरे पनि चीनको तिब्बतबाट याकनाक ल्याउने आयोजनाको प्रयास भने सफल हुनसकिरहेको थिएन। उपलब्ध तथ्याङ्कअनुसार याकनाक पाइने देशका सबै हिमाली जिल्लाहरुमा मिलाएर त्यसबखत नेपालमा ७० हजार भन्दाबढी याकनाक तथा चौंरीहरु थिए भने तिब्बतबाट ४८ वटा याकनाक आयात गरेर वि.सं.२०३० मा स्थापना गरिएको याकको एक मात्र स्रोत केन्द्र पशु विकास फार्म, स्याङ्बोचेले ६० वटा जति वयश्क याकनाकपालन गरेर वार्षिक रुपमा प्रजनन योग्य १३-१४ वटा भाले याक मात्र उत्पादन गरिरहेको थियो। निश्चयनै माग र आवश्यकताको तुलनामा यो संख्या अत्यन्त कम थियो। तसर्थ स्थानीय याकनाकमा भइरहेको हाडनाता प्रजननको असर कम गर्न र उत्पादकत्व लगायतका अन्य गुणहरु सुधार गर्न बाहिरबाट याकनाक ल्याउनु जरुरी थियो।

आयोजना सुरुवात भए लगत्तै ल्हासा स्थित नेपाली महावाणिज्य दूतावासको सहयोगमा त्यहाँबाट याकनाक ल्याउने प्रयास थालेको र तत्कालीन महावाणिज्यदूत तथा तिब्बत सरकारका पदाधिकारीहरुको सहयोग हुदाहुँदै पनि याकनाक आयात गर्न भने आयोजना सफल हुन सकेको थिएन। यस्तो समयमा चीनका राजदूतसँगको भेटघाटमा यो विषय उठाइदिन अनुरोध गरेर म मन्त्रीज्यूको कार्यकक्षबाट बाहिरिए। यो सो दिनको करिब १२ बजेतिरको कुरा हुनुपर्छ।

भेटमा मन्त्रीज्यूले कुरा उठाउनु भएछ, परिणामस्वरुप चिनियाँ राजदूतावासका हुवाङ चाव नाम गरेका कर्मचारीको फोन मैले त्यही दिन अपरान्ह तीन बजेतिर पाए । उनले मलाई सांग्रिला होटेल, लाजिम्पाटमा कफी पिउन तुरुन्त आउन निम्ता गरे । म गए र के चाहेको हो उनलाई बुझाँए । केही दिनसम्म छिटोछिटो चलेको भेटघाट र फोन सम्पर्कको नतिजास्वरुप २०७१ जेष्ठ २४ मा म सहित त्यस बखत पशु सेवा तालिम केन्द्र, पोखरामा कार्यरत वरिष्ठ पशु विकास अधिकृत दामोदर न्यौपाने, आयोजनाका सूचना तथा सञ्चार अधिकृत कमल पौडेल र याक विकास फार्म, स्याङ्गबोचेका प्राविधिक मित्र राम ललन यादव चार जना याक छनौट गरी खरिद सम्झौता गर्न र नेपालमा ल्याउने व्यवस्था गर्न आठ दिने भ्रमणमा ल्हासातर्फ उड्यौं ।

### नसोचेका सरकारी पाहुना

जेष्ठ २४-३१, २०७१ (७-१४ जुन २०१४) को एक हप्ते तिब्बत भ्रमणमा हाम्रो टोलीले याक फार्ममा पुगेर याकनाक छनौट गर्ने, याक वीर्य उत्पादन प्रयोगशाला, तिब्बत एकेडेमी अफ एग्रिकल्चरल रिसर्चका वैज्ञानिकहरुसँग याक र भेडापालन सम्बन्धमा छलफल गर्ने र याक सँग्रहालय र गलैंचा उद्योगको अवलोकन गर्नुको साथै ल्हासाका मुख्य दर्शनीय स्थलहरुको पनि भ्रमण गऱ्यो ।

हामी चीन सरकारको निमन्त्रणामा नभएर आफ्नै पहल र काममा जान लागेको हुदा त्यहाँको सरकारी आतिथ्यता पाउने आशा नगरी ल्हासामा रहेको नेपाली महावाणिज्यदूतावासलाई कुनै "ठिक-ठिकै" होटेलमा कोठा बूक गरिदिन अनुरोध गरेका थियौं र एयरपोर्टबाट होटेलसम्म पनि आफ्नै व्यवस्थापनमा जाने सोच बनाएका थियौं । त्यसमा थप हाम्रो इमेल सम्पर्क भइरहने र याक ल्याउने कार्यमा चीन र तिब्बत सरकारका निकायहरुसँग निरन्तर सम्पर्क तथा समन्वय गरिरहने महावाणिज्यदूतावास, ल्हासाका तत्कालीन महावाणिज्यदूत श्री हरिप्रसाद बस्याल काम विशेषले त्यस समयमा ल्हासामा नहुने जानकारी पहिलेनै पाइसकेका थियौं । तर, ल्हासा एयरपोर्टमा अध्यागमनका औपचारिकताहरु पूरा गरेर बाहिर निस्कदा त्यहाँ चीन तिब्बत स्वायत्त प्रदेशको कृषि तथा पशुपालन विभागका उप-निर्देशक डा. सु तिम (Tsul Tim), विभागकी अंग्रेजी बोल्न जान्ने वरिष्ठ अधिकृत पेम्बा डोल्मा सहित नेपाली महावाणिज्यदूतावासका एट्याची अम्बर बहादुर नेपालीको साथमा गाडी सहित हामीलाई स्वागत गर्न तयार हुनुहुन्थ्यो । आफ्नो महावाणिज्यदूतावासले सहयोग गर्ने आशा गरे पनि चीन वा तिब्बत सरकारका पदाधिकारीले यसरी स्वागत, सत्कार र सहयोग गर्लान् भन्ने आशा नराखेका हाम्रोलागि यो स्वागत पाउनु अत्यन्त सुखद र आश्चर्यजनक घटना थियो । हाम्री दोभाषे तिब्बत सरकारको कृषि तथा पशुपालन विभागकी वरिष्ठ अधिकृत सोलुखुम्बुतिरकी शेर्पा जस्तै लाग्ने पेम्बा डोल्मा रहिछन जसको अंग्रेजी भाषा सीमित शब्दभण्डारको बाबजूद अत्यन्त स्पष्ट थियो ।

एयरपोर्टमा न्यानो स्वागत गरेपछि हामीलाई हाम्रो लागि बूक गरिएको महावाणिज्यदूतावास छेउकै होटेलमा पुऱ्याइयो, जुन सफा तर साधारण थियो । त्यो बसाई सरकारी भ्रमणमा जाने प्रतिनिधि मण्डल स्तरको पटक्कै नहुने महसुस गरेपछि चिनियाँ अधिकारीको लाज पनि लाग्यो हामीलाई । "हामीले नै बास पनि व्यवस्था गर्ने थियौं ... ... ...तिमीहरुले व्यवस्था गरिसकेछौ । खाना भने हाम्रो तर्फबाट है ..." भन्दै उप-निर्देशक डा. सु तिमले हाम्रो खानाको खर्च त्यहाँको सरकारले तिर्ने र हामीलाई सरकारी पाहुना ठान्न सो होटेलकी व्यवस्थापकलाई भने र हाम्रो भ्रमणकोलागि समन्वयकर्ता तथा गाडीको व्यवस्था गरिएको जानकारी दिदै हामीलाई दोभाषे पेम्बाका जिम्मा लगाएर गए । हामी बसेको हाटेल एक महिलाले सञ्चालन गरिरहेकी थिइन जसले प्रत्येकवर्ष केही महिना बौद्धमा आएर बस्ने गरेको जानकारी हामीलाई दिइन् । नेपाली भाषा बुझ्न र बोल्न नजाने पनि उनले नेपाल बुझेकी थिइन्

र हामीलाई अत्यन्त माया गरेर राखिन् । त्यसमा उनको होटेल र रेस्टुरेन्ट तातोपानी नाका हुँदै कम खर्चमा स्थल मार्गबाट नेपाल आउन महावाणिज्यदूतावासबाट भिसा लिन चाहने चिनियाँहरुको भरमा चलेको र हामी सोही महावाणिज्यदूतावास तथा तिब्बत सरकार दुबैका सरकारी पाहुना भएको कारणले पनि होला, हाम्रो मान सम्मान अलि बढिनै भयो ।

## याक छनौट

ल्हासा जानु पहिलेनै पशु सेवा विभागद्वारा तयार पारिएको हामीले ल्याउने याकनाकको मापदण्ड चिनियाँ पक्षलाई पठाइसकिएकोले एउटा फार्ममा सो बमोजिमका ५० वटा याकनाक पूर्व छनौट गरेर राखिएको र हाम्रो छनौटमा त्यो संख्या अपुग भएमा थप याकनाक सोही फार्मबाट वा अर्को कुनै फार्मबाट उपलब्ध गराउने जानकारी चिनियाँ पक्षबाट प्राप्त भयो । हाम्रो टोलीका चार जनामध्ये कमलजी सूचना प्रविधि क्षेत्रको व्यक्ति भएको र म पशु चिकित्सक भए पनि हिमाली क्षेत्रमा काम नगरेको हुँदा हाम्रो टोलीमा स्याङ्गबोचे फार्ममा पहिले काम गरेका दामोदरजी र हाल काम गरिरहेका राम ललन यादबजीलाई मात्र याकबारे जानकारी थियो । तसर्थ याकनाक छान्ने सबै जिम्मेवारी उहाँहरु दुवैमा थियो ।

हामी ल्हासा पुगेको तेस्रो दिन हामीलाई ल्हासाबाट करिब ६० किलोमिटर पूर्व रहेको लगभग ७०० याक पालिएको याक प्रजनन फार्ममा लगियो । त्यहाँ त्यो दिन सो फार्मका मात्र नभई तिब्बत सरकारको कृषि तथा पशुपालन विभागका उच्च पदस्थ पदाधिकारीहरु पनि धेरै जना थिए । नेपालमा पठाउन सकिने भनी पूर्वछनौट गरेका सबै याकनाक हामीलाई देखाइयो । हामी विदेशी पाहुनालाई देखाउन पनि होला फार्मको सरसफाई र हामी सबैको लागि गमबूट, एप्रोन, ह्याट आदि सबै कुराको अत्यन्त राम्रो व्यवस्था गरिएको थियो । उग्र स्वभावका याकनाकलाई नियन्त्रण गरी नजिकबाट त्यसका दाँत हेर्न वा याकका प्रजनन अंग सामान्य भए नभएको हेर्नु त्यति सहज थिएन तर, फार्मका कामदारहरुको सहयोगमा अत्यन्त सहज रुपमा त्यो काम सम्पन्न भयो । उनीहरुले पहिले छानेका ५० वटा मध्येबाटै हामीले २५ वटा नाक र ५ वटा याक छान्यौं र चिनियाँहरुसँग मिलेर कागजपत्र रुजुगर्ने तथा अभिलेखहरु मिलान गर्ने काम सक्यौं ।



याकको उग्र स्वभाव र चिनियाँ र हामीबीच भाषाको समस्याभएपनिहामीभन्दाउनीहरुकैसक्रियतामायोकामबडो राम्रोसँग सम्पन्न भयो । छनौट गरिएका सबै सिलिन नश्लका याकनाक ४ वर्ष वरपरको उमेरका थिए र पशु सेवा विभागले निर्धारण गरेको मापदण्ड बमोजिमका थिए । छनौट गरिएका याकनाकलाई थप परीक्षण र क्वारेन्टिन गर्न पठाइयो । नेपाली आर्थिक वर्षको अन्त्य नजिक भएको र वर्षा सुरु हुने भएकोले क्वारेन्टिन अवधि छोट्याउन गरेको हाम्रो अनुरोध मान्न भने चिनियाँहरु तयार भएनन् । यो व्यवस्था दुबै देशबीच हुने व्यापारको पहिले नै सहमति भएको एक अनिवार्य शर्त भएकोले यसमा छुटको गुञ्जायस नहुने उनीहरुको तर्कको उचित जवाफ हामीले भेटाएनौं ।



हामीले भेटेका सबै चिनियाँ अधिकारीहरुमा नेपाल र विशेष

गरी नेपालको हिमाली भेगप्रति अत्यन्त सद्भाव थियो । "औपचारिक रुपमा अनुरोध पुगेको भए याकनाक तिब्बत प्रान्तीय सरकारले उपहारमै पनि दिन सक्थ्यो"– उनीहरु छिमेकी देशलाई याकनाक बिक्री गर्नु परेकोमा भने त्यति खुसी देखिन्नथे । तर पनि एउटा याकनाकको मूल्य १०,००० युयान हुने, सो बराबरको रकम अमेरिकी डलर ४८३३१ नेपालबाट अग्रीम पठाउने र चिनियाँ पक्षले याकनाक सोलुखुम्बुको सीमा क्षेत्रको २०,००० फीट अग्लो नाङ्पाला भञ्ज्याङसम्म सोही रकममा ढुवानी गरी हस्तान्तरण गर्ने सहमति भयो । सबै कुरामा सहमति हुदाहुँदै पनि रकम भुक्तानी गर्ने तरिकामा सहमति नहुँदा सो दिन सहमति पत्रमा हस्ताक्षर भने हुन सकेन । सो काम अर्को दिन ल्हासामा भयो, जसमा नेपालको पक्षबाट मैले र चिनियाँ पक्षबाट डा. सु तिमले हस्ताक्षर गर्‍यौं ।

### याक ल्याउने तयारी र याक आयात

जेष्ठ ३१ को दिन काठमाडौ फर्कने बित्तिकै हामी याक ल्याउने व्यवस्था गर्न लाग्यौं । हामीलाई हतार गर्न बाध्य पार्ने एउटा कारण आर्थिक वर्ष समाप्त हुन लाग्नु थियो भने त्यो भन्दा महत्वपूर्ण अर्को कारण याक ल्याउने समुद्री सतहबाट करिब २०,००० फीट अग्लो नाङ्पाला भञ्ज्याङसम्मको नेपाल तर्फको बाटो यता केही वर्षदेखि खासै चल्तीमा नहुनु र वर्षा सुरु भएपछि त्यही बाटो पनि बन्द हुने सम्भावना हुनु थियो । स्याङ्गबोचेसम्म जान पनि डराउने हाम्रो लागि २०,००० फीट अग्लो भञ्ज्याङ् पार गरेर लगभग २५ दिन यात्रा गरी तिब्बतबाट याक ल्याउन जाने कुरा कल्पना भन्दा परको विषय थियो । अतः याक ल्याउने व्यवस्था गर्ने सम्पूर्ण जिम्मा ललनजीलाई दिन हामी तयार भयौं । ललनजीले स्थानीय शेर्पाहरु छनौट गर्नु भयो र स्याङ्गबोचेमा सेवारत निजामती र सेनाका अधिकृत समेत गरी २१ जनाको टोली १५ वटा याकमा बन्दोबस्तीका सामान बोकाएर याक ल्याउने अभियानमा ११ असारमा नाङ्पालातिर हिड्यो । इमान्दार भएर भन्दा हिमाली आयोजनाको काठमाडौ कार्यालयका हामीहरुको योगदान सो कामको लागि रु. १७ लाख स्याङ्गबोचे पठाउने भन्दा बढी रहेन् ।



याक ल्याउने अभियानमा स्याङ्गबोचेबाट हिडेको २१ जनाको टोलीका को-को सीमासम्म पुगे भन्ने हामी काठमाडौं बस्नेलाई थाहा हुने कुरा भएन् । तर, याक बुझ्न नेपाली टोली १९ असार २०७१ को निर्धारित दिनमै नेपाल-चीन सीमामा पुग्यो, जहाँ नेपाललाई याक पठाउन अत्यन्त सहयोग गरेका तिब्बत स्वायत्त सरकारको कृषि तथा पशुपालन विभागका उप-निर्देशक डा. सु तिम र दोभाषे तथा समन्वयकर्ता भई हामीलाई सघाउने सो विभागकी वरिष्ठ अधिकृत पेम्बा डोल्मा दुबै उपस्थित भई एक समारोहबीच याक हस्तान्तरण गरेको जानकारी हामीले फोटोबाट थाहा पायौं । तिब्बत तर्फ सीमासम्म मोटर गुडाउने सुविधा भए पनि उच्च पदस्थ सरकारी अधिकारीहरु स्वयं याक हस्तान्तरण गर्न आउनु व्यापार मात्रै नभएर नेपालसँगको सम्बन्धलाई उनीहरुले दिएको महत्वको प्रतीक थियो । असार ११ मा याक यात्रामा निक्लेको टोली १४ दिनपछि याक ल्याएर स्याङ्गबोचे फर्कियो । यो रोमाञ्चक यात्राको सहभागी वा साक्षी हुन सकेको भए कति रमाइलो हुन्थ्यो होला ?

## पशुपालन र तिब्बत




संसारको छानो भनेर चिनिने तिब्बती पठारमा अवस्थित १२,२८,००० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको तिब्बतमा बसोबास गर्ने ३५ लाख भन्दा बढी मानिसको जीवन यापन याक, भेडा, घोडा र च्याँग्रापालनमा आधारित रहेको देखिन्छ। हिमालको उत्तरी भाग विशाल समथर फाँट भएकोले र त्यहाको सुख्खा र चिसो हावापानी अन्य खेतीको लागि अनुकूल नभएकोले पनि परापूर्व कालदेखिनै पशुपालनले महत्व पाएको हुनुपर्छ। चीनमा विलय भएपछि राजनैतिक कारणले व्यापार तथा भ्रमणको लागि बाहिरी संसारको लागि बन्द भएको भए पनि हाल बिदेशी पर्यटक र व्यापारीको लागि तिब्बत खुला हुँदै आएको देखिन्छ। यो खुलापनसँगै तिब्बती परम्परागत सीप प्रयोग भई बनेका कार्पेट लगायतका उनी एवं पश्मिनाका उत्पादनहरुको बजार संसार भर बढ्ने र त्यसले त्यहाँको पशुपालन व्यवसायलाई झन टेवा मिल्ने देखिन्छ। ल्हासामा हामीले भ्रमण गरेका अनुसन्धान केन्द्र, फार्म, प्रयोगशाला र उद्योगहरु र पशुपालन क्षेत्रमा केन्द्रीय सरकारले गरिरहेको लगानीले यस्तै संकेत गरेको हामीले पायौं।



Yak Nak Handover program in Tibet

## ल्हासा यात्राका रोचक दुई घटना

यो लेख साहित्यिक यात्रा वर्णन नभएर याक आयात गर्दाको रुखो विवरण मात्र हो । याक विकास फार्म, स्याङ्बोचेको इतिहासमा यी याक आयात हुनुको बेग्लै महत्व होला र यी याकले त्यो क्षेत्रको याकपालनमा योगदान पुग्यो होला भन्ने मैले ठानेको छु। तसर्थ, विषयान्तर नहुने गरी याक ल्याउने भ्रमणको क्रमका घटेका दुईवटा रोचक प्रशङ्गलाई यहाँ उल्लेख गर्न चाहन्छु।

पासपोर्ट हरायोः कृषि मन्त्रीज्यूले राजदूतसँग याक आयातको विषय उठान गरेपछि चिनियाँ राजदूतावासका हुवाङ चाव हाम्रो सम्पर्कमा रही रहे र तयारीका सबै औपचारिक प्रक्रिया पूरा भएपछि हामीलाई भिसाको लागि आवेदन गर्न भने। मसँग सरकारी निलो रङ्गको म्याद सहितको पासपोर्ट पहिलेनै भएकोले यस बारे मैले खासै सोचेको पनि थिइन्। तर, भिसा आवेदन गर्न भनेर पासपोर्ट खोज्दा घरमा भेटिएन। म त चिन्तित भए नै, म भन्दा बढी मेरी श्रीमती पुष्पा आत्तिइन। पुरानो पासपोर्ट जम्मा नगरे नयाँ सरकारी पासपोर्ट बन्ने सम्भावना थिएन



Nangpala, far end a Yak stuck in glacier mill, men trying to rescue it

र घर सबै उधिन्दा पनि पासपोर्ट भने भेटिएन । फलतः समयाभावलाई ध्यानमा राख्दै दोब्बर दस्तूर तिरेर, परराष्ट्र मन्त्रालयमा काम गर्ने सम्पर्क सूत्रको सहयोगमा मैले व्यक्तिगत पासपोर्ट बनाए र जसोतसो समय सीमा भित्रै भिसाको लागि आवेदन दिए ।

निर्धारित दिनमा भिसा लागेको पासपोर्ट लिन हात्तिसारस्थित चिनियाँ भिसा आवेदन सेन्टरमा लाइनमा उभिएको थिए, नेपाल उद्योग वाणिज्य महासंघको कृषि उद्यम केन्द्रमा काम गर्ने मित्र राममणी पौडेलजीको फोन आयो । उनी त्यति बेला म कार्यरत हिमाली आयोजनाको साझेदार कृषि उद्यम केन्द्रको हिमाली आयोजना हेर्ने टोलीका टोली प्रमुख थिए । "तपाई तिब्बत जाने भनेको होइन?" उनले सोधे । "हो" मैले जवाफ फर्काए । "तपाईको पासपोर्ट मसँग छ, अनि कसरी जानुहुन्छ त?" उनी हाँसे । म झल्यास्स भए । केही दिन पहिले उनको कार्यालय टेकुमा जादा स्क्यान गर्न मैले त्यो पासपोर्ट दिएको रहेछु र स्क्यान गरेपछि पासपोर्ट स्क्यानरमै छुटेछ । बीचमा त्यो स्क्यानर प्रयोग भएन र कसैले थाहा पनि पाएन । आज स्क्यानर प्रयोग गर्न खोज्दा उनले पासपोर्ट भेटाएका रहेछन । यसरी "हराएको" सरकारी पासपोर्ट त पाइयो तर, म भने व्यक्तिगत पासपोर्टमै ल्हासा जानु पऱ्यो ।

झण्डै अन्धा भएका: १० जुन २०१४ (२७ जेष्ठ, २०७१) का दिन हामी भ्रमणमा ल्हासाबाट गाडीमा जाँदा करिब चार घण्टा समय लाग्ने समुद्री सतहबाट १७,००० फीट उचाईमा रहेको ७० किलोमिटर भन्दा बढी लामो विशाल नाम्चो (Namcuo) ताल अवलोकनमा गयौं र फर्कदा ड्याम ज्याङ काउण्टीमा रहेको याक सिमेन उत्पादन प्रयोगशालाको पनि अवलोकन गऱ्यौं । सो प्रयोशालाका प्रमुखले अत्यन्त सम्मान र सद्भावपूर्वक हामीलाई प्रयोगशाला भ्रमण गराए र वीर्य प्रशोधन कक्षमा पस्नुभन्दा पहिले प्यासेजका भित्तामा टाँगिएका फ्लेक्सका फोटोहरु देखाएर धेरै समय याक वीर्य प्रशोधनका प्राविधिक पक्ष बारे बुझाउने प्रयास गरे । प्रयोगशाला अवलोकन पश्चात आभार प्रकट गरेर हामी हिड्यौं र साँझ होटेलमा पुग्यौं ।

अर्को दिन बिहान उठ्दा हामी चारै जनाका आँखा राता-राता भएर हेर्न नमिल्ने गरी बिझाइरहेका थिए र भुक्क सुन्निएका थिए । हामी चार जनामध्ये मेरा आँखामा असर अलि कम थियो । रातभरमा यो के भयो? हामी बुझ्न सकिरहेका थिएनौं । यस्तैमा हाम्री भ्रमण समन्वयकर्ता तथा दोभाषे पेम्बा डोल्मा हातमा औषधिको झोला सहित आत्तिदै आई पुगिन् । हाम्रा जस्तै उनका पनि आँखा सुन्निएका थिए । हामी सबका आँखामा असर पार्ने कारण त हिजो प्रयोगशालाको प्यासेजमा निसंक्रमण गर्न राखिएको परावैजनी (Ultra–voilet) प्रकाश पो रहेछ । सो प्यासेजमा सरासर हिँडेको भए असर पर्ने थिएन होला तर, त्यहाँका प्रमुखले हामीलाई रोकेर धेरै बेर विभिन्न फोटोहरु बारे बुझाए र uv प्रकाश धेरै बेर परेको कारण त्यसकै असर आँखामा परेको रहेछ । मैले चस्मा लगाएको कारण मेरो आँखामा कम असर परेको रहेछ । पेम्बाले हामीसँग त माफी मागिन नै विदेशी पाहुनासँग घटेको घटना भएकोले कडा कारबाही पनि हुन सक्ने भनेर प्रयोगशाला प्रमुखको सातो पनि लिएकी रहिछन् ।

### ल्हासा भ्रमणमा अनुभूत गरिएका कुरा

खास बेग्लै प्रयोजनको लागि गरिएको करिब एक हप्ते भ्रमणमा त्यहाँको सामाजिक, आर्थिक र राजनैतिक पक्षबारे गहिरो जानकारी प्राप्त हुन त सम्भव थिएन । तर पनि यो छोटो भ्रमणको क्रममा तिब्बत र तिब्बती बारे मैले अनुभूत गरेका केही प्रमुख कुराहरु यस प्रकार छन्ः

नेपालप्रतिको स्नेहः तिब्बतसँग परापूर्व कालदेखिनै नेपालको आर्थिक, सांस्कृतिक र राजनैतिक सम्बन्ध रहेको छ । सार्वभौम राष्ट्रबाट चीनको स्वशासित प्रदेशका नागरिक बनेपछि पनि तिब्बतीहरु नेपालप्रति अत्यन्त स्नेह राख्छन भन्ने कुरा हाम्रो भ्रमणको क्रममा हामीले भेटेका सरकारी पदाधिकारी र थोरै नागरिकहरुले प्रदर्शन गरे । नेपालको हिमाली भेगमा कुनै परियोजना सञ्चालन गर्ने र नेपालसँग सहकार्य गर्ने इच्छा हामीले भेटेका सबैले प्रकट गरे ।

भौतिक विकासमा छलाङः हामी पुगेको समयमा हिमाल हिमाल कुद्ने ५००० किलो मिटर लामो बेजिङ्ग-ल्हासा रेल पुरानो भएको थिएन र हामीले भेटेका सबैले कुराकानीमा गर्वसाथ त्यो रेलको प्रसङ्ग ल्याउँथे । यस बाहेक ल्हासा र हामीले भ्रमण गरेका अन्य भागमा निर्माण भएका वा हुँदै गरेका भौतिक पूर्वाधारहरुको अवस्था र गुणस्तर पनि मैले भ्रमण गर्न पाएका अन्य विकसित र सम्पन्न देशका संरचनाहरुको तुलनामा उन्नीस देखिएनन् । मैले अनुभव गरेको अर्को कुरा आफ्नो भौतिक प्रगति र सम्पन्नता देखाउन सबै जना अत्यन्त उत्सुक र उत्साही देखिए । अर्कै उद्देश्यले पुगेको हाम्रो टोलीलाई तामझाम सहित विभिन्न संस्था र ठूलाठूला होटेलहरुमा गरिएको स्वागत सत्कारले यही संकेत गरेको बुझे मैले ।

आध्यात्मिक सांस्कृतिक चेतः तिब्बत आध्यात्मिक र सांस्कृतिक क्षेत्रमा परापूर्वकालदेखिनै अत्यन्त सम्पन्न रही आएको छ । तिब्बतीहरुको जीवन बौद्ध धर्मका शिक्षाले निर्देशित गर्ने गरेको छ । बौद्ध धर्म र बुद्ध मन्दिरप्रति त्यहाँका सर्वसाधारणको आस्था देख्दा सार्वभौम राष्ट्रबाट चीनको स्वशासित प्रदेश बनेपछि र धर्मलाई निरपेक्ष रुपमा हेर्ने शासन व्यवस्थामा तीन दशक बिते पनि यसमा खासै फरक आएको देखिएन ।

## उपसंहार

पहिले नै उल्लेख गरियो, यो यात्रा वर्णन नभएर तिब्बतबाट याकनाक ल्याएको रुखोबयान मात्र हो । हामीले ल्याएका यी याकनाकले नेपालको याक विकासमा पक्कै पनि धेरथोर योगदान दिए होलान् । नेपालको पशु विकास गर्न भनेर हामीले विगतमा पनि यसै गरी धेरै देश र धेरै स्रोतबाट जीवित पशु, पंक्षी, वीर्य, भ्रुण आदि आयात गरी प्रयोग गरेका छौं । तर, बडो मुस्किलले ल्याइएका ती स्रोत वस्तुको अधिकतम उपयोग भने गर्न सकेनौं कि जस्तो मलाई लाग्ने गर्छ । यसरी सधै बाहिरबाट ल्याएर मात्रै नेपालको पशु विकास गर्न सम्भव नहोला कि? आयात गरिएका स्रोतलाई बिउ मानी तिनको अधिकतम र दूरगामी उपयोग गर्ने प्रभावकारी कार्यक्रम र योजना बनाउने र कार्यान्वयन पो गर्ने हो कि ?



तिब्बतबाट याकनाक लिन जाँदा बाटोमा आराम गर्दै


तिब्बतबाट याकनाक लिएर आएपछि सहयोगीहरुलाई जोङ्लामा बिदाई गर्दै

# तिब्बतबाट आयात गरिएका हाल केन्द्रमा रहेका याकनाक

| सि.नं. | ट्याग नम्बर | | नाम | लिङ्ग | जन्म मिति | नश्ल |
|---|---|---|---|---|---|---|
| | पुरानो | नयाँ | | | | |
| १ | ३६ | ४८०१ | ड्ुडि डोमा | नाक | ०६७/०२/०३ | सिलिन (Silin) |
| २ | ४५५९ | ४८०२ | डोक्चा रोक्पु | याक | ०६७/०२/०५ | सिलिन (Silin) |
| ३ | १२७९९ | ४८०५ | जेठा रोक्पु | याक | ०६७/०२/०७ | सिलिन (Silin) |
| ४ | २४ | ४८०६ | पासाङ ड्ुडि | नाक | ०६७/०२/०२ | सिलिन (Silin) |
| ५ | ४० | ४८०७ | नाङले रोङमु | नाक | ०६७/०२/०३ | सिलिन (Silin) |
| ६ | ६० | ४८०८ | डोक्चा रोङमु | नाक | ०६७/०३/०३ | सिलिन (Silin) |
| ७ | ५० | ४८०९ | मिङमा रोङमु | नाक | ०६७/०२/०८ | सिलिन (Silin) |
| ८ | ० | ४८१० | दोचे रोङमु | नाक | ०६७/०३/०८ | सिलिन (Silin) |
| ९ | ४ | ४८११ | काङडा रोङमु | नाक | ०६७/०२/०७ | सिलिन (Silin) |
| १० | ३८ | ४८१२ | ठुटी रोङमु | नाक | ०६७/०२/११ | सिलिन (Silin) |
| ११ | २० | ४८१४ | पासाङ केन्दम | नाक | ०६७/०३/१३ | सिलिन (Silin) |
| १२ | ० | ४८१५ | सानो पेम्बा | नाक | ०६७/०२/१७ | सिलिन (Silin) |
| १३ | १२९७७ | ४८१७ | कान्छि रोङमु | नाक | ०६७/०२/१७ | सिलिन (Silin) |
| १४ | १४८९० | ४८१९ | जिम्मा रोङमु | नाक | ०६७/०३/१५ | सिलिन (Silin) |
| १५ | ५४ | ४८२० | ड्ुवु रोङमु | नाक | ०६७/०२/२३ | सिलिन (Silin) |
| १६ | २८ | ४८२१ | काङडा दोङमु | नाक | ०६७/०२/१९ | सिलिन (Silin) |
| १७ | २ | ४८२२ | साङ्गे रोङमु | नाक | ०६७/०३/२५ | सिलिन (Silin) |
| १८ | १४५६२ | ४८२३ | डाली रोङमु | नाक | ०६७/०३/०९ | सिलिन (Silin) |
| १९ | ० | ४८२४ | लाक्पा रोङमु | नाक | ०६७/०२/२७ | सिलिन (Silin) |
| २० | ० | ४८२५ | कान्छा रोक्पु | याक | ०६७/०३/२८ | सिलिन (Silin) |
| २१ | ३६८७ | ४८२६ | ड्ुडि बुढि | नाक | ०६७/०२/२९ | सिलिन (Silin) |
| २२ | ४५६० | ४८२८ | ड्ुडि च्याङमु | नाक | ०६७/०२/२२ | सिलिन (Silin) |
| २३ | २५२९ | ४८२९ | दावा रोङमु | नाक | ०६७/०३/०७ | सिलिन (Silin) |

***नोटः७ याकनाकहरुको विभिन्न कारण मृत्यु भएको छ।***

# याक फार्मः भोगाइ र अनुभव



**राम ललन यादव**
पशु सेवा प्राविधिक
याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्गबोचे

विक्रम संवत २०५४मा नेपाल सरकारको जागिरमा प्रवेश गरेदेखि हालसम्म निरन्तर २४ वर्ष म याक आनुवांशिक स्रोत केन्द्रमा कार्यरत रहेको छु। यो लामो अवधिमा केन्द्रका सबै उतारचढावमा म हिस्सा हुन पाएको छु।

तराइको सम्म भूभागमा हुर्केबढेको म हिमाली क्षेत्रमा सिफारिश हुँदा अत्तालिएको थिए । मेरो काका ताप्लेजुङ्गमा लामो समय काम गर्नुभएको थियो र उहँबाट मैले धेरै सुझावहरु प्राप्त गरे । पशु विकास फार्म स्याङ्गबोचेमा सिफारिश भएतापनि केही समय काजमा क्षेत्रीय पशु सेवा निर्देशनालय विराटनगरमा कार्य गरे । पुस महिनामा काज फिर्ता भएपछि स्याङ्गबोचे जाने तयारी गरे । म सँगै सिफारिस हुनुभएका अन्य ४ जना पनि हुनुहुन्थ्यो । त्यतिबेला सल्लेरीसम्म जान पैदल वा प्लेनको सुविधामात्र थियो । हिडेर जाँदा उदयपुरको कटारीसम्म गाडी जान्थ्यो र त्यहाँबाट ६-७ दिन हिँडेपछी सल्लेरी पुगिन्थ्यो ।  शाही नेपाल वायु सेवा निगमको हवाई उडान हप्तामा दूई पटकमात्र हुन्थ्यो । अहिले त निजी क्षेत्रको उपलब्धताले गर्दा प्रत्येक दिन उडान हुने गरेको छ। प्लेनको टिकट पाउन सोर्सफोर्स लगाउनु पर्थ्यो । काकाको सहयोगमा मैले विराटनगरबाट फाप्लुको लागि टिकट बल्लतल्ल प्राप्त गरे । अब यात्रा सहज हुने भयो भनेर हर्षित भएको थिए तर त्यो खुशी वास्तविकतामा परिणत हुन पाएन् । पुसको समयमा बिहान हुस्सु तथा दिउँसो हावाका कारण उडान हुन सकेन, चारदिन सम्म कुर्यौ तर उडान हुन सकेन् । अब हिड्नुको विकल्प भएन् ।

काकाले एउटा बाक्लो ज्याकेट, आर्मीले लगाउने कलरको बुच्चा काने जुत्ता र अन्य बन्दोबस्तीका सामाग्रीहरु किनी दिनु भयो । विराटनगरबाट बिहान करिब ८ बजे हिडेको बेलुका ८ बजे उदयपुर जिल्लाको कटारी बजारमा पुग्यौं । कटारी बजारमा एक किसिमको अनौठो अनुभव भयो । खोलाको बगरमा अस्थायी त्रिपाल र बाँसको चित्रा टागेर बनाएका घरहरु थिए जुन मैले पहिले देखेको थिइन् । भोली बिहान ४ बजे तिर हिड्ने सल्लाह अनुसार २ जना भरियालाई सामान जिम्मा लगाई हाम्रो यात्रा अगाडी बढ्यो । सल्लेरीमा अत्यन्तै चिसो तथा पातालेमा हिउँ जमेको कारण भरिया दाजुहरुले सल्लेरी जान मान्नुभएन र ओखलढुङ्गासम्मको कुराकानी मिलायौं । कटारीबाट तीन दिनको पैदलयात्रा तय गरी ओखलढुङ्गा बजार पुग्यौं । ओखलढुङ्गा बजार पुगेपछि अलि सास पलाए जस्तो भयो र एक

होटलमा बास बस्यौं । बल्लतल्ल होटलको दाईले दुई जना सामान बोक्ने मान्छे खोजी दिनु भयो । जीवनमा हिउँ कहिल्यै नदेखेको म हिउँ कस्तो हुन्छ भन्नेसम्म अनुमान थिएन । अन्ध्यारोमै बाटो लाग्यौ । जति उकालो लाग्यो त्यती चिसो हुन्थ्यो । चित्रे, ठाडे, टोडके, पताले लगायतका ठाँउहरु हिउँले ढाकिएको कारण बाटो भेटाउनै मुस्किल थियो । भरिया दाईले बल्ल तल्ल बाटो पत्ता लगाउदै अगाडी बढियो । हिउँमा हिड्दा कालो चश्मा लगाउनुपर्छ भन्ने थाहा भएन् । एकातिर हिउँ टल्किने अर्कोतिर हिउँका कारण भिजेका जुत्ता भित्र औंलाहरु कठांग्रिएर केही थाहा नपाउने भएको अवस्था । अहिले सम्झदा कसरी हिडियोहोला जस्तो लाग्छ । जेनतेन साल्मे पुगेर बास बस्यौं र भोलिपल्ट सल्लेरी तिर लाग्यौं । तीन चार घण्टाको पैदल यात्रा पछि सल्लेरीमा  ठाकुरजीले संचालन गर्नु भएको होटलमा बास बस्यौ । ठाकुरजी तराई मुलको भएकोले होला होटलमा अधिकांश पाहुना तराईवासी थिए ।

सल्लेरीबाट तीनजना भएर नाम्चेबजार तर्फ हिड्यौ र तीन दिनमा पुग्यौ । विराटनगरबाट ल्याएका धेरै सामाग्रीहरु सल्लेरीमै राख्यौ । बाटोभरी पुसे हिउँ र पानीले स्वागत गरिरहेको थियो । नाम्चेमा चिनेको कोही थिएन तर नेपाल आर्मीका साथीहरु भेट भएपछि सहजता महशुस गर्यौं । उहाँहरुले हामीलाई केही स्थानीयसँग याक फार्मका सरहरु भनि चिनजान गराइदिनुभयो र त्यो रात मेसलुङ भन्ने ठाँउमा बास बस्यौ । त्यो रात करिब २-३ फिट हिउँ परेको थियो र सबैतिर सेताम्मे थियो । भोलिपल्ट बिहान उकालो लागे, फार्मको कम्पाउण्डवाल र साइनबोर्ड देखेपछी खुशीको सीमा रहेन् ।

कटारीबाट ११ दिनको हिँडाई पछि गन्तव्य कार्यालयमा पुग्दा खुशी हुनु स्वभाविक नै हो । फार्ममा पुगेपछि कार्यालय सहयोगी दाइले आगो ताप्ने व्यवस्था गरिदिनु भयो, चिया पिउन दिनु भयो ।

फार्ममा कर्मचारीको लागि सुविधा देख्दा मेरा सबै सपना र खुशीहरु चकनाचुर भए । करिब २-३ फिट हिउँ,-२१ डिग्रि तापक्रममा बस्नको लागि कपडा थिएनन्, न्यानो हुने अरुकेही व्यवस्था थिएन । खानेकुरा पनि थिएन । कर्मचारीहरु निकै कष्टगरी बस्नुभएको थियो । बाटोमा खानको लागि ल्याएको चिउरा र पानी खायौ । ११-१२ दिन देखि जुता मोजा चिसै थिए, भिजेको जुत्तामजाका कारण खुट्टामा फोका परेर हिड्न कठिनाइ भइरहेको भएतापनि त्यहाँ बस्न कठिन हुने ठानी हामी दुईजना पुगेकै दिन ३-४ बजेतिर सल्लेरी तर्फनै फर्कियौ ।

स्याङ्गबोचेबाट फर्किने क्रममा पैंसाको नाममा ११५ रुपैंया मात्र थियो । स्याङ्गबोचेबाट फर्किने दिन राती ९-१० बजे सुर्के पुग्यौ । साहुनीसँग अनेकन बिन्ति बिसाए पछि साहुनीले बास दिनुभयो, दिँउसो उसिनेको ४-५ दाना आलु खाएर रात काट्यौ । भिजेको जुत्तामोजा, बाटोबारे अनभिज्ञता, चिनेजानेको कोही नभएको लगायतका कारण चिन्ताले राम्ररी निद्रा लागेन् । हिउँले ढाकेको बाटोमा जंगली जनावरको त्रास मनमा लिइ भेटिएका मानिस तथा होटलमा बाटो सोध्दै अगाडी बढ्यौ । दिनभरको भोकप्यास तथा ज्यानको बाजी लगाइ बल्लतल्ल जुभिङ दूधकोशिको पुल नजिकैको मुलबाटोमा निस्किए पछि अब ज्यान बच्ने भयो भनि लामो सास फेर्यौं । चौतारीमा भुटेको मकै किनेर खायौ, पानी खायौ र बेलुका बास बस्त नुनथला पुग्यौ । स्याङ्गबोचे उक्लदा जुन होटलमा बास बसेका थियौ त्यही होटलमा बास बस्यौ । तीन दिन सम्म भात खान नपाएका हामीलाई साहुनीले खाना पकाइदिनु भयो, आगो ताप्ने व्यवस्था मिलाइदिनु भयो । सुत्यौ तर हामीसँग भएको पैसा सकिसकेकोले साहुनीलाई के भन्ने होला भन्ने चिन्ता थियो । साहुनीलाई सबै वृतान्त बतायौ र पैसाको सट्टा लुगा धुने सावुन तीन डल्ला (विराटनगरमा काकाले किनदिनु भएको) दिएर खाना र बासको पैसा तिर्यौं । सल्लेरी आइपुगेपछी हाम्रा सामानहरु बिक्री तथा साथीहरुसँग सापटी मागी सोही दिन विराटनगर तर्फ लाग्यौ ।

क्षेत्रीय पशु सेवा निर्देशनालय, विराटनगरमा सबै वृत्तान्त क्षेत्रिय निर्देशक र क्षेत्रिय अधिकृतज्यूलाई सुनायौं। तीन महिनको काज स्वीकृत गरिदिनुभयो र यस अवधिमा धेरै कुरा सिक्न पाए। काज फिर्ता पश्चात जीवनमै पहिलो पटक काठमाण्डौ पुगे। काठमाण्डौबाट लुक्लाको लागि संग्रिला एयरमा चिनेको दाईहरुले टिकट काटिदिनु भो र भोलिपल्ट एयरपोर्ट पनि पुर्याइदिनु भयो। जीवनमा पहिलो पटक विमान चढ्ने अवसर मिलेको थियो, काठमाण्डौबाट २५-३० मिनेटमा लुक्ला पुगे। लुक्लामा भरियाको व्यवस्था गरि नाम्चेतिर लाग्यौ, त्यो रात मञ्जुमा बास बस्यौ। भोलि पल्ट १-२ बजेतिर पशु विकाश फार्म स्याङ्गबोचेमा फार्म प्रबन्धक लगायत कर्मचारीसँग भेट भयो। सबैजनाले मलाई माया गर्नुभयो र बस्नको लागि पारिपट्टीको एउटा कोठा दिनु भयो। त्यो कोठा सफा गरेर बसे। यसपल्ट ओढने ओछ्याउने ल्याएकोले होला खासै त्यति अप्ठयारो भएन। कार्यालय र कार्यालय व्यवस्थापनको अवस्था त्यती राम्रो थिएन। १००० वाटको एउटा हिटर फार्म प्रबन्धक क्वार्टरमा मात्र थियो। म पुगेको दिन भिक्रा धुपिको बोक्रा उक्काएर ल्याएर बल्ल तल्ल खाना पकाएर खायौ। फार्मको वस्तु स्थितिबारे जानकारी पाए। २६ वटा याकनाक, २ कोठे कार्यालय भवन, प्रबन्धकको कोठा र स्टाफ क्वाटर एउटै ५ कोठे भवनमा थियो। प्रबन्धक बस्ने एउटा कोठा अलि व्यवस्थित थियो भने अन्य कोठाहरु ल्याङफ्याङ पत्रिका टालेर साथीहरु बसिरहेका रहेछन्। एक दुई दिन पछी हाकिम साबको मेसमा नै खाना खान थालेपछि अलि राहत महसुस भयो। कार्यालयमा ५ वटा बाच्छाबाच्छी मात्र थिए अरु २१ वटा याकनाक घुम्तीगोठमा गएको जानकारी पाए। 'यो हाम्रो सम्पर्क कार्यालय मात्र हो अरु वाँकी सबै काम गोठमा हुन्छ, तपाईहरुको काम गोठमा गएर याकनाक हेर्ने हो, दुई चार दिन आराम गर्नुस अनि गोठमा गएर काम गर्नु होला' भनी फार्म प्रबन्धकबाट जानकारी प्राप्त भयो। गोठमा पनि बस्ने सुत्ने घरहरु छन्, घर नभएको ठाउमा त्रिपाल टाँगेर बस्नु पर्छ भन्नु भयो।

प्रत्येक हप्ताको शुक्रवार नाम्चेबजारमा लाग्ने हटियामा सामान किन्नको लागि घुम्तीगोठबाट कर्मचारीहरु आउने रहेछन् र त्यो शुक्रबार एकजना तिब्बतियन बुढा आचु आएका थिए। म उनीसँगै पहिलो घुम्तीगोठ ओमाकातिर गए। गोठमा सबै साथिहरु एकै ठाँउमा खानाखाने एकै ठाँउमा लहरै सुत्ने चलन रहेछ। घुम्तीगोठ र स्याङ्गबोचे आउने जाने क्रम जारी रहयो, कामको मेसो पाँउदै गए साथीहरु स्थानीयहरुसँग घुलमेल हुँदै गयो र जागिर रमाईलो लाग्न थाल्यो।

त्यो समयमा वर्षेनी ५-७ वटा याकनाक उत्पादन हुन्थ्यो। क्रमिक रुपले याकनाक उत्पादनको संख्या बढ्दै गयो, जिर्ण भौतिक संरचनाहरुको सुधार हुँदै गयो। आ.व. ०६०/०६१ साल देखि फार्मको सम्पूर्ण रेकर्डहरु राख्न थालियो। आ.व. ०७०/०७१ मा हिमाली आयोजनाको सहयोगमा तिब्बतबाट ५ वटा याक २५ वटा नाक नश्ल सुधार कार्यक्रमको लागि २५ दिनको कष्टकर पैदल यात्रा तय गरी नाङपालावाट नेपाल भित्र्याउने जिम्मेवारी मैले सफलतापूर्वक सम्पन्न गरे। नाङपालामा खर्पसमा १३ याकनाक फस्दा डोरी लगाई निकालेको समय निकै कष्टकर रहेको थियो। नश्ल सुधार हुँदै हालको अवस्थामा याक आनुवांशिक स्रोत केन्द्रमा याकनाकको संख्या १५५ पुगेको छ।

२४ वर्षको बँसाइमा धेरै कुरा रमाइलो नै रह्यो। प्रयोग गरिरहेको मेट्रेस फार्म प्रबन्धकले राती १२ बजे खोसेको, माओवादी द्धन्दकालमा फार्म प्रबन्धकले माओवादीको आरोप लगाउदै नाम्चे बजारमा अवस्थित सेनाको ब्यारेकमा खबर गरेको, स्वीकृत कार्यक्रम अनुसार ४० याकनाक खरीद गरिएपनि सोही वर्ष याकनाक लिलामी हुनु लगायतका समयमा मलाई दुःख लागेको थियो। २०७२ सालको भुकम्पमा पूर्वाधारहरुको क्षतीहुँदा पनि धेरै दुःख लागेको थियो।

२०७२ सालको विनाशकारी महाभुकम्पबाट क्षती भएका संरचनाहरुको पुनःनिर्माण कार्य सम्पन्न भएको छ। हाल संचालित सात वटा घुम्तीगोठहरु मध्ये फर्मको तीन ठाँउमा आफ्नो निजी गोठ घर जग्गा छ भने ४ ठाँउमा खर्क भाडमा लिएर संचालन गरिएको छ। सबै गोठमा सोलारको व्यवस्था भएको छ। स्याङ्गबोचेमा कार्यालय भवन, प्रबन्धक रुम, गोठाला क्वाटर, स्टाफ क्वाटर, गेष्ट रुम प्रत्येकमा हिटिङ सिस्टम जडान, चिसो तातो पानीको व्यवस्था भएको छ। न्यानोको लागि सनरुम बनाइएको छ। याकनाकको संख्यामा उल्लेखनिय सुधार भई हाल वर्षेनी २०-३० वटा याकनाक वितरण गर्ने गरिएको छ। विगतमा हुने गरेको पानीको दुःख हाल रहेको छैन्। पानीको समस्या समाधानमा केन्द्रको सहभागिता र सक्रियतालाई सबैले प्रशंसा गरेका थिए। आर्थिक वर्ष २०७८/७९ मा होर्से र फुलुङमा ११ रोपनी जग्गा केन्द्रको नाममा थप भएको छ। सबैभन्दा उच्च स्थानको खर्क जोङ्लामा सुविधा सम्पन्न कर्मचारी आवास बनेको छ। पहिला पहिला गुइँठामा खाना पकाउने गरिएकोमा हाल मट्टितेल ग्याँसमा खाना पकाउने गरिएको छ। कर्मचारीहरुलाई हरेक वर्ष विविध उपभोग सामाग्रिहरु उपलब्ध हुने गरेको छन्।

विगतको अवस्था सम्झदा केन्द्रमा धेरै परिवर्तन भएका छन्। पूर्वाधार विकास, याकनाको उत्पादन क्षमतामा वृद्धि, न्यानोको व्यवस्था, खर्कहरुमा पनि विकास लगायतका कार्यहरु भएका छन्। यी सबै विकासमा सहभागि हुन पाँउदा मलाई निकै गर्व लाग्दछ र यसमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने खुम्बुका स्थानीय बासिन्दा लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु। स्थापनाको ५० वर्ष पुगेको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै केन्द्रको उत्तरोत्तर प्रगतीको कामना गदर्छु।



निजामती पुरस्कारबाट सम्मानित हुँदै



सगरमाथा राष्ट्रिय निकुन्जको सम्मान ग्रहण गर्दै



याकनाक लिन तिब्बतजाने क्रममा



नेपाल चीन सीमा स्तम्भ ६२

# याक फार्ममा कार्यगर्दाको केही अनुभव



**भेष बहादुर घिमिरे**
पशु सेवा प्राविधिक, खुम्बु पासाङल्हामु गाउँपालिका कार्यालय,
चौंरीखर्क, सोलुखुम्बु

स्थायी जागिरको शुरुवात २०६३ साल श्रावण ११ गते लोकसेवा आयोगको तत्कालिन अञ्चल कार्यालय खोटाङबाट सिफारिस भइ नेपालको एक मात्र याक विकास फार्म स्याङ्गबोचेमा सिफारिस भएको थिए। फार्म प्रबन्धक श्री दीर्घराज थापाले मलाई जोङ्लामा गएर कार्यगर्न भन्नुभयो र म कार्यलयका सहयोगीको साथ जोङ्ला गए। याक फार्म स्याङ्गबोचेबाट १६ कोष माथि करिब ५००० मिटर उचाइमा अवस्थित जोङ्ला खर्कमा फराकिलो तथा प्रशस्त जडिबूटीहरु पाइने (माहागुरु, शर्मागुरु, कुट्की, जटामसी) चरन क्षेत्र रहेछ। कर्मचारी बस्ने ढुंगे ओडार रहेको थियो। निकै कष्ट थियो तर नाकको तार्गतिलो एक गिलास दूध पिएपछी सबै थकान र चिन्ता गायब हुन्थ्यो। जोङ्लामै रहँदा चोलापास जाने आँट गर्‍यौ (जनै पुर्णेको मेला लाग्ने समयमा) तर थाङनाक भन्ने ठाउँबाट गोक्यो तर्फ लाग्दा धेरै खर्पस र ढड्यानको बाटो हामी भुलेर झण्डै बेपत्ता भएका थियौ। लोबुचेमा काम गरिरहनुभएको चित्र गुरुङ र केरुङका कृष्ण बहादुर बस्नेतले हामीलाई पत्ता लगाउनुभयो र हामी रातको ९ बजे मात्रै गोक्यो पुग्यौं। जागिरको सुरुवातमै स्याङ्गबोचेबाट जोङ्ला चोलापास हुँदैं गोक्यो शिव मन्दिर दर्शन गरेर स्याङ्गबोचे फर्किदा जीवनमा ठुलो सफलता प्राप्त गरेको महशुस भयो। घुम्ती गोठ इन्चार्जको रुपमा लगातार ९ वर्षसम्म गोठको इन्चार्ज भएर कार्य गरे। याक आनुवांशिक स्रोत केन्द्र स्थापनाको समयमा तिब्बतबाट याकसँगै आइ करिब ४३ वर्ष करार सेवामा काम गरेका ङुरु शेर्पा (अहिले बितिसक्नुभएको)बाट धेरै कुरा सिक्न पाएको थिए।

श्रावण र भाद्र गरी २ महिना दूधको रेकर्ड राख्ने, बाछालाई ट्याग लगाउने, याकनाकका ट्याग झरेमा फेर्ने र एक गोठ बाट अर्को गोठमा याकनाक सार्ने बेलामा बढि जिम्मेवार हुनु पर्ने, वर्षेनी १ पटक बाह्यपरजीवी र २ पटक आन्तरिक परजीवि नियन्त्रणको औषधि उपचार गर्ने, कार्यालय सहयोगी वा प्रत्यक्ष आफ्नो देखाइबाट नाक बाली गएको र पुनः दोहोरिएको अभिलेख राख्ने, फिल्डको रेकर्ड मिलाएर अफिसमा प्रतिवेदन पेश गर्ने लगायतका कार्यहरु गर्नुपर्ने थियो। याकनाकलाई चरनमा पशु खेदी रहनु नपर्ने तथा निर्धक्क चर्न दिनु पर्नेहुँदा पुरा दिन व्यस्त रहनु पर्दैनथ्यो।

मलाइ व्यस्त रहन मनपर्थ्यो। सो समयमा खुम्बु पासाङल्हामु गाउँपालिका (तत्कालिन खुम्जुङ/नाम्चे /चौंरीखर्क/जुभिङ र हालको सोलु दुधकुण्ड न.पा. १ टाकसिन्धु सम्म) को लागी एउटामात्र पशु सेवा केन्द्र खरिखोलामा रहेको थियो र त्यहाँबाट खुम्बुक्षेत्रमा पशु उपचार तथा पशु सेवाका कार्यहरु सञ्चालन हुन अप्ठ्यारो

थियो। स्थानीयहरुले पनि प्राविधिक सेवा प्राप्त नभएको गुनासो गर्ने गरेको मैले थाहा पाएको थिए। 'कृषिको जेटियै जता गयो उतै भेटियो' भन्ने नारा कृषकमा स्थापित भएमा मात्र कृषि प्रधान देशमा कृषिमा केही सुधार आउन सक्छ भन्ने विश्वासका साथ मैले गैरसरकारी संस्थामा बटुलेको अनुभवलाई यहाँ सदुपयोग गरे। पशु उपचार सँगै एक सय बीस प्रकारका तरकारीका बीउ कृषकहरुलाई उपलब्ध गराइ तरकारी उत्पादनका क्षेत्रमा पनि कृषकहरुलाई सहयोग गरे। कृषकहरुलाई मैले गरेको सेवाकै कारण सन् २००९मा सगरमाथा आरोहण गर्न सफल American Healthy Yak Organization का भेटेरीनरी डाक्टर Lance Fox ले खुम्बुमा याकनाकको लागि सञ्चालन गरेको Deworming Campaign मा सहभागी हुने अवसर मिलेको थियो। Dr. Fox लाई सगरमाथा चढ्न सहयोग गर्नुहुने खुम्जुङ निवासी श्री फुर्वा टशी शेर्पा दाइले उहासँग परिचय गराइदिनुभयो र मैले Campaignमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाए। त्यसपछि अमेरिका र क्यानाडाका ४ जना भेटेरिनरी डाक्टरहरु Lance Fox, Skidmore Andrew, Kristone Obbink, Claire Wendear तथा म सहित अन्य व्यक्तिहरुको टोली बनाएर सन् २०११मा खुम्बुको खुमजुङ, खुन्दे, दोले, लुजा, मच्छेर, लाफार्मा, गोक्यो, जोङ्ला, लोबुचे, गोरक्सेप, एभरेष्ट वेसक्याम हुँदै फुलङखर्क, फेरिचे, फ्माम्टाङसम्म सेफगार्ड फेन्बेन्डाजोल ड्रेन्चिङ गरेका थियौं। यो अभियान सम्पन्न गर्न १० दिन लागेको थियो। फ्माम्टाङमा हाम्रै याक फार्मको १३ वटा नाक तथा याकको रेक्टममा हातहालेर ताजा गोबरको माइक्रोसकोपद्धारा परिक्षण गरेका थियौं। १३ मध्ये २ वटामा कुनै जुका पाइएन भने अन्यमा १ देखि ३ थरीका जुकाहरु पाइएका थिए। अर्को वर्ष पनि उहाँहरुले हामीलाई औषधि उपलब्ध गराएका कारण खुम्बुमा Deworming Campaign सञ्चालन गरेका थियौं। ५० लिटर इप्रिनेक्स आइभरमेक्टिन समेत प्राप्त भएर बाह्य परजीवि नियन्त्रणमा ठूलो सहयोग मिलेको थियो। अहिले पनि किसानले ढाडबाट चुहाउने जुम्रा मार्ने औषधि सम्फिरहेका छन्। खुम्बु चिसो ठाउँ भएकोले पशुहरु कुपोषणबाट बढि ग्रसित हुन्छन्। याकनाकमा आन्तरिक र बाह्यपरजीवि, कुपोषण बाहेक अरु रोग प्राय कमै लाग्छन्।अन्य समस्याहरुमा साल अडकनु, पशु जुध्नु, घाउचोट लाग्नु, सिङ भाँचिनु, चगददष्कज खानु, पेट ढाडिनु, विषालु घाँस खानु, मात्तिनु, जंगली जनावरले टोक्नु र मार्नु, लडेर खुट्टा भाँचिनु, डिस्टोकिया आदी रहेका छन्। हिमाली क्षेत्रमा आहाराको अभावमा घर पालुवा कुकुरले नै बाच्छाबाच्छी समेत शिकार गर्ने गरेका छन्।

मेरो अनुभवमा खुम्बु पासाङल्हामु गाउँपालिका र याक आनुवांशिक स्रोत केन्द्र दुवै मिलेर वर्षमा २ पटक आन्तरिक परजीवि नियन्त्रण र १ पटक बाह्य परजिवी नियन्त्रण अभियान चलाउन सकियो भने खुम्बुक्षेत्रमा पशुपालन क्षेत्रबाट किसान र व्यवसायिले केही बढि राहत पाउने छन् र यसले केन्द्रप्रतिको स्थानीय समुदायमा सम्मान अझ बढ्नेछ। केन्द्र र गाउँपालिकाले संयुक्त प्रयास गरी सरोकारवालाहरुको सहभागितामा पशुपन्छी विकासको लागि स्थानीय पशुसेवा कोष स्थापना गर्नु उपयुक्त हुने मेरो सुझाव छ। खुम्बु क्षेत्रमा गरिने पशुपालनमध्ये याकनाक प्रमुख हो तर अहिले विस्तारै स्थानीय युवा पर्यटन तर्फ आकर्षित हुनु तथा अग्रजहरु वृद्ध हुँदै जाँदा याकनाकपालन लोप हुने सम्भावना बढेको छ। हिमाली क्षेत्रमा घाँस तथा आहारा महङ्गो हुनु, हाडनाता प्रजनन हुनु, ढुवानीमा याकको प्रयोग घट्दै जानु र नाकको दूध उत्पादन न्यून हुनु लगायतका कारण यस पेशाबाट कृषकहरु पलायन हुँदै गइरहेका छन्। सन् २०१४ मा हिमाली आयोजनाको कार्यक्रम अन्तर्गत चीनबाट याकनाक ल्याउने कार्यक्रममा सहभागि हुने अवसर प्राप्त भयो। २५ दिनको यात्रामा स्याङ्गबोचेदेखि तिव्वतको ग्याल्लुङ सम्म पुगेर प्रजननको लागि सिलोन जातका ५ वटा याक र २५ वटा नाक बुझेर ल्याएका थियौं। टोलीमा जम्मा २१ जना थियौं। छोयुं वेस्क्याम्पसम्म आउँदा मेरो चस्मा र नेकचिफ हरायो। नाङपाला वोर्डर पार गर्ने बेलामा अत्याधिक हिउँमा याकनाक डुब्दा त्यस स्थान पार गर्न झण्डै ३/४ घण्टा लागेको थियो। जसोतसो खाजुङमा आएर बास

बस्यौ । यात्राको क्रममा मलाइ ज्वरो आएपनि यात्रा निरन्तर अगाडि बढ्यो । धेरै दिन याकसँग हिउँमा हिड्दा मेरो आँखामा एलर्जी भएछ, स्याङ्गबोचे आइ पुग्दा त मेरो आँखा निकै सुन्निएको थियो । अब अन्धो हुने भइयो भन्ने चिन्ताले निकै सताएको थियो तर बिस्तारै राम्रो भयो । यसरी तिब्बतबाट याकनाक ल्याउँदाको तीतो अनुभव पनि रहेको छ । अहिले खुम्बुक्षेत्रमा चंखु (ब्वाँसो)को समस्या व्यापक रहेको छ र ती ब्वाँसो तिब्बतबाट याकनाकसँगै आएका हुन् भन्ने बुझाइ स्थानीयमाझ रहेको छ । नाङपालाको सेताम्मे चौरमा कालाकाला सिलोन जातका याकनाक देखेर टाढा टाढा साइटमा रहेका चंखु/फारा/ब्वाँसोले लुकि लुकि पछ्याउन सक्ने सम्भावनालाई हामीले तत्काल नकार्न पनि सकेनौ । यसले के सिकायो भने अबदेखि जनावर ल्याउनुभन्दा सिमेन ल्याइ कृत्रिम गर्भाधान गर्नु उचित होला । नयाँ पुस्तालाई आकर्षित गर्न घुमन्ते याकनाकपालन प्रणालीभन्दा आधुनिक गोठ निर्माण गरी बधुँवागरी पाल्ने प्रणालीको विकास गर्नु आवश्यक छ । यसो गर्दा किसानले बढी मुनाफा गर्न पनि सक्छन् । हिमाली क्षेत्रमा सामाग्री ढुवानीको याकनाक जोक्पे हुन् । याकनाक नरहे हिमालमा मानिसको बसोबास सम्भव नहुने हुँदा यी जनावरलाई जोगाउन अपरिहार्य छ ।

मेरो सरकारी जीवनको शुरुवाती १० वर्ष बितेको याक आनुवांशिक स्रोत केन्द्रले स्थापनाको ५० वर्ष पुरा गरेको थाहाँ पाउँदा अत्यन्तै गर्वित भएको छु र सबैलाई धन्यवाद तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।



घोडाको उपचार गर्दै




२०११ मा अमेरिका र क्यानाडाका भेट डाक्टरका साथ



२०१४ मा फेरी डिओर्मीङका लागि Lance Fox को साथमा



गाईमा किर्ना



जुम्रा मार्न औषधि राख्दै




तिब्बतमा याकनाक लिनेक्रममा

# नेपालमा याक तथा चौंरीको संरक्षण र प्रवर्द्धनमा याक तथा चौंरी कृषक महासंघको भूमिका



**नुरु शेर्पा**
अध्यक्ष
याक तथा चौंरी कृषक महासंघ नेपाल, केन्द्रीय तदर्थ समिति

## पृष्ठभूमि

याक तथा चौंरी हिमाली क्षेत्रको एक बहुउपयोगी जनावर हो। याक र चौंरी सामुन्द्रिक सतहदेखि २५०० - ५००० मीटरमा पालन गर्न सकिने विश्वको एक लोपोन्मुख प्रजाति हो। नेपालको उच्च पर्वतीय क्षेत्रमा बसोबास गर्दै आइरहेका आदिवासीहरूको जीविकोपार्जनको मुख्य आधार याक र चौंरीपालन हाल क्रमशः लोपोन्मुख अवस्थामा रहेको छ। नेपालमा हाल २९ वटा जिल्लाहरुमा करिब ६५ हजारको संख्यामा याक र चौंरी रहेको तथ्याङ्क छ। हिमाली क्षेत्रको इतिहास, अर्थ, पर्यटन, पोषण र सिङ्गो नेपालको पहिचानसँग जोडिएको यो पेशाको संरक्षण र प्रवर्द्धनको निम्ति 'नेपालमा याक र चौंरी प्रवर्द्धन' सम्बन्धी प्रथम राष्ट्रिय कार्यशाला गोष्ठी वि. सं. २०७९ जेष्ठ १३-१४ गते पशु

सेवा विभाग र अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र (ICIMOD) को आयोजनामा पोखरामा सम्पन्न भएको थियो। नेपालका १९ जिल्लाका याक तथा चौंरीपालक अगुवा कृषकहरुको उपस्थिति तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव निरु दाहाल पाण्डेज्यूको प्रमुख आतिथ्यता रहेको सो कार्यक्रममा राष्ट्रिय याक तथा चौंरी सञ्जालको रुपमा 'याक तथा चौंरी कृषक महासंघ' तदर्थ समिति गठन भएको थियो।

### याक तथा चौंरी कृषक महासंघ नेपालको तदर्थ समिति

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १ | नुरु शेर्पा | अध्यक्ष | सोलुखुम्बु |
| २ | लाल कुमार केसी | उपाध्यक्ष | दोलखा |
| ३ | दावा सङबु शेर्पा | महासचिव | रामेछाप |
| ४ | चन्द्रलाल नेपाल | सचिव | पाँचथर |
| ५ | लामुचिपा शेर्पा | कोषाध्यक्ष | संखुवासभा |

| | | | |
|---|---|---|---|
| ६ | भिम बहादुर भण्डारी | सदस्य | ताप्लेजुङ |
| ७ | जंग बहादुर राई | सदस्य | इलाम |
| ८ | पाबीहाङ राई | सदस्य | भोजपुर |
| ९ | सोजन हिराचन | सदस्य | मुस्ताङ |
| १० | भिम बहादुर पुन | सदस्य | म्याग्दी |
| ११ | दावा शेर्पा | सदस्य | सिन्धुपाल्चोक |
| १२ | जसपाल बुढाथोकी | सदस्य | दार्चुला |
| १३ | उर्घेन घले | सदस्य | रसुवा |
| १४ | गुरु श्याङग्याप | सदस्य | मुगु |
| १५ | डिल्ली प्रसाद केरुङ | सदस्य | पाचँथर |
| १६ | हिम प्रसाद महत | सदस्य | डोल्पा |
| १७ | वेद बहादुर गुरुङ | सदस्य | मनाङ |
| १८ | सन्तवीर तामाङ | सदस्य | दोलखा |
| १९ | तेन्जिङ गुरुङ | सदस्य | जुम्ला |

### याक तथा चौंरीपालनमा देखिएका समस्या र समाधानमा महासंघको भूमिका

१) चरन क्षेत्रको विकास

नेपालको उच्च पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनको असरका कारण याक र चौंरीको चरन क्षेत्रमा अनावश्यक झाडी बुट्यानका कारण घाँस नउम्रने तथा विषालु वनस्पति उम्रने क्रम बढेको छ। चरन क्षेत्रको दिगो व्यवस्थापनका लागि झाडी बुट्यान हटाउने, विषालु वनस्पति हटाउने, उन्नत प्रजातिको घाँस खेती गर्न विभिन्न संघसंस्था र सरकारी निकायहरूसँग सहकार्य गर्ने ।

२) भौतिक संरचना र ऊर्जाको व्यवस्थापन

याक तथा चौंरीपालक कृषकहरु घुम्तिगोठहरु व्यवस्थित नहुँदा मुसलधारे वर्षा, हिमपात, आँधिबेहरी, असिना वर्षा जस्ता प्राकृतिक प्रकोपकोबीच कष्टकर जीवन बिताउन बाध्य छन् । यसको लागि नेपाल सरकार र विभिन्न संघ संस्थासँग सहकार्य गरी कृषकका घुम्तिगोठहरु व्यवस्थित बनाई सोलार बत्ती जडान सहित सुरक्षित आवासको प्रबन्ध गर्न प्रयास गर्ने । यस व्यवसायलाई कृषि पर्यटनसँग आवद्ध गरी आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य बनाउन गोठबास, याक राइडिङ, याक फेस्टिवल गतिविधि सञ्चालन गर्ने ।

३) याक, चौंरी र कृषकको स्वास्थ्य व्यवस्थापन

याक तथा चौंरीसँगै कृषकको स्वास्थ्यमा आपूतकालीन अवस्थाहरू सृजना हुँदा स्वास्थ्य सेवाको अभावमा ज्यान गुमाउनु पर्ने बाध्यता हिमाली क्षेत्रका कृषकहरुमा रहेको छ। याक तथा चौंरीको प्रतिरक्षा प्रणाली अन्य पशुको भन्दा तुलात्मकरुपमा बढी हुने हुँदा संक्रामक रोगहरु कमै मात्रामा लाग्ने गर्दछ। पशु स्वास्थ्य शिविर, खोप कार्यक्रम

तथा पशुमा देखिन सक्ने सम्भावित रोगको औषधि वितरण आदिलाई व्यापक बनाउने । कृषकहरुको स्वास्थ्य वीमा गराउने ।

४) प्रजनन् व्यवस्थापन

नेपालमा उन्नत प्रजातिका याकहरु आवश्यक मात्रामा उत्पादन हुन सकेको छैन् । याकको नश्ल सुधारको लागि अध्ययन अनुसन्धान मार्फत उन्नत प्रजातिको याक र नाक उत्पादन गर्ने, उन्नत जातको गाई र याक बीच प्रजनन गराई चौंरी उत्पादन गर्न विभिन्न स्थानहरूमा चौंरी स्रोत केन्द्र स्थापना गर्ने, प्रकृतिक गर्भाधान मार्फत चौंरी उत्पादन जटिल भएकोले कृतिम गर्भाधान मार्फत चौंरी उत्पादनको लागि प्रयास गर्ने ।

५) राष्ट्रिय याक तथा चौंरी नीति निर्माण

नेपालको पहिचानसँग जोडिएको याक र चौंरीको संरक्षण र प्रवर्द्धनका लागि अहिले सम्म स्पष्ट नीति निर्माण हुन सकेको छैन् । तसर्थ नेपालमा याक तथा चौंरी पालनमा देखिएको समस्याहरूको समाधान हुनेगरी राष्ट्रिय याक तथा चौंरी नीति निर्माण गरी आवधिक रणनीतिहरु तय गरी कार्यक्रम सञ्चालन गर्न पहल कदमी लिने । साथै, दिगो रुपमा याक तथा चौंरीको विकासका लागि कृषि तथा पशुपंछी विकास मन्त्रालय अन्तर्गत याक तथा चौंरी विकास बोर्ड गठन गर्न पहल गर्ने ।

६) क्षमता विकास तथा याक उपजको ब्रान्डिङ् गर्ने

याक तथा चौंरी कृषकको व्यवसायिक क्षमताको विकास गर्नका लागि विभिन्न तालिम, गोष्ठी तथा अध्ययन भ्रमण आयोजना गर्ने । नेपालको उच्च पर्वतीय क्षेत्रमा पाइने जडिबुटी मिश्रित दुग्धजन्य वस्तुको विश्वबजारमा निकै महत्व छ तर यसको अहिलेसम्म व्यवस्थित बजारीकरण हुन सकेको छैन् । नेपालको पहिचानसँग जोडिएर प्रत्येक जिल्लामा जिल्ला स्तरीय याक तथा चौंरीको दुग्धजन्य वस्तुको सङ्कलन, प्याकेजिङ्ग र बजारीकरण केन्द्र स्थापना गर्नु पर्ने आवश्यकता रहेको छ र यसको लागि विभिन्न संघ संस्था तथा नेपाल सरकारसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने ।

७) कृषक- वन्यजन्तु बीचको अन्तरद्वन्द्व/ पशुधन जोखिम न्यूनीकरण गर्ने

याक तथा चौंरीहरु हिमाली क्षेत्रमा पाइने भालू, चितुवा, हिमचितुवा, हिमाली ब्वाँसो लगायतका वन्यजन्तुका मुख्य आहाराको रुपमा रहेका छन् । याक चौंरीको संख्यामा कमी आउनुको पछाडि पशुधन क्षती पनि एक कारण रहेको छ । पशुधनको साथसाथै वन्यजन्तुले कृषकहरुलाई पनि आक्रमण गर्ने क्रम बढिरहेको छ । यस अवस्थामा कृषक र वन्यजन्तुबीचको अन्तरद्वन्द्व न्यूनीकरणमा सरोकारवालाहरुसँग समन्वय गरी जोखिम न्यूनीकरणको लागि प्रयास गर्ने । सम्पूर्ण याक, चौंरी र कृषकको निशुल्क वीमाको व्यवस्थाको लागि नेपाल सरकारका तीनै तहमा प्रयास गर्ने ।

८) याक बैंकको स्थापना गर्ने

नेपालको कुल भूभागको ३५% हिमाली क्षेत्रमा पर्दछ । त्यस्तै नेपालको कुल क्षेत्रफलको २३% चरन क्षेत्र मध्ये ७०% चरन क्षेत्र हिमाली क्षेत्रमा पर्दछ । खेर गइरहेको यी चरन क्षेत्रमा नेपाल सरकारले निजी तथा सहकारी क्षेत्र सँग सहकार्य गरी याक र चौंरी व्यवसाय प्रवर्द्धन गरी हिमाली क्षेत्रमा याकनाक तथा चौंरीजन्य उत्पादनमा देशलाई आत्मनिर्भर बनाउन याक बैंकको स्थापना गर्न पहल गर्ने ।

९) चौंरी स्रोत केन्द्रको स्थापना

दुग्धजन्य वस्तुको उत्पादनका लागि याक भन्दा पनि चौंरीगाई उपयुक्त हुन्छ। चौंरी गाई उत्पादन प्रक्रिया जटिल छ। नेपाल सरकारले हिमाली जिल्लाहरूमा चौंरी स्रोत केन्द्र स्थापना गरी चौंरी उत्पादन गर्न सके चौंरी प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ।

१०) बजारीकरण तथा बजार सञ्जाल निर्माण

हाल कृषकको उत्पादनले सोचेअनुरुप बजार मूल्य पाउन सकिरहेका छैनन्। देशका सबै याक तथा चौंरीपालक कृषकहरुलाई एक छातामुनी ल्याई याक तथा चौंरीजन्य उत्पादनहरुलाई संकलन, प्रशोधन, प्याकेजिङ्ग, तथा बजारीकरणको कार्यमा लाग्नुपर्ने। याक तथा चौंरीको महत्वलाई प्रचारप्रसार गरी यसको संरक्षणको लागि विभिन्न जिल्लामा याक तथा चौंरी महोत्सव, गोष्ठी, भ्रमण तथा खेलकुदको गतिविधि सञ्चालन मार्फत धार्मिक, सांस्कृतिक एवं आर्थिक क्षेत्रमा योगदान गर्ने।

११) याक आनुवांशिक स्रोत केन्द्रको भुमिका



नेपालको याक तथा चौंरीको प्रवर्द्धनमा याक आनुवांशिक स्रोत केन्द्रले नेतृत्वदायी भुमिका खेल्नु आवश्यक छ। केन्द्रले नेपालका सबै क्षेत्रमा आवश्यक याकको आपूर्ति गर्ने क्षमता विकास गर्नु पर्दछ। दुग्धजन्य वस्तु उत्पादनको लागी चौंरीगाई उपयुक्त हुने हुँदा सरकारी तहमा चौंरी स्रोत केन्द्रहरु नेपाल सरकारले स्थापना गर्नु पर्ने अति आवश्यक रहेको छ। चौंरी स्रोत केन्द्रहरु स्थापनाका लागि उन्नत प्रजातीका भाले याकहरु याक आनुवांशिक स्रोत केन्द्रले उपलब्ध गराउनु पर्दछ। विगतका दिनहरुमा याक आनुवांशिक स्रोत केन्द्रले विभिन्न जिल्लाका अगुवा व्यवसायिक कृषकहरुलाई भाले र पोथी याकहरु वितरण गर्दै आईरहेको छ र यो कार्यको अझै विस्तार गर्नु पर्दछ। मैले पनि वि.सं. २०७७ सालमा आफ्नो घ्याङखर्क चौंरी फर्ममा केन्द्रबाट २ वटा नाक र २ वटा याक ल्याई फार्मको क्षमता वृद्धि गरेको थिए। म जस्तै देशका विभिन्न क्षेत्रका कृषकहरुले यो सुविधा प्राप्त गर्न जरुरी छ।

## सारांश

हिमाली क्षेत्रको हिराको रुपमा रहेको याक तथा चौंरीको संरक्षण तथा प्रवर्द्धनमा नेपाल सरकारले जिम्मेवार रुपमा काम गर्नु पर्ने देखिन्छ। कृषि तथा पशुपालनमा विनियोजन हुने वार्षिक बजेट मध्ये निश्चित रकम हिमाली क्षेत्रको लोपोन्मुख याक र चौंरीको लागि छुट्याइनु पर्दछ। नेपालको उच्च पर्वतीय श्रृखंलामा खेर गइरहेको चरन क्षेत्रको सदुपयोग गरी यस क्षेत्रको जैविक विविधताको संरक्षण, आहार श्रृखंलामा सन्तुलन, जलाधारको संरक्षण, जलवायु परिवर्तनका असर न्यूनीकरण तथा सकारात्मक प्रभावको उपयोग गर्न, सुन्दर र रमणीय स्थानहरुको पर्यटन प्रवर्द्धन गर्न,



विदेशिने युवाहरुलाई स्वरोजगार सृजना गर्न, बेरोजगार युवाहरुलाई आकर्षण गर्न, विश्वको सर्वोच्च शिखरमा गुणस्तरीय दुग्धजन्य वस्तुमा आत्मनिर्भर भई विश्वबजारसम्म ब्रान्डिङ् गर्न याक तथा चौंरीमा राज्यले विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। प्रत्येक जिल्लामा जिल्ला स्तरीय याक तथा चौंरीको उपज सङ्कलन, प्याकेजिङ्ग तथा बजारीकरण केन्द्र स्थापना गरी व्यवस्थित रुपमा शुद्ध याक र चौंरीको घिउ, छुर्पि, चीज, दुर्खा, उजेरी आदिको व्यवस्थित बजारीकरण गर्न सरकारले भूमिका खेल्नु पर्ने देखिन्छ। सबै सरोकारवालाहरुको सहभागितामा राष्ट्रिय, प्रादेशिक, जिल्लास्तरीय तथा पालिकास्तरीय अल्पकालीन, मध्यकालीन र दीर्घकालिन योजनाहरु तय गरी प्रभावकारी कार्यान्वयन गर्न तीनै तहका सरकारहरुलाई घच्घचाउन महासंघले भूमिका खेल्नु पर्ने देखिन्छ।

अन्त्यमा, याक तथा चौंरी विकासको प्रमुख आधार रहेको याक आनुवांशिक स्रोत केन्द्रले आफ्नो स्थापनाको ५० वर्ष पुरा गरेको अवसरमा महासंघको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। आगामी दिनहरुमा केन्द्रसँग नजिक रहेर याक तथा चौंरीको विकासको लागि कार्य गर्न महासंघ उत्सुक र प्रतिबद्ध रहेको छ।




**याक तथा चौंरी कृषक महासंघ नेपाल, केन्द्रीय तदर्थ समिति**

# ICIMODs efforts towards conservation and development of high-altitude rangelands and yak farming in Nepal and other parts of the Southern Himalayas

  

**Srijana Joshi, Kesang Wangchuk & Tashi Dorji**

## 1. Introduction

The International Centre for Integrated Mountain Development (ICIMOD) is a regional intergovernmental organization that stretches across eight countries Afghanistan, Bangladesh, Bhutan, China, India, Myanmar, Nepal, and Pakistan. Rangelands cover 60 percent of the Hindu Kush Himalaya and provide important ecosystem services, supporting the livelihoods of more than 25 million indigenous communities that live in the region. Additionally, the HKH rangelands are home to over 90% of the world's yaks and contain globally significant populations of wildlife species.

ICIMOD, as a regional knowledge and learning centre, focussed on generating knowledge on high altitude rangelands and yak farming systems through its different programmes.

## 2. ICIMODs Programmes with components on Yaks and Rangelands

The **Regional Rangeland Programme** (1996-2010) of ICIMOD was developed to help reduce and alleviate poverty among rangeland-dependent mountain people and to improve the productivity of rangeland ecosystems in the HKH -Tibetan Plateau region in Afghanistan, Bhutan, China, India, Nepal, and Pakistan. The programme aimed to promote ecologically appropriate, socially equitable, and gender-sensitive innovations for enhancing the livelihoods of herders and the ecological health of the rangeland ecosystem with particular special attention to women and other vulnerable groups. The programme was implemented in three phases: the first phase focused on developing baseline information, the second on testing innovations,and the third phase focused on scaling up innovative pastoral development and rangeland management practices, and policy formulation. During this period some key knowledge products including research articles, and technical reportswere produced to advance the scientific understanding of rangeland ecology andmanagement in HKH.

- Rangelands and Pastoral Development in the Hindu Kush-Himalayas:The publication focused on rangeland status, pastoral issues, forage,and pastoral development. Conservation and Management of Yak Genetic Diversity: The publication documented information on Yak husbandry and research on the conservation of yak genetic diversity and production systems.
- Co-management of Rangelands in the Hindu Kush Himalayas which promoted the involvement of multi-stakeholders for the multiple uses of rangeland resources.
- Gender mainstreaming in rangeland for promoting equitable and sustainable rangeland management practices.
- Institutional development for sustainable rangeland resource and ecosystem management in mountainous areas of northern Nepal. The study emphasized that institutional development is needed for promoting sustainable development, conserving natural resources, and supporting the livelihoods of local communities.

During this programme phase, ICIMOD played an instrumental role in drafting the rangeland policy of Nepal. In Upper Mustang, ICIMOD supported the co-management of rangeland where they worked with local partners for the formation and functioning of pasture management sub-committees (PMSCs) at the VDC level. In addition, ICIMOD piloted various energy technologies in Upper Mustang, as pastoral communities were facing several challenges in accessing energy for cooking, heating, and lighting.

Post 2010 onwards till 2022, ICIMOD initiated adopting a transboundary landscape management framework, through a combination of research, capacity building, and transboundary cooperation, within which, some components focussed on yaks and rangelands management. Key knowledge products during the period included:

- Yak on the Move: Transboundary Challenges and Opportunities for Yak Raising in a Changing Hindu Kush Himalayan Region. This is a valuable resource for understanding the complex and interconnected challenges and opportunities for yak raising and provides practical solutions and recommendations for addressing these challenges.
- High-Altitude Rangelands and their Interfaces in the Hindu Kush Himalayas. Special Publication on the occasion of ICIMOD's 30th anniversary. One chapter was focused on changes in pastoral production systems in Nepal which emphasized the urgent need to prepare a rangeland policy implementation plan.
- Manual for Rangeland resource and use assessment protocol. This is a standardized protocol for rapidly assessing the quantity, quality, and spatial-temporal distribution of rangeland resources.
- Ethnic and Cultural Diversity amongst Yak Herding Communities in the Asian Highlands. The review provided information on yak-herding ethnic communities, the sociocultural aspect associated with yak herding, and challenges and emerging opportunities for yak herding in the Asian highlands.
- Protecting a Himalayan icon: The need for transboundary cooperation to secure the future of yak in the Kangchenjunga Landscape. The reports highlight the importance of transboundary movement of herders which is an age-old practice for the prosperity of herding communities.

More specifically, ICIMOD implemented Kangchenjunga Landscape Conservation and Development Initiative from 2016 to 2021, covering three countries – Bhutan, India, and Nepal. The overall goal was to promote sustainable and inclusive ecosystem management and equitably provide livelihood benefits. Interventions relevant to yak farming were as follows:

- Celebration of transboundary yak festivals to promote yak culture and to link to tourism enterprise. Such platforms also promoted cross-learning between Nepal, India, and Bhutan.
- Cross-learning from Reindeer farming in the Arctics as well as participation in the International Yak Conference.
- Promoting community-based high-value yak cheese enterprise through private sector engagement in Phalelung municipality of Panchthar district in eastern Nepal
- Transborder yak genetic exchange between Bhutan, India, and Nepal.
- Mobilizing the Yak Federation in Nepal,including the Yak Federation in Bhutan; leading towards the formation of Hindu Kush Himalaya Yak network

## 3. ICIMODs current and future programmes on yaks and rangelands

ICIMOD is embarking on a new mid-term action plan (2023-2026), in which rangelands have been identified as a priority work area. The interventions will focus on managing rangelands for multiple benefits. Through this, we aim to support ICIMOD regional member countries in adopting inclusive policies and innovative practices to conserve, restore, manage and sustainably use rangeland and reverse their degradation.

# याकपालन व्यवसाय जोखिममा रहेको छ



**फूर्बा टसी शेर्पा**
स्थानीय बासिन्दा (खुम्जुङ्ग) तथा २१ पटक सगरमाथा आरोही

**याकपालनमा तपाईको अनुभव बताउनुहोस् ?**

हाम्रो परिवारको ५ पुस्ता अगाडिदेखि याकनाक पालिदै आएको छ। म पनि सानै देखि याकनाकसँगै हुर्किएको हुँ र अहिले ५१ वर्षको हुँदा पनि याक पालिरहेको छु। हाल मसँग ५५ याकनाक, ५ चौंरी र ५ जोप्क्यो गरी जम्मा ६५ पशु रहेका छन्। पु (ढाडमाथिको रौं) र चिर्पा (पेटमुनिको रौं)बाट छेरा (गलैंचा, पर्दा), फजी (झोला) बनाउने गरेका छौं। हाम्रो परिवारलाई वर्षभरि दूध र घ्यू घरमै पालेका नाक चौंरीबाट पुगेको छ। घरको बारीलाई पुग्ने मल उत्पादन हुन्छ। घ्यू निकाल्न टोलुम (घरेलु मेशिन)को प्रयोग गर्दछौ।

**याकपालनमा के कस्ता चुनौती र अवसर छन् ?**

याकपालनबाट प्रत्यक्ष भन्दा अप्रत्यक्ष फाइदा धेरै छन्। व्यवस्थित रुपमा पाल्दा राम्रो फाईदा लिन सकिन्छ। मल, दूध, रौं, भारी बोक्न इत्यादीमा याक अत्यावश्यक छ। तर सतही रुपमा हेर्दा यो घाटाको व्यवसाय हो। वर्तमान समयमा याकनाकको प्रयोग र महत्व घटिरहेको छ। पहिला ३० किलो चामलको नौ सय रुपैयाँ पर्दथ्यो भने एक याकको पचास हजार रुपैयाँ। अहिले ३० किलो चामलको छ हजार पर्दछ भने याक बिक्रि गर्नै गार्हो छ। याकपालनको भविष्य यसैबाट प्रष्ट हुन्छ। हिमाली भेगमा हेलिकप्टरबाट सामान ढुवानी हुनु, राष्ट्रिय निकुञ्जले क्षतीपूर्ति मुल्याकंन गर्दा न्यून रकम राख्नु, तिब्बती नाका बन्द रहनु लगायतका कारण कृषकहरु याकपालन प्रति इच्छुक छैनन्। खुम्जुङ्ग बाट एभरेष्ट वेस क्याम्प सामान ढुवानी गर्दा प्रति याक दश हजार कमाइ हुन्थ्यो तर अहिले याकको प्रयोग फाट्टफुट्ट हुने गरेको छ। निकुञ्जले चरनमा तारबार गरेर वृक्षारोपण गर्ने गरेको छ। यसले चरनको क्षेत्रफल घटिरहेको छ। चरनमा पनि घाँस पहिले जस्तो उम्रिदैन्। अहिले ब्वाँसोले निकै नोक्सानी गरेको छ। सबै तिरबाट याकपालन चेपिएको छ।

आजकाल गाउँलेहरु मलाई धेरै पशु पालेर दुःख दियो भन्छन्। यस्तो सुन्दा निकै पिर पर्छ।

याकको अस्तित्व बिना हिमाली जीवन कष्टकर हुने निश्चित छ तर यी कुरा अहिलेका मानिसले बुझ्न सकेका छैनन्। सबै मानिस किनेर खान खुशी छन् तर आफै उत्पादन गर्न चाहदैनन्।

**याक आनुवांशिक स्रोत केन्द्रबाट कस्तो सहयोग पाउनुभएको छ ?**

याक फार्म स्थापना भएर याक विकासमा धेरै सहयोग पुगेको छ। स्थापना हुँदा तिब्बतबाट याकनाक ल्याएको

थियो । ती याकनाकबाट उत्पादित भएका बाच्छाबाच्छीहरु गाउँलेले प्राप्त गरेका थियौ । मेरो बुबाले पनि २०३५ सालतिर पाचँवटा याकनाक फार्मसँग साट्नु भएको थियो । फार्मले कृषकहरुबाट आलु, घाँस किन्ने गरेको छ । यसले कृषकलाई धेरै सुविधा भएको छ । बजार खोज्नु टाढा जानुपर्दैन् । गाउँलेहरुले पनि खर्कहरुबाट गोबर टिप्न पाएका छन् । समयसमयमा चरन क्षेत्रमा प्रतिष्पर्धा हुने गरेको छ तर यो ठूलो समस्या बनेन् । अहिले त याकको संख्या निकै कम छ चरनको लागि त्यती समस्या नहोला । समयसमयमा फार्मले तालिमहरु प्रदान गर्ने गरेको छ र यसले हामीलाई फाइदा पुगेको छ । ब्वाँसोले याक खाईदिएको अवस्थामा फार्मले सिफारिश गरिदिने गरेको छ ।

**यस क्षेत्रमा याकपालनको प्रवर्द्धन गर्न के गर्नु पर्ला ?**

याकचौंरीपालक कृषकहरुलाई सरकारले विशेष सुविधा प्रदान गर्नुपर्दछ । याकचौंरी पाल्ने कृषकको यथार्थ तथ्यांक संकलन गरि याक पालेको संख्या अनुसार मासिक रुपमा आर्थिक सहयोग गर्नुपर्दछ । याकपालेर जीवनयापन गर्न सकिन्छ भन्ने विश्वास आउनु जरुरी छ । गलैंचा उत्पादनको लागि रौं घोल्ने मेशिन र अन्य मेशिन, घ्यू र छुर्पी बनाउने मेशिन, तालिम, नेपालका अन्य क्षेत्रमा याकपालनको अवलोकन भ्रमण लगायतका सहयोग आवश्यक छन् । हिमाली भेगमा हेलिकप्टरको प्रयोग घटाउनुपर्दछ । एक क्षेत्रको याक र अर्को क्षेत्रको याक साट्ने व्यवस्था गर्नुपर्दछ । निकुञ्जले दिने क्षतीपुर्तिमा पूनर्विचार गरी उमेर समूह र बजार भाउ अनुसार क्षतीपुर्तिको व्यवस्था गर्नुपर्दछ । ब्वाँसोको नियन्त्रणको लागि निकुञ्ज र गाउँपालिकाले छिट्टै कार्यक्रम ल्याउनुपर्दछ । गाउँलेको पशुहरु बिरामी पर्दा औषधि उपचारको व्यवस्था सरकारले मिलाइदिनु पर्दछ ।

**मैले उत्पादन गर्ने गरेका केही याकजन्य वस्तुहरु**









अन्तरवार्ताको क्रममा

# याक फार्मसँग जीवनभर नमेटिने यादहरु रहेका छन्



**छिमि काल्देन शेर्पा**
नाम्चे बजार

**याक आनुवांशिक स्रोत केन्द्र (याक विकास फार्म) सँग तपाईको के कस्तो अनुभव रहेको छ?**

म १०-११ वर्षको हुँदा देखिका यादहरु रहेका छन्।त्यति बेला म खुम्जुङ्ग स्कूलमा अध्ययनरत रहेको थिए।स्कूल आउने जाने क्रममा फार्मको पर्खालमा लात्ती हान्दै हिड्थ्यौ, कसैले देख्लाकि भनेर भाग्थ्यौ । पर्खाल बाँगिदा, भत्किदा रमाइलो लाग्थ्यो । केटाकेटी हर्कतहरु सम्झदा अहिले हाँसो उठ्छ, किन त्यस्तो गरिएछ जस्तो लाग्छ ।

फार्ममा दुईवटा उन्नत जातका गाईहरु रहेका थिए । नाम्चे बजारमा घर भएपनि म स्कूलको होस्टलमा बस्थे । हरेक दिन बिहान दूध लिन जाने मेरो जिम्मा थियो । विकासे गाईको दूध निकै मिठो हुन्थ्यो ।

सरल गौचन थकालीसरको पालामा जस्तो लाग्छ फार्ममा म्यानेजर क्वार्टर बन्दै गर्दा हामीहरु घण्टौ बसेर हेर्थ्यौं । कृष्ण बहादुर कार्की सरले हामीलाई घाँस उत्पादन, पशुपालन सम्बन्धी तालिममा बोलाउनुहुन्थ्यो । तालिममा सहभागि भएवापत दैनिक २५ रुपैयाँ भत्ता प्राप्त गर्दा अत्यन्तै खुशी लाग्थ्यो ।

स्याङ्गबोचेमा पानीको ठूलो समस्या रहेको थियो । याक फार्मका याकहरुलाई पानी खुवाउन हप्तामा एक पटक नाम्चे झारिने गरिन्थ्यो । याक बजारमा आउँदा म लगायत साथीहरु निकै रमाउथ्यौं । वि.सं. २०५२ पछाडी नाम्चेमा होटल व्यवसाय फस्टाउदै गयो र याक बजार ल्याउँदा समस्या हुने भएकोले पानी खुवाउन ल्याउन बन्द भयो ।

हाम्रो घरमा याक, जोप्क्यो र घोडा पाल्थ्यौं । बुवाको मृत्युपछि पशुपाल्न छाड्यौ । मलाई याकपालन र व्यवस्थापन सम्बन्धमा राम्रै ज्ञान रहेको थियो । स्विजरल्याण्डको Yak Tanglink भन्ने संस्थाको निमन्त्रणामा दिन वि.सं. २०५४ मा स्विजरल्याण्ड जाने अवसर प्राप्त भएको थियो र त्यहाँ याक व्यवस्थापनाका विविध पक्ष (मानवमैत्री बनाउने, भारी बोकाउने, काटी लगाउने, घाँस तयार गर्ने, ४-५ दिनको ट्रेकिगं लैजाने इत्यादी)हरुमा स्विसहरुलाई तालिम दिएको थिए । त्यहाँबाट फर्किएपछि मैले त्यो संस्था र याक विकास फार्मको सम्बन्ध स्थापना गर्न प्रयास गरेको थिए तर सफल हुन सकिन् ।

हाम्रो परिवारका २ घोडा र १ झोप्क्यो बिरामी परेको बेलामा याक फार्मका प्राविधिक कर्मचारीहरुले समयमै उपचार गरी बचाईदिनुभएको घटना मेरो स्मृतिमा सधै आइरहन्छ । फार्म र कर्मचारीहरुको यो गुण म जीवनभर बिर्सने छैन् ।

फार्मले वरिपरिका कृषकहरुबाट आलु, घाँस खरिद गर्ने गरेको छ। यसले स्थानीय र फार्मबिचमा निकै सौहार्द सम्बन्ध स्थापित भएको छ। खुम्जुङ्ग, खुन्दे, स्याङ्गबोचे, नाम्चे लगायतका क्षेत्रमा रहेको पानीको समस्या समाधानमा फार्मले निकै प्रशंसनिय भूमिका खेलेको थियो।

अहिले पनि म फार्मका कार्यक्रमहरुमा नियमित सहभागि हुने गरेको छु। फार्मका सूचना अधिकारी राम ललन यादबजयूसँग लामो समय देखि घनिष्ट सम्बन्ध रहेको छ। उहाँ यति लामो समय हिमाली क्षेत्रमा बसेर राष्ट्रसेवा गरेको देख्दा अचम्म लाग्दछ।

**फार्मको उमेर र तपाईको उमेर उस्तै रहेछ। यो लामो समयमा फार्ममा के कस्तो परिवर्तन पाउनुभयो ?**

फार्ममा धेरै व्यवस्थित र विकसित भएको छ। पूर्वाधारहरुको निर्माण भएको छ, पानीको सुविधा छ, याकनाकको संख्यमा वृद्धि भएको छ। सबैभन्दा टाढाको खर्क जोङ्लामा पनि गोठ बनिसकेको छ। फार्मको जमिन पनि बढेको छ।

**याकपालनको बँदलिदो परिस्थितिमा के सुझाव दिनुहुन्छ?**

अहिले स्थानीयहरु कृषिबाट पलायन भई पर्यटन व्यवसाय तर्फ लागेका छन्। याक पाल्ने कृषकको संख्या न्यून रहेको छ र बिस्तारै खुम्बु क्षेत्रबाट याक हराउन सक्ने सम्भावना पनि देखिन्छ। मानिसहरुलाई दूधखान निकै मन पर्दछ तर पशुपाल्न अप्ठ्यारो छ। याक पाल्नु निकै कष्ट रहेको छ। सरकारले याक पालिरहेका कृषकहरुलाई संरक्षण गर्न आर्थिक प्याकेजको नीतिगत व्यवस्था गर्नुपर्दछ। फार्मले कृषकहरुमाझ याक प्रवर्द्धन गर्न आयमुलक, नाफामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। फार्मले गरिरहेको संरक्षणको कार्यलाई निरन्तरता दिई कृषकहरुलाई उत्पादन विविधिकरणका तालिमहरुको आवश्यकता पनि छ। चरनमा पनि समस्या छन्। निकै कष्टका साथ कृषकले याक पालिरहेका छन्। ब्वाँसोको समस्या नियन्त्रण गर्नु अत्यावश्यक बनेको छ। हाल भइरहेका कार्यहरुलाई निरन्तरता दिई फार्मले याकलाई पर्यटनसँग जोड्नको लागि योजना बनाई स्थानीय तह र व्यवसायीहरुसँग सहकार्य गर्नु आवश्यक छ।

फार्मले स्थापनाकालको स्वर्ण जयन्ती मनाउदै गरेको अवसरमा शुभकामना दिन चाहान्छु र उत्तरोत्तर प्रगतिको कामना पनि गर्दछु।



त्रिचालिसौं स्थापना दिवस



चवालिसौं स्थापना दिवस

# मेरो जीवन याकनाकको सेवामा बित्यो



**मुङ्गा तामाङ्ग**
डिङ्गबोचे, सोलुखुम्बु
पूर्व कर्मचारी, याक आनुवांशिक स्रोत केन्द्र

**तपाईले याक आनुवांशिक स्रोत केन्द्र (तत्कालिन याक विकास फार्म) मा कति समय कार्य गर्नु भयो ?**

मैले २०३५/०६/०१ देखि २०७६/११/०४ सम्म गरी करिब ४१ वर्ष यस स्रोत केन्द्रमा सेवा गरे। सुरुका ४ वर्ष अस्थायी सेवा गरेको थिए भने २०३९/०१/०५ देखि भने स्थायी कर्मचारीको रुपमा कार्य गरे। मेरो सरकारी सेवाको सम्पूर्ण समय यसै स्रोत केन्द्रमा बिताए। क्षेत्रचार (Field man)को रुपमा सेवा प्रवेश गरेको थिए भने अवकाश हुँदा नायब पशु सेवा प्राविधिक थिए। मैले जागिर सुरुगर्दा फार्म प्रबन्धक सरल गौचन थकाली हुनुहुन्थ्यो भने अवकाशको समयमा जीवलाल लम्साल हुनुहुन्थ्यो। एकचालिस वर्षको समयमा मैले १५ जना फार्म प्रबन्धकसँग काम गर्ने अवसर प्राप्त गरे।

**तत्कालिन अवस्थाको बारेमा बताउनुहोस न ?**

२०३५ सालमा जागिर सुरु गर्दा फार्ममा साना ठूला गरी करिब ५० याकनाक रहेका थिए। फार्ममा कर्मचारी थोरै थियौं। नाकको दूध कम आउने हुँदा पुरा दूध बाच्छाबाच्छीको लागि छाडिदिन्थ्यौ। पुरा दूध खान पाएकोले फार्मका बाच्छाबाच्छी स्थानीय कृषकका भन्दा मोटा र ठूला हुने गर्थे। यसैकारण कृषकहरुले फार्मबाट पशुहरु खरीद गरी लैजान हानथाप हुने गर्थ्यो। २०४३/४४ सालदेखि दूध दुहुन थालेका थियौ।

उतिबेला निकै कठिन समय थियो। निकै दुःखका साथ हामी बसेका थियौ। बिजुली बत्ति थिएन। दाउरा भनेजति पाइदैनथ्यो। दाउरा काट्ने विषयमा सगरमाथा राष्ट्रिय निकुञ्जसँग विवाद हुने गर्दथ्यो। मट्टितेल पनि निकै थोरै पाइन्थ्यो। कर्मचारी तथा याकलाई खानेपानी लिन स्याङ्गबोचेबाट २ किलोमिटर टाढा पुग्नु पर्दथ्यो। खर्कमा गोठ लगायतका पूर्वाधार नहुँदा वर्षामा खुल्ला आकाशमा चिसै सुत्नु पर्थ्यो, रेनकोट लगायतका वस्तुहरु थिएनन्। दूध दुहुँदा हात कठ्याग्रिने गर्दथ्यो। स्याङ्गबोचेमा हिउँपर्दा याकलाई बाँधेर खुवाउनु पर्दथ्यो तर हिउँले डोरी भिजेर फुकाउन निकै अप्ठ्यारो हुने गर्दथ्यो। लामो समय परिवारसँग टाढा हुनुपर्दा समय निकै कठिन लाग्दथ्यो।

**अहिले ब्वाँसोको समस्या धेरै छ। उहिले कस्तो थियो ?**

जंगली जनावरको धेरै डर थियो पहिले। २०४१ तिर ब्वाँसो, फारो तथा चितुवाको समस्या थियो, २०५५ तिर ब्वाँसोको समस्या हराएको थियो र २०७१ सालतिर पुनः देखा परेको हो। अहिले ब्वाँसोको समस्या विकराल बन्दै गएको छ।

**याकनाक चराउन कताकता लैजानुहुन्थ्यो ?**

मैले सुरुमा जागिर खाँदा याकनाकलाई स्याङ्गबोचे, ताउचे खर्क, जिङनङ खर्क, फेरुचे खर्क, जोङ्ला खर्क (दुहना नाकको लागि) वा छुकुङ खर्क (थारा नाक र याकको लागि)मा लगेर चराउथ्यौ ।पञ्चकृष्ण श्रेष्ठसरको पालामा स्याङ्गबोचे बाट ओमाका खर्क अनि ताउचे हुँदै जोङ्लाको बाटोमा पशुहरु लैजान थाल्यौ । ओमाका खर्कमा घाँस राम्रो हुने भएपनि अप्ठ्यारो थियो । एक वर्ष ४-५ वटा गर्भवती नाक लडेर मरे पश्चात त्यो खर्कमा पशु लैजान छाड्यौ । पछिल्लो समय स्याङ्गबोचे, होर्से खर्क, चुरा खर्क, फेरुचे खर्क, नाओङमा खर्क, फुलुङ्ग खर्क, जोङ्ला खर्कमा लगेर याकनाक चराउने गरीएको छ ।

**बिर्सन नसकेको कुनै अनुभव भन्नुहोस न ?**

एक पटक स्याङ्गबोचेमा रहँदाको घटना हो । भान्सामा काम गर्ने साथीले तरकारी अत्याधिक पिरो बनाएछन् । साथीले झुक्किएर दुई पटक खुर्सानी हालेका रहेछन् । फार्म प्रबन्धकलाई कस्ले खाना पकाएको हो थाहा रहेनछ । धेरै समय मैले नै खाना पकाउँथे । खानामा धेरै खुर्सानी हालेको भनेर सर म सँग धेरै रिसाउनु भयो । आफूले गल्ती नगर्दा पनि नराम्ररी गाली खानुपर्यो । केही दिनपछि सरले थाहा त पाउनु भयो तर मेरो मनमा यो घटना नराम्ररी बसेको थियो । अहिले सम्म त्यो दिन बिसिर्न सकेको छैन् ।

**स्थानीयहरुसँग फार्मको कस्तो सम्बन्ध रहेको छ नि ?**

स्थानीय बासिन्दासँग फार्मको एकदमै राम्रो सम्बन्ध रहदै आएको छ । फार्म सञ्चालनमा सबैले राम्रो सहयोग गर्नुभएको थियो । कृषकले उत्पादन गरेको आलु, हे घाँस फार्मले नियमितरुपमा खरिद गर्ने गरेको छ र यसले उहाँहरुको आर्थिक आम्दानीमा ठूलो सहयोग गरेको छ । घाँस काट्ने वा मल बटुल्ने कार्यमा फार्मले थोरै समयको लागि भएपनि रोजगारी प्रदान गर्ने गरेको छ । फार्ममा उत्पादित पशुहरु स्थानीयलाईनै बिक्रिवितरण गरिदै आएको छ । कहिलेकाही खर्कमा घाँसको लागि प्रतिस्पर्धाहुँदा सामान्य असन्तुष्टी हुने गरेको भएपनि फार्मको विकासमा स्थानीयको राम्रो सहयोग रहेको मैले पाए ।

**फार्मले थप विकास गर्न के गर्नु पर्ला ?**

सबै कुरा राम्रो छ । हालका दिनमा पूर्वाधारहरुको राम्रो विकास भएको छ । उहिलेका दिन सम्झँदा अहिले त निकै आनन्द छ । फार्मको विकास देख्दा मलाई निकै खुशी लाग्दछ । फार्मको जग्गामा उत्पादित घाँसले पशुलाई आहारा नपुगेको अवस्था छ । यसकारण घाँस उत्पादनको लागि जमिन थप गर्नुपर्ने देखिन्छ ।

**अवकाश पछिको समयमा के गर्दै हुनुहुन्छ ?**

अवकाश पछिको समयमा म एभरेष्ट ट्रेकिगँ रुट अन्तर्गत पर्ने डिगंबोचे भन्ने स्थानमा माउन्टेन प्याराडाइज नाम रहेको होटल सञ्चालन गरिरहेको छु । होटल राम्रो सँग चलिरहेको छ । फुर्चाघाँसको बीउ, आलु उत्पादन गरी स्रोत केन्द्रलाई बिक्रि पनि गर्ने गरेको छु । मेरो फोन नम्बर ९८४२९४३७८८ वा ९८०३८२६७२२ हो । मन्त्रालय विभागका सर म्याडमहरुलाई आतिथ्यता गर्नुपाए म निकै आभारी हुने छु ।

**अन्त्यमा केही भन्न चाहानु हुन्छ कि ?**

मैले जीवन बिताएको याक आनुवांशिक स्रोत केन्द्रले स्थापनाको पचास वर्ष पुरा गरेकोमा मलाई निकै गर्व लागेको छ । यस फार्मको हरेक सफलतामा म आफूलाई पाउँछु । फार्मलाई आवश्यक परेको अवस्थामा म अहिले पनि सेवा गर्न तयार छु । फार्मलाई यस अवस्थामा ल्याउन योगदान गर्नुहुने सबैलाई म यस अवसरमा सम्झिन चाहन्छु । स्वर्ण जयन्तीको अवसरमा शुभकामना र मलाई सम्झिनुभएकोमा धेरै धेरै धन्यवाद ।

# स्याङ्बोचेसँगको साइनो र केही अनुभव



**डा. नरेश प्रसाद जोशी**
वरिष्ठ पशु चिकित्सक
पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, धनगढी

याकको संरक्षण, प्रवर्द्धन तथा विकासको लागि नेपाल सरकारले स्थापना गरेको एक मात्र संस्था याक आनुवांशिक स्रोत केन्द्र विश्वको सबैभन्दा अग्लो चुचुरो सगरमाथाको काखमा रहेको छ। प्राकृतिक सौन्दर्यताले भरिपूर्ण खुम्बु क्षेत्रमा अवस्थित यो फार्म याक, नाक तथा चौंरी संरक्षण र विकासको लागि विक्रम संवत २०३० साल देखि लागि रहेको छ।

नेपालको पशुपालन क्षेत्रमा याक तथा चौंरीपालनको महत्व उच्च रहेको छ। याकबाट उत्पादित दूध, दूधबाट बनाइएका चीज र छुर्पीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उच्च माग रहेको छ। यस्तै हिमाली क्षेत्रमा याक तथा चौंरी ढुवानीको लागि प्रयोग हुने गरेका छन् भने मल प्राङ्गारिक खेतीको लागि प्रयोग हुने गरेको छ।याक हिमाली तथा उच्च पहाडी क्षेत्रका आम नागरिकको दैनिक जीवनसँग सम्बन्धित ढुवानी र यातायात तथा पर्यटन व्यवसायको अभिन्न अङ्गको रुपमा रहदै आएको छ।

पशु सेवा विभागको अनुगमन तथा योजना शाखामा ९ वर्ष कार्यरत रहँदा विभागको निर्णयानुसार मैले यस फार्मको दुई पटक अनुमगन तथा निरिक्षण गर्ने मौका पाए। भौगोलिक विकटता, जोखिम तथा कष्टपूर्ण यात्रा, बढी समय लाग्ने इत्यादी कारणले विभागबाट यस फार्मको अनुगमन विरलै हुने गरेको परिवेशमा मैले पहिलो पटक वि. सं. २०७३ एक्लै तथा दोस्रो पटक वि. सं. २०७६ विभागको अनुगमन तथा योजना शाखामा मसँगै कार्यरत साथीहरु विपिन खनाल र आभाष पौडेलको साथमा फार्मको अनुगमन गर्ने मौका पाए।अनुगमनको शिलशिलामा हामीले थुप्रै कुराहरु सिक्ने मौका पायौं।

यस फार्मका सबै स्थायी र करार तथा ज्यालादारीमा काम गर्ने सबै प्रति म कृतज्ञ छु। यस्तो विकट ठाँउमा रही राष्ट्र सेवा निकै कष्टपूर्ण छ। निकै न्यून तापक्रम सहित प्रतिकुल मौसम, यातायात असुविधा, स्वास्थ्य सेवा वञ्चिती लगायतका थुप्रै कारण यस ठाँउमा काम गर्नु निकै कष्टपूर्ण र चुनौतिपूर्ण छ। साथै, फार्मका दैनिक तथा मौसमी कामले यसलाई अझ कष्टपूर्ण बनाएको छ। यस फार्मका सम्बन्धमा स्थानीय र अन्य सरकारी तथा गैर सरकारी र कृषकहरुबीच उच्च सम्मान रहेको पायौं।

दोस्रोपटक अनुगमनमा जाँदा हामीले याकका घुम्ती गोठहरुलाई पछ्याउने जमर्को गर्यौ । यसै क्रममा हामी सगरमाथाको फेद कालापत्थरसम्म पुग्यौं । स्याङ्गबोचेबाट गर्मी समयमा ५ हजार मिटर भन्दा माथिसम्म याकहरुलाई लगिदो रहेछ । यसक्रममा याक हराउनेदेखि जंगली जनावरको शिकार हुनेसम्मका थुप्रै समस्या रहेछन् । चरन खर्कहरुमा फार्मको आफ्नै स्वामित्वमा जग्गा नहुँदा पनि थप समस्या परेको रहेछ। प्राकृतिकरुपमा निकै सुन्दर दृश्यहरु र चारै तिरबाट हिउँले ढाकिएका हिमालहरुले मन आनन्दित बनाउँथ्यो ।



(डा. आभाष पौडेल र विपिन खनालको साथमा केन्द्र परिसरमा)

हामीले याक फार्मको प्रभावकारिताका लागि विविध पक्षहरुको अध्ययन गर्यौ र अनुगमन तथा निरीक्षणका क्रममा थुप्रै सुझावहरु पनि दियौ । विभाग फर्किए पश्चात विभागका महानिर्देशकज्यू, उपमहानिर्देशकज्यूहरु, लगायत अन्य सम्बन्धित व्यक्तिवहरुलाई याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्गबोचेको वृहत्तर विकासका लागि हामीहरुले सुझाउने प्रयास गर्यौ। कार्यक्रम तर्जुमाका वखत पनि याक आनुवांशिक स्रोत केन्द्रको विकासका लागि कार्यक्रम प्रस्तावमा सहयोग गर्यौं। याक हाम्रो आनुवांशिक स्रोत र कृषक तथा पर्यटन व्यवसायका लागि समेत उल्लेख्य भूमिका रहेकाले यस याक आनुवांशिक स्रोत केन्द्रको बहुवर्षिय दीर्घकालिन विकास योजना तयार गरी सोही अनुसार यसको विकास गर्न सकेमा याकको विकास अनुसन्धानका साथै राष्ट्रिय अर्थतन्त्रमा थप योगदान हुन सक्ने देखिन्छ।



छ्यालिसौं स्थापना दिवस

# निरिक्षण र अनुगमनको इतिहास

याक आनुवांशिक स्रोत केन्द्रमा रहेको निरिक्षण र अनुगमन पुस्तिकाको प्राप्त भएसम्मको रेकर्ड अनुसार केन्द्रको अनुगमन र निरिक्षण गर्ने महानुभावहरुको विवरण

| क्र.स. | नाम | पद | कार्यालय | मिति |
|---|---|---|---|---|
| १ | श्री गोपाल प्रसाद भट्टराई | प्रमुख संरक्षण अधिकृत | सगरमाथा राष्ट्रिय निकुञ्ज, नाम्चे | २०६१/११/१८ |
| २ | श्री बाल चन्द्र श्रेष्ठ | वरिष्ठ पशु विकास अधिकृत | पशु उत्पादन निर्देशनालय, हरिहरभवन | २०६२/०२/०९ |
| ३ | श्री मधुसुदन अधिकारी | नायब सुब्बा | पशु उत्पादन निर्देशनालय, हरिहरभवन | २०६२/०२/०९ |
| ४ | डा. भुवनेश्वर शर्मा | वरिष्ठ पशु विकास अधिकृत | केन्द्रिय गाईभैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन | २०६२/०८/०५ |
| ५ | श्री किशोर प्रसाद कायस्थ | वरिष्ठ पशु विकास अधिकृत | केन्द्रिय बंगुर कुखुरा प्रवर्द्धन कार्यालय, हरिहरभवन | २०६२/०८/०५ |
| ६ | श्री होमशंकर बास्तोला | सहलेखापाल | केन्द्रिय गाईभैंसी प्रवर्द्धन कार्यालय, हरिहरभवन | २०६२/०८/०५ |
| ७ | श्री सागर आचार्य | शाखा अधिकृत | कृषि तथा सहकारी मन्त्रालय | २०६३/०१/१५ |
| ८ | श्री राजेन्द्र प्रसाद निरौला | जिल्ला वन अधिकृत | जिल्ल वन कार्यालय, सोलुखुम्वु | २०६३/०१/१९ |
| ९ | श्री श्रीधर ज्ञवाली | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलु | २०६३/०३/११ |
| १० | श्री मदन घिमिरे | अधिकृत | जिल्ल विकास समितिको कार्यालय, सोलु | २०६३/०३/११ |
| ११ | श्री सीताराम सिग्देल | लेखा परिक्षण अधिकारी | महालेखा परीक्षकको कार्यालय | २०६३/०७/१४ |
| १२ | श्री नवराज ढकाल | लेखा परिक्षण अधिकारी | महालेखा परीक्षकको कार्यालय | २०६३/०७/१४ |
| १३ | श्री रुद्र कुमार श्रेष्ठ | सह महालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय | २०६३/०७/२८ |
| १४ | श्री शक्ति प्रसाद श्रेष्ठ | उप महालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय | २०६३/०७/२८ |
| १५ | डा. खेम राज भट्टराई | Regional consultant | World Wide Fund | २०६४/०१/०९ |
| १६ | श्री लक्ष्मण कुमार हमाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्वु | २०६४/०२/०८ |
| १७ | श्री नरेश शर्मा | कृषि अर्थविज्ञ | कृषि तथा सहकारी मन्त्रालय | २०६४/०५/३० |
| १८ | श्री रामबाबु अधिकारी | कृषि अर्थविज्ञ | कृषि तथा सहकारी मन्त्रालय | २०६४/०५/३० |
| १९ | श्री सुशील प्रसाद शर्मा | महालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय | २०६४/०६/१२ |
| २० | श्री जनार्दन नेउपाने | उपमहालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय | २०६४/०६/१२ |
| २१ | श्री श्रीधर ज्ञवाली | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलु | २०६४/०६/१२ |
| २२ | डा. माधव प्रसाद अर्याल | वैज्ञानिक | गाईभैंसी अनुसन्धान कार्यक्रम, खुमलटार | २०६४/०६/२० |
| २३ | श्री भोला शंकर श्रेष्ठ | वैज्ञानिक | गाईभैंसी अनुसन्धान कार्यक्रम, खुमलटार | २०६४/०६/२० |
| २४ | श्री नाथु प्रसाद चौधरी | कार्यक्रम निर्देशक | पशु उत्पादन निर्देशनालय, हरिहरभवन | २०६५/०२/३० |
| २५ | डा. पूर्णभद्र कँडेल | पशु विकास अधिकृत | पशु उत्पादन निर्देशनालय, हरिहरभवन | २०६५/०२/३० |
| २६ | श्री भगवान प्रसाद खतिवडा | कृषि विकास अधिकृत | जिल्ला कृषि विकास कार्यालय, सोलु | २०६५/०३/०६ |
| २७ | श्री रामदेव महतो | योजना अधिकृत | जिल्ला कृषि विकास कार्यालय, सोलु | २०६५/०३/०६ |
| २८ | श्री नैना ढकाल | कृषि अर्थ विज्ञ | कृषि तथा सहकारी मन्त्रालय | २०६५/०५/०५ |
| २९ | श्री प्रदिपराज कँडेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्वु | २०६५/०८/१७ |
| ३० | श्री रामचन्द्र कँडेल | कामु प्रमुख संरक्षण अधिकृत | सगरमाथा राष्ट्रिय निकुञ्ज, नाम्चे | २०६५/०९/२८ |
| ३१ | श्री मणि कुमार श्रेष्ठ | वरिष्ठ पशु विकास अधिकृत | पशु उत्पादन निर्देशनालय, हरिहरभवन | २०६६/०३/१४ |
| ३२ | डा. प्रभात झा | पशु विकास अधिकृत | पशु उत्पादन निर्देशनालय, हरिहरभवन | २०६६/०३/१४ |
| ३३ | श्री राम प्रसाद चौधरी | प्रोफेसर | त्रिभुवन विश्वविद्यालय | २०६६/०७/१७ |
| ३४ | श्री प्रविण अधिकारी,<br>श्री नयनतारा गुरुङ्ग<br>कक्षपति, श्री सप्रिना पाण्डे | लेखक, फोटोग्राफर | | २०६६/१२/२७ |
| ३५ | श्री काशीनाथ खनाल | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलु | २०६६/०१/१० |
| ३६ | श्री मिन रत्न बज्राचार्य | फोटो पत्रकार | हिमाल मेडिया | २०६७/०२/०२ |
| ३७ | श्री केदार चापागाई | पत्रकार | सगरमाथा टेलिभिजन | २०६७/०२/०२ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | श्री पशुपति चौलागाई | पूर्व सांसद, पोलिटब्यूरो सदस्य | नेकपा एमाले | २०६७/०२/०२ |
| ३९ | श्री शिव भण्डारी | पूर्व सभापति | जिल्ला विकास समिति, दोलखा | २०६७/०२/०२ |
| ४० | श्री विष्णु गोविन्द थापा | प्रहरी निरिक्षक | इलाका प्रहरी कार्यालय, नाम्चे | २०६७/०२/०२ |
| ४१ | मा. गोपाल किराती | सभासद | एकिकृत नेकपा (माओवादी) | २०६७/०२/२८ |
| ४२ | मा. सुदन किराती | सभासद | एकिकृत नेकपा (माओवादी) | २०६७/०२/२८ |
| ४३ | श्री शिव बहादुर बस्नेत | इन्चार्ज | एकिकृत नेकपा (माओवादी) | २०६७/०२/२८ |
| ४४ | डा. कृष्ण प्रसाद साँखी | आयोजना निर्देशक | हिमाली आयोजना | २०६७/०३/१५ |
| ४५ | श्री यादव सुवेदी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | २०६७/०६/२३, २०६८/०२/२७ |
| ४६ | श्री लीलामणि पौड्याल | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिपदको कार्यालय, सिहंदरबार, काठमाण्डौ | २०६७/१२/२६ |
| ४७ | श्री दुर्गा प्रसाद भट्टराई | सह-सचिव | परराष्ट्र मन्त्रालय | २०६७/१२/२६ |
| ४८ | श्री लक्ष्मण भट्टराई | सह-सचिव | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०६७/१२/२६ |
| ४९ | श्री ज्ञानेन्द्र कुमार श्रेष्ठ | नायब सुब्बा | पर्यटन पूर्वाधार विकास आयोजना, काठमाण्डौ | २०६७/१२/२६ |
| ५० | श्री हरि प्रसाद भट्टराई, श्री सुरथ पोखेल | शाखा अधिकृत | सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौ | २०६७/१२/२६ |
| ५१ | श्री तुल्सीराम भण्डारी | नायब सुब्बा | सूचना तथा सञ्चार मन्त्रालय | २०६७/१२/२६ |
| ५२ | श्री पदम बहादुर भण्डारी | | शिक्षा मन्त्रालय | २०६७/१२/२६ |
| ५३ | श्री विष्णु पौडेल"निर्दोषी" | | रक्षा लेखा नियन्त्रक कार्यालय | २०६७/१२/२६ |
| ५४ | श्री खिमलाल गौतम | | राष्ट्रिय भु-उपयोग आयोजना | २०६७/१२/२६ |
| ५५ | श्री सुविर श्रेष्ठ | | सामान्य प्रशासन मन्त्रालय | २०६७/१२/२६ |
| ५६ | श्री कुमार गिरी | | नारायणहिटी दरबार संग्राहलय | २०६७/१२/२६ |
| ५७ | श्री सन्तकुमार महर्जन | | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०६७/१२/२६ |
| ५८ | श्री मुक्तिराम रिजाल | | निर्वाचन आयोग | २०६७/१२/२६ |
| ५९ | श्री खेम ढकाल | | नेपाल इन्भेष्टमेन्ट बैंक, लुक्ला | २०६८/१/१२ |
| ६० | श्री इश्वर प्रसाद न्यौपाने | नायव महालेखा परीक्षक | महालेखा परीक्षकको कार्यालय | २०६८/१/१२ |
| ६१ | श्री इन्द्र प्रसाद आचार्य | निर्देशक | महालेखा परीक्षकको कार्यालय | २०६८/१/१२ |
| ६२ | श्री सन्तोष विडारी | लेखा परिक्षक | महालेखा परीक्षकको कार्यालय | २०६८/१/१२ |
| ६३ | श्री कृष्ण बहादुर कार्की | पशु विकास अधिकृत | पशु उत्पादन निर्देशनालय | २०६८/२/२६ |
| ६४ | श्री पुरुषोत्तम नेपाल | स्थानीय विकास अधिकारी | जिल्ला विकास समिति, सोलुखुम्बु | २०६८/०२/२७ |
| ६५ | श्री सुदम बहादुर सिर्जापती | प्रहरी नायब उपरिक्षक | जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु | २०६८/०२/२७ |
| ६६ | श्री सीता प्रसाद पोखरेल | जिल्ला न्यायधिश | जिल्ला अदालत, सोलुखुम्बु | २०६८/०५/२२ |
| ६७ | श्री कल्पना पोखरेल | | | २०६८/०५/२२ |
| ६८ | श्री खगेन्द्र प्रसाद सुवेदी | उपसचिव | लोक सेवा आयोग | २०६९/०१/१९ |
| ६९ | श्री बुद्धिनाथ भट्टराई | उपसचिव | सार्वजनिक खरिद अनुगमन कार्यालय | २०६९/०१/१९ |
| ७० | श्री टंक महत | शाखा अधिकृत | नेपाल कानून आयोग | २०६९/०१/१९ |
| ७१ | श्री विष्णु प्रसाद रेग्मी | शाखा अधिकृत | विद्युत विकास विभाग | २०६९/०१/१९ |
| ७२ | श्री टंक प्रसाद चौलागाई | शाखा अधिकृत | स्थानीय विकास मन्त्रालय | २०६९/०१/१९ |
| ७३ | श्री आङडिमा लामा | अध्यक्ष | नेकपा एमाले जिल्ला कमिटि, सोलुखुम्बु | २०६९/०२/१७ |
| ७४ | श्री तुलाराम सुनुवार | योजना अधिकृत | जिल्ला विकास समिति, सोलुखुम्बु | २०६९/०२/१७ |
| ७५ | श्री भवानी प्रसाद पराजुली | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | २०६९/०२/१७ |
| ७६ | श्री नरहरि आचार्य | पूर्व मन्त्री एवं केन्द्रीय सदस्य | नेपाली कांग्रेस | २०७०/०१/१३ |
| ७७ | श्री लाल बहादुर कार्की | प्रमुख लेखा नियन्त्रक | पशु सेवा विभाग | २०७०/०५/३१ |
| ७८ | श्री दिनेश रेग्मी | लेखा अधिकृत | हिमाली आयोजना | २०७०/०५/३१ |
| ७९ | श्री दिलिप कुमार चापागाई | स्थानीय विकास अधिकारी | जिल्ला विकास समिति, सोलुखुम्बु | २०७०/१०/०८ |
| ८० | श्री कुल प्रसाद रेग्मी | लेखा अधिकृत | जिल्ला विकास समिति, सोलुखुम्बु | २०७०/१०/०८ |

| | | | | |
|---|---|---|---|---|
| ८१ | श्री युवराज पोखरेल | कार्यक्रम अधिकृत | जिल्ला विकास समिति, सोलुखुम्बु | २०७०/१०/०८ |
| ८२ | श्री उद्धव प्र. तिमल्सेना | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | २०७१/०३/०५ |
| ८३ | श्री कृष्ण प्रसाद शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | २०७२/१०/१०, २०७३/०२/०४ |
| ८४ | श्री महेश पराजुली | स्थानीय विकास अधिकारी | जिल्ला विकास समिति, सोलुखुम्बु | २०७३/०२/०४ |
| ८५ | श्री विर बहादुर खड्का | जिल्ला शिक्षा अधिकारी | जिल्ला शिक्षा कार्यालय, सोलुखुम्बु | २०७३/०२/०४ |
| ८६ | श्री माधव बुढाथोकी | प्रहरी नायब उपरिक्षक | जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु | २०७३/०२/०४ |
| ८७ | श्री तोया प्रसाद अम्मै | वरिष्ठ प्रशिक्षक | रोड नेपाल | २०७३/०२/०४ |
| ८८ | डा. नरेश प्रसाद जोशी | पशु चिकित्सक | पशु सेवा विभाग | २०७३/१२/१३, २०७६/०१/१७ |
| ८९ | श्री चन्द्र बहादुर कार्की | कार्यकारी अधिकृत | खुम्बु पासाङल्यामु गाँउपालिका | २०७४/०१/०८ |
| ९० | श्री यादव प्रसाद घिमिरे | खरिदार | हिमाली आयोजना | २०७४/०२/०४ |
| ९१ | श्री अशोक प्रतियोगी | लेखापाल | हिमाली आयोजना | २०७४/०२/०४ |
| ९२ | श्री पूर्णराज कार्की | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलु | २०७४/०२/१४ |
| ९३ | श्री हरि प्रसाद शर्मा | निर्वाचन अधिकृत | खुम्बु पासाङल्यामु गाँउपालिका | २०७४/०२/२१, २०७९/०१/२५ |
| ९४ | श्री  नारायण प्रसाद सुवेदी | जिल्ला न्यायधिश | जिल्ला अदालत, सोलुखुम्बु | २०७४/०८/२९ |
| ९५ | श्री मुरारी वस्ती | उपसचिव | राष्ट्रिय पुननिर्माण प्राधिकरण | २०७४/०८/२९ |
| ९६ | श्री भगवती शर्मा | श्रेस्तेदार | जिल्ला अदालत, सोलुखुम्बु | २०७४/०८/२९ |
| ९७ | डा. विजय कान्त झा | आयोजना प्रमुख | हिमाली आयोजना | २०७४/११/२२ |
| ९८ | डा. नम्रता सिहं | प्रमुख पशु विकास अधिकृत | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | २०७४/११/२२ |
| ९९ | श्री मोहन कुमार पराजुली | निर्देशक | महालेखा परीक्षकको कार्यालय | २०७५/०६/१२ |
| १०० | श्री डोरमणी घिमिरे | लेखा परिक्षण अधिकारी | महालेखा परीक्षकको कार्यालय | २०७५/०६/१२ |
| १०१ | श्री शैलेन्द्र कुमार भुसाल | लेखा परिक्षण अधिकारी | महालेखा परीक्षकको कार्यालय | २०७५/०६/१२ |
| १०२ | श्री शंकर बाबु आचार्य | लेखा परिक्षण अधिकारी | महालेखा परीक्षकको कार्यालय | २०७५/०६/१२ |
| १०३ | श्री डिम दोर्जी शेर्पा | अध्यक्ष | खुम्बु पासाङल्यामु गाँउपालिका | २०७५/०९/०४ |
| १०४ | श्री लक्ष्मण अधिकारी | वार्ड अध्यक्ष | खुम्बु पासाङल्यामु गाँउपालिका | २०७५/०९/०४ |
| १०५ | श्री चन्द्र मान श्रेष्ठ | वरिष्ठ बागबानी विकास अधिकृत | बागबानी केन्द्र, फाप्लु, सोलुखुम्बु | २०७५/०९/०९ |
| १०६ | श्री सुन्दर प्रसाद कँडेल | प्रमुख संचालन अधिकृत | सिद्धार्थ बैंक, काठमाण्डौ | २०७५/०९/१४ |
| १०७ | श्री पुण्य प्रसाद ढकाल | अध्यक्ष | निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन | २०७६/०१/२१ |
| १०८ | श्री ज्ञानेन्द्र कुमार श्रेष्ठ | अध्यक्ष | सस्कृति, प. तथा ना.उ.म, निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन | २०७६/०१/२१ |
| १०९ | श्री सुविर श्रेष्ठ | | | २०७६/०१/२१ |
| ११० | श्री झनक कुमार खत्री | उपसचिव | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २०७६/०१/२२ |
| १११ | श्री नमराज वाग्ले | शाखा अधिकृत | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७६/०१/२२ |
| ११२ | डा. आभास पौडेल | पशु विकास अधिकृत | पशु सेवा विभाग | २०७६/०१/१७ |
| ११३ | श्री विपिन खनाल | कृषि विकास अधिकृत | पशु सेवा विभाग | २०७६/०१/१७ |
| ११४ | श्री तेज प्रसाद दाहाल | निर्देशक | लोक सेवा कार्यालय, खोटाङ्ग | २०७६/०२/०५ |
| ११५ | श्री मञ्जु कुमारी गौतम | नायब सुब्बा | गोकर्णेश्वर नगरपालिका | २०७६/०२/०५ |
| ११६ | श्री जीवनाथ आचार्य | खरिदार | लोक सेवा कार्यालय, खोटाङ्ग | २०७६/०२/०५ |
| ११७ | श्री दामोदर पुडासैनी | नायव महालेखा परीक्षक | महालेखा परीक्षकको कार्यालय | २०७६/०५/२२ |
| ११८ | श्री शम्भु कुमार श्रेष्ठ | निर्देशक | महालेखा परीक्षकको कार्यालय | २०७६/०५/२२ |
| ११९ | श्री रमा आचार्य सुवेदी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | २०७७/०६/१२ |
| १२० | श्री महेन्द्र राज काफ्ले | जिल्ला न्यायधिश | जिल्ला अदालत, सोलुखुम्बु | २०७७/०६/१२ |
| १२१ | श्री कृष्ण प्रसाद चापागाँइ | प्रमुख प्रशाशकीय अधिकृत | सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु | २०७७/०६/१२ |

| | | | | |
|---|---|---|---|---|
| १२२ | श्री दिनेश शर्मा पंगेनी | प्रहरी नायब उपरिक्षक | सशस्त्र प्रहरी आश्रीत गुल्म, सोलुखुम्बु | २०७७/०६/१२, २०७८/०६/०७ |
| १२३ | श्री प्रल्हाद सापकोटा | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलु | २०७७/०६/१२ |
| १२४ | श्री देवेन्द्र खतिवडा | प्रहरी अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सोलु | २०७७/०६/१२, २०७८/०६/०७ |
| १२५ | श्री श्रीराम खनाल | निमित्त जिल्ला न्यायधिवक्ता | जिल्ला सरकारी वकिलको कार्यालय | २०७७/०६/१२ |
| १२६ | श्री अरुण सापकोटा | शाखा अधिकृत | | २०७७/०६/१२ |
| १२७ | श्री मोहन घिमिरे | श्रेस्तेदार | जिल्ला अदालत, सोलुखुम्बु | २०७७/०६/१२ |
| १२८ | श्री सन्जिव अधिकारी, श्री विराज कट्टेल | | जल तथा मौसम विज्ञान विभाग | २०७७/०६/१६ |
| १२९ | श्री उदय वि.सी. | | रियल टाइम सोलुसन प्रा.ली. | २०७७/०६/१६ |
| १३० | श्री ध्रुव कार्की | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ्ग | २०७७/०६/१७ |
| १३१ | श्री विदुर प्रसाद सुवेदी | लेखापाल | कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ्ग | २०७७/०६/१७ |
| १३२ | श्री विष्णु प्रसाद ज्ञवाली | उपसचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७७/१२/२९ |
| १३३ | श्री चिरञ्जीवी गौतम | शाखा अधिकृत | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७७/१२/२९ |
| १३४ | श्री अच्युत प्रसाद पुडासैनी | शाखा अधिकृत | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०७७/१२/२९ |
| १३५ | श्री गणेश विक्रम शाही | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | २०७८/०६/०७ |
| १३६ | श्री कविता कटवाल | प्रहरी नायब उपरिक्षक | जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु | २०७८/०६/०७ |
| १३७ | श्री सुजन कुमारी बर्देवा | कार्यालय प्रमुख | सीमा प्रशासन कार्यालय, नाम्चे | २०७८/०६/०७ |
| १३८ | डा. जगदीश पाण्डेय | वरिष्ठ पशु विकास अधिकृत | राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, हरिहरभवन | २०७८/०८/०३ |
| १३९ | मा. सपना प्रधान मल्ल | न्यायाधीश | सर्वोच्च अदालत | २०७८/११/१८ |
| १४० | श्री भुवन पौडेल | शाखा अधिकृत | परराष्ट्र मन्त्रालय | २०७९/०२/०१ |
| १४१ | श्री राजाराम दाहाल | उपसचिव | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७९/०२/०५ |
| १४२ | श्री कमल प्रसाद मिश्र | शाखा अधिकृत | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २०७९/०२/०५ |
| १४३ | श्री रचना प्रधान | शाखा अधिकृत | युवा तथा खेलकुद मन्त्राय | २०७९/०२/०५ |
| १४४ | श्री जय मुकुन्द खनाल | पूर्व सचिव | कृषि विकास मन्त्रालय | २०७९/०२/१२ |
| १४५ | श्री फडिन्द्र खत्री | लेखापाल | कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलु | २०७९/०२/१२ |
| १४६ | श्री छत्रपती निरौला | निर्देशक | महालेखा परीक्षकको कार्यालय | २०७९/०५/०८ |
| १४७ | श्री नारायण प्रसाद आचार्य | लेखा परीक्षण अधिकारी | महालेखा परीक्षकको कार्यालय | २०७९/०५/०८ |
| १४८ | श्री भानुभक्त चापागाई | लेखा परीक्षण अधिकारी | महालेखा परीक्षकको कार्यालय | २०७९/०५/०८ |
| १४९ | श्री कपिल पोखरेल | कम्प्युटर अपरेटर | महालेखा परीक्षकको कार्यालय | २०७९/०५/०८ |
| १५० | श्री श्यामलाल ज्ञवाली | प्रहरी नायब महानिरिक्षक | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | २०७९/०७/२७ |
| १५१ | श्री अनिल खनाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | २०७९/०८/२० |
| १५२ | श्री विरेन्द्र खनाल | प्रहरी नायब उपरिक्षक | सशस्त्र प्रहरी आश्रीत गुल्म, सोलुखुम्बु | २०७९/०८/२० |
| १५३ | श्री नवराज भट्टराई | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलु | २०७९/०८/२० |
| १५४ | श्री रामनारायण साह | कार्यालय प्रमुख | जिल्ला निर्वाचन कार्यालय, सोलुखुम्बु | २०७९/०८/२० |
| १५५ | डा. माधव प्रसाद अर्याल | प्रमुख | राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, ललितपुर | २०७९/०८/२६ |
| १५६ | डा, कृष्ण राज पाण्डे | प्रमुख | राष्ट्रिय खोरेत तथा सीमा विहिन रोग अनुसन्धान प्रयोगशाला, बुढानिलकण्ठ | २०७९/०८/२६ |
| १५७ | डा, धर्म राज गिरी | पशु विकास अधिकृत | राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, ललितपुर | २०७९/०८/२६ |
| १५८ | डा, सुरज सुवेदी | पशु चिकित्सक | पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर | २०७९/०८/२६ |

## २०७२ सालको भुकम्पको कारण क्षतीग्रस्त संरचनाहरु









## २०७९ माघमा आएको हावाहुरीका कारण क्षतीग्रस्त संरचनाहरु










फार्म प्रबन्धकको पुरानो क्वार्टर

# इतिहासका पाना


श्री ५ को सरकार
खाद्य, कृषि मन्त्रालय
पशु विकास तथा पशु स्वास्थ्य विभाग
हरिहर भवन,
ललितपुर ।


His Majesty's Government
Ministry of Agriculture
DEPARTMENT OF ANIMAL DEVELOPMENT & ANIMAL HEALTH
LIVESTOCK DEVELOPMENT FARM
Solukhumbu
FARM EVALUATION
&
TECHNICAL DOCUMENT
2040/41
Submitted by
Prakash Bista
Act. Livestock Development Officer


श्री ५ को सरकार
कृषि मन्त्रालय
पशु सेवा विभाग
क्षेत्रीय पशु सेवा निर्देशनालय
पशु विकास फार्म, सोलुखुम्बु
आ. व. २०४७।४८ को
वार्षिक प्रगति प्रतिवेदन
प्रस्तुतकर्ता
कृष्ण प्रसाद शर्मा


सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय




पशु विकास फार्म




पशु विकास फार्म, स्याङबोचे


राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं

## हिमाली आयोजनाका पदाधिकारीबाट अनुगमन





## रोग सर्भिलेन्स कार्यक्रम अन्तर्गत नमूना संकलन







रोग सर्भिलेन्स कार्यको लागि केन्द्रबाट आउनुभएका पदाधिकारीहरु



नाकलाई औषधि खुवाउन नियन्त्रण गरिदै



याकनाकलाई गोठ स्थानान्तरण गरिदै



करार सेवा अन्तर्गत कार्यरत केन्द्रका कर्मचारीहरु



विश्व रेबिज दिवस २०७९ को अवसरमा रणशूर गुल्म नाम्चेमा


विश्व रेबिज दिवस २०७९ को अवसरमा खुम्जुङ मावि, खुम्जुङमा


केन्द्र परिसर


विश्व रेबिज दिवस २०७९ को अवसरमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी माझ, सल्लेरीमा


स.रा. निकुञ्ज तथा इलाका प्रहरीका पदाधिकारीहरुसँग






याक तथा चौंरी प्रवर्द्धन कार्यशाला गोष्ठी २०७९, पोखरा









माननीय न्यायाधीश सपना प्रधान मल्ल




खु.पा.ल्हा. गा.पा. द्वारा उत्कृष्ट कार्यालयको रुपमा सम्मान ग्रहण गर्दै



डिङ्वोचेमा कृषकसँग अन्तरक्रिया



झोप्क्योको आँखामा समस्या



याक्पेनाक्पेलाई आलु दिईंदै



२०७९ को कार्यक्रम सार्वजनिकिकरणको क्रममा


खर्कमा याकनाक


बाच्छाले दूध खादैं


याकनाकले हे खादैं


नावाङ खर्कमा याकनाक


भिरबाट लडेर याकको मृत्यु


हे बनाउँदै


हे बनाउँदै


२०७८ मा खरिद गरिएको होरसे खर्क